“कृषि, विद्युत, पर्यटन र पूर्वाधार, राक्सिराङ्गको विकासको आधार”

# खाद्य तथा पोषण सुरक्षा रणनीति योजना

## २०७८

## राक्सिराङ्ग गाउँपालिकाको कार्यालय

**राक्सिराङ्ग, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

**प्रकाशक**

## राक्सिराङ्ग गाउँपालिकाको कार्यालय

**चैनपुर, मकवानपुर,**

**फोन नं. ९८५५०७७६०१, ९८५५०८८८६६, ९८५५०७६६४०**

**इमेलः** info@raksirangmun.gov.np

ito.raksirangmun@gmail.com

raksirang.rmc@gmail.com

**वेव साइट** : https://raksirangmun.gov.np/

**प्रकाशन मिति : बैशाख, २०७८**

**प्राविधिक सहयोग**

FIAN Nepal

**केन्द्रीय कार्यालय : घर नं. ३२ बिजुलीबजार, नयाँ बानेश्वर–१०, काठमाण्डौ, नेपाल**
**पो.ब.नं. ११३६३, फोन नं. ०१४७८१६५४, ४७८३९६५ फ्याक्स : ०१४७८२२२३**
**ईमेल : info@fiannepal.org, www.fiannepal.org**

# शुभकामना

# शुभकामना

# शुभकामना

# विषय सूची

अनुसुचि १ - गाउँपालिकाको विषयगत वार्षिक कार्ययोजना
अनुसुचि २ - योजना तर्जुमा कार्यदल सदस्यको विवरण

# परिच्छेद : १
# परिचय तथा पृष्ठभूमि

## १ परिचय

### १.१ गाउँपालिकाको पृष्ठभूमिः

राक्सिराङ्ग गाउँपालिका बागमती प्रदेश अर्न्तगत मकवानपुर जिल्लाको उत्तर पश्चिम भागमा अवस्थित छ । कुल जनसङ्ख्या २६,१२२,[1] छ भने कुल क्षेत्रफल २२६.७ बर्ग किमि र जनघनत्व १११.१२ वर्ग कि.मी रहेको छ । यस गाउँपालिका वि.सं. २०७३ साल फाल्गुण २७ गते साविकको राक्सिराङ्ग, खैराङ, सरिखेत र काँकडा गा.वि.स.लाई मिलाएर स्थापना भएको हो । यस गाउँपालिकाको पुर्वमा हेटौडा उप-महा नगरपालिका र कैलाश गाउँपालिका, पश्चिममा चितवन जिल्लाको राप्ती नगरपालिका, दक्षिणमा मनहरी गाउँपालिका र उत्तरमा कैलाश गाउँपालिका र धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका पर्दछन् ।

भौगोलिक विविधतासँगै यहाँको हावापानी पनि मौसम अनुरुप फरक/फरक रहेको छ । पाहाडको तल्लो भाग (बेसी) क्षेत्रमा उष्ण, पहाडी भेगमा समशितोष्ण र महाभारत पहाड क्षेत्रमा शितोष्ण प्रकारका हावापानी पाइन्छन् । साधारणतया जेठको अन्त्यमा र असार देखि भाद्र महिनासम्म मनसुनको प्रभावले प्रर्याप्त वर्षा हुन्छ भने पुष माघ तिर उत्तरी वायुको प्रभावले फाटफुट वर्षा हुन्छ, यहाँको औषत वार्षिक वर्षा २२०० मि.लि.सम्म हुन्छ । यस क्षेत्रको तापक्रम गर्मी याममा सामान्यतया अधिकतम ३५ डिग्री सेल्सियससम्म र जाडोमा न्यूनतम ५ डिग्री सेल्सियससम्म तथा औसतमा १८ डिग्री सेल्सियस तापक्रम रहने गरेको छ । यो गाउँपालिका समुन्द्री सतहवाट ३०० मिटर उचाईदेखि २३०० मिटर को उचाईसम्म फैलिएको छ ।

यस गाउँपालिकामा २०६८ सालको जनगणना अनुसार जम्मा घरपरिवार ४,५५७ र जनसंख्या २६,१९२ रहेको थियो भने विं. सं २०७५ को घरधुरी सर्वेक्षणमा घरपरिवार संख्या र जनसंख्या बढेर क्रमशः ४,९४६ र ३०,८३० पुगेको छ । वि.सं. २०६८ देखि २०७३ सम्मको जनसंख्यालाई विश्लेषण गर्दा जनसंख्याको वृद्धिदर २.१२ रहेको पाइन्छ ।

| वर्ष | घरपरिवार | जनसंख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| २०६८ | ४५५७ | १३११० | १३०८२ | २६१९२ |
| २०७५ | ४९४६ | १५८०१ | १५०२९ | ३०८३० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५ तथा राष्ट्रिय जनगणना २०६८

गाउँपालिकामा जनसंख्याको बनावट तथा पारिवारिक संरचनाको आधारमा पुरुष घरमुली भएको परिवार अत्यधिक रहेको छ भने महिला घरमुली भएको परिवार कम मात्रमा रहेका छन् । ९ वटा वडा रहेको यस गाउँपालिकाको **०.१७** प्रतिशत जनसंख्यालाई मात्र आफ्नो उत्पादनले वर्ष भरी खान पुग्ने अवस्था घरधुरी सर्वेक्षण, २०७५ ले देखाएको छ[2] । यस पालिकामा प्राय सबै जातजातिको बसोबास रहेको भएतापनि सबैभन्दा बढी बसोबास तामाङ्ग (५१.८%) र चेपाङ्ग (३७%) क्षेत्री (६.१%), दलित (२.५%), मगर (१.५%) नेवार (०.७%) र ब्राम्हण/क्षेत्री (०.३%) रहेका छन ।

### १.२ खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी सैद्धान्तिक अवधारण

विश्वमा विद्यमान 'भोकमरी तथा कुपोषण' समस्या सम्बोधनका लागि खाद्यसँग सम्बन्धित तिनवटा अवधारणाहरु "खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता" प्रयोगमा आईरहेका छन । नेपालको सन्दर्भमा, नेपालको संविधान २०७२ को धारा ३६ ले खाद्य सम्बन्धी मौलिक हक अन्तर्गत खाद्यका तीनवटै पक्षलाई समेटेको छ भने यस अधिकारको व्यावहारिक कार्यान्वयनका लागि बनेको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" समेत खाद्यका तीनवटै पक्षलाई समेटी निर्माण भएको छ।

[1] २०६८ सालको जनगणना अनुसार
[2] घरधुरी सर्वेक्षण २०७५

**क. खाद्य अधिकार अवधारणा :**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले 'स्तरीय जीवनको अधिकार भित्र खाद्य अधिकारलाई समावेश गरी औपचारिक रुपमै व्यक्तिको मानव अधिकार स्थापित गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ ले यसलाई कानुनी रुप प्रदान गरेको थियो । पछि "संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति, १९९९" को साधारण टिप्पणी नं. १२ ले आधिकारिक परिभाषा तथा यस सम्बन्धमा राज्यको दायित्वलाई व्याख्या गरी थप स्पष्ट पारेको छ । खाद्य अधिकार 'प्रत्येक व्यक्तिले सम्मान पूर्वक स्वस्थ र सक्रिय जीवन जिउनको लागि दिगो रुपमा पर्याप्त, पोषणयुक्त, सुरक्षित र संस्कृति जन्य खाना खान पाउने अधिकार' हो । यो कानुनी अवधारणा हो जसले हरेक व्यक्तिलाई पर्याप्त खाद्य प्राप्त गर्ने स्रोतमाथिको पहुँच सुनिश्चितताको लागि 'कानुनी हकको' सुनिश्चितता गर्दछ भने यस सम्बन्धमा राज्यलाई सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने दायित्वहरु सिर्जना गर्दछ र यो अधिकार उल्लंघन भएको खण्डमा कानुनी उपचार प्राप्त गर्ने संयन्त्रको समेत व्यवस्था गर्दछ । अतः खाद्य अधिकार राज्यद्वारा व्यक्ति वा समूहले आफूलाई आवश्यक खाद्य मर्यादित रुपमा आफैंले उत्पादन वा खरिद गरी व्यवस्थापन गर्न सक्षम हुने कुराको सुनिश्चितता गर्नु हो र त्यसको लागि राज्यले सोही बमोजिम कायक्रम, नीति, नियम तथा कार्यक्रमहरु बनाई 'अनुकूल वातावरण' निर्माण गर्नु हो । तर, व्यक्ति वा परिवारले आफूसँग उपलब्ध स्रोतसाधन र क्षमता प्रयोग गरी आवश्यक खाद्य व्यवस्थापन गर्न नसक्ने अवस्था भएमा वा नियन्त्रण बाहिरको परिस्थिति (सशस्त्र द्वन्द्व, विपद्, बन्दाबन्दी आदि) का कारण खाद्यको पहुँचबाट बञ्चित हुन गएमा उनीहरुले आफैं खाद्य उत्पादन वा व्यवस्थापन गर्न सक्षम नहुन्जेलसम्मको लागि राज्यले खाद्य उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ ।

**खाद्य अधिकार सुनिश्चितताका आयामहरु**

'आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति' को साधारण टिप्पणी नं. १२ अनुसार व्यक्तिको खाद्य अधिकार सुनिश्चितताका लागि राज्यद्वारा निम्न ४ वटा आयामहरु प्रत्याभूति गरिनु पर्ने हुन्छ । अन्यथा राज्यले खाद्य अधिकारको सम्बन्धमा दायित्व उल्लंघन गरेको मानिन्छ ।

**(क) खाद्यको उपलब्धता:**

खाद्यको उपलब्धता खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने पहिलो अयाम हो । यसले व्यक्ति वा परिवारको लागि आवश्यक खाद्य आफैं उत्पादन गरेर वा खाद्य प्राप्तीका अन्य उपायहरु जस्तैः माछा मार्ने, शिकार खेल्ने, कन्दमुल संकलन गर्ने कार्य मार्फत उपलब्ध हुनु पर्ने कुरालाई जनाउँदछ भने अर्कोतर्फ व्यक्ति वा परिवारको लागि आवश्यक खाद्य किन्नको लागि उपलब्धता हुनुपर्ने कुरालाई जनाउँदछ ।




**(ख) खाद्यमा पहुँच:**

उपलब्ध खाद्यमाथिको पहुँच खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने दोस्रो अयाम हो । व्यक्ति वा परिवारको खाद्य वा खाद्यको स्रोतमाथिको आर्थिक तथा भौतिक दुवै पहुँच सुनिश्चित भएको अवस्थालाई 'खाद्यको पहुँच' भनिन्छ ।

- **आर्थिक पहुँचः** यसले कुनै पनि व्यक्ति तथा परिवारले आफूलाई आवश्यक पर्ने पर्याप्त खाद्य खरिद गर्न सक्ने आर्थिक क्षमतालाई जनाउँदछ । आर्थिक क्षमता सुनिश्चितताको लागि राज्यले अनुकुल वातावरण जस्तैः शिक्षा, रोजगार, सामाजिक सुरक्षा, सहुलियत ऋण, सिंचाई, मल, बिउ आदिको व्यवस्था गर्नु पर्दछ ।
- **भौतिक पहुँचः** शारीरिक तथा मानसिक रुपमा अशक्त, भौगोलिक रुपमा अति दुर्गम तथा विकट क्षेत्रका बासिन्दा,

आपतकालीन अवस्थामा रहेका व्यक्ति तथा समुदायको खाद्यमा सहज पहुँच भएको अवस्थालाई भौतिक पहुँच भएको मानिन्छ । यसले आदिवासी/जनजातिको परम्परागत पेशा, व्यवसाय र उनीहरुले परम्परागत रुपमा भोगचलन गर्दै आएको श्रोतमाथिको पहुँचलाई समेत जनाउँदछ ।

**(ग) खाद्यको पर्याप्तता:**

यो खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने तेश्रो आयाम हो । खाद्यको पर्याप्तताले उपलब्ध खाद्यको मात्रा र गुण दुवैको सुनिश्चिततालाई जनाउँदछ । मात्रात्मक सुनिश्चितता अन्तर्गत व्यक्तिको शारीरिक आवश्यकता अनुरुपको खाद्यको मात्रा तथा परिमाण र गुणात्मक सुनिश्चितता अन्तर्गत स्वच्छ, सुरक्षित, गुणस्तरीय, सांस्कृतिक रुपले स्वीकार्य पोषणयुक्त खाद्यान्न पर्दछ । उपलब्ध खाद्य व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर पार्ने हानिकारक तत्वहरू मिसावट भएको, विषादी प्रयोग भएको, म्याद नाघेको, सडेगलेको, विषाक्त पदार्थयुक्त भएको खण्डमा खाद्य अधिकार सुनिश्चित भएको मानिदैन ।

**(घ) खाद्यको दिगोपना:**

यो खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने चौथो अयाम हो । 'खाद्यको दिगोपना' ले खाद्यको उपलब्धता, पर्याप्तता र पहुँचको दिगो सुनिश्चिततालाई जनाउँदछ । खाद्यको पर्याप्तता, उपलब्धता र पहुँच केही निश्चित समयका लागि मात्र नभई वर्तमान र भविष्यका सन्ततिहरुका लागि समेत सुनिश्चित भएको खण्डमा मात्र खाद्यको दिगोपना भएको मानिन्छ ।

**खाद्य अधिकार सम्बन्धमा राज्यको दायित्व:**

संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी माहासन्धीको साधारण टिप्पणी नं. १२ अनुसार व्यक्तिको खाद्य अधिकार सुनिश्चितताको लागि राज्यले मूलतः निम्न ३ किसिमका दायित्वहरु पुरा गर्नुपर्दछ ।

**क.सम्मान गर्ने दायित्व:**

राज्यद्वारा व्यक्ति वा समुदायको खाद्य उत्पादनको विद्यमान श्रोतमाथिको पहुंचलाई हस्तक्षेप नगर्नु नैं 'सम्मान गर्ने दायित्व' हो । जस्तैः राज्यद्वारा खाद्य उत्पादनका स्रोतहरू - जल, जमिन, जंगल वा अन्य स्रोतमाथिको पहुँच घटाउने वा प्रतिबन्ध लगाउने, व्यक्ति वा समुदायले उपभोग तथा बसोवास गर्दै आएको जमिनबाट पर्याप्त क्षतिपूर्ति, पुनर्वास वा पुनर्स्थापना बिना जबर्जस्ती विस्थापित गर्ने आदि जस्ता कार्यहरु गरेमा वा त्यस्ता किसिमका पश्चगामी कानुन, नीति तथा कार्यक्रमहरुको निर्माण र कार्यान्वयन गरेमा सम्मान गर्ने दायित्वको उल्लघंन गरेको मानिन्छ ।

**ख. संरक्षण गर्ने दायित्व:**

राज्यद्वारा व्यक्ति वा समुदायको खाद्य उत्पादनको विद्यमान श्रोतमाथिको पहुँचमा कुनै तेस्रो पक्षबाट हुनसक्ने हस्तक्षेपबाट संरक्षण प्रदान गर्नु नैं 'संरक्षण गर्ने दायित्व' हो । जस्तैः जल, जमीन र जङ्गलको उपभोगबाट बञ्चित गराउने, श्रमिकलाई उचित ज्याला नदिने, पानी प्रदुषित गर्ने, पानीको मुहान छेक्ने, खाद्य बस्तुमा मिसावट तथा कम गुणस्तरको खाद्य बस्तु बिक्रि बितरण गर्ने, आदि जस्ता अवस्थाबाट संरक्षण गर्न राज्यले प्रभावकारी नियमन तथा सो सम्बन्धमा आवश्यक कानुनको निर्माण गरी व्यक्तिको खाद्य अधिकार संरक्षण गर्नु पर्दछ ।

**ग. परिपूर्ति गर्ने दायित्व :**

परिपूर्ति गर्ने दायित्व अन्तर्गत राज्यले दुई प्रकारका नीतिगत प्रावधानहरु कार्यान्वयन गर्नु पर्दछ ।

- **सहजीकरण गर्ने दायित्व:** यस दायित्व अन्तर्गत राज्यले खाद्य अधिकारको जोखिममा रहेका व्यक्ति तथा समुदायको पहिचान गरी त्यस्ता व्यक्ति तथा समुदायले आफुलाई आवश्यक खाद्य आफैंले व्यवस्था गर्न 'सक्षम' हुनका लागि 'बिशेष नीति तथा कार्यक्रम' मार्फत खाद्य उत्पादनका स्रोत साधनहरुमाथि निरन्तर पहुँच बढाउन सहजीकरण गर्नु पर्दछ । जस्तैः भूमिहीन किसानलाई भूमी, बीउविजन, सिंचाई, प्रविधि, सामाजिक सुरक्षा, किसान सहायता परिचयपत्र वितरण, आयस्रोतमा अनुदान सुनिश्चितता गर्नु आदि ।
- **उपलब्ध गराउने दायित्व:** यस दायित्व अन्तर्गत राज्यले यदी कुनै व्यक्ति वा समुदाय जो आफुसँग उपलब्ध स्रोतसाधनको प्रयोग गरी आफूलाई आवश्यक खाद्य आफैं जोहो गर्न असमर्थ भएमा वा नियन्त्रण बाहिरको परिस्थितिका कारण आफ्नो जीविका गर्न नसक्ने अवस्था भएमा उनीहरुलाई सोभ्कै खाद्य उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नु पर्दछ । यस अन्तर्गत कुनै पनि व्यक्ति भोकमरी र कुपोषणको अवस्थाबाट प्रताडित हुन नपरोस

भन्ने कुराको सुनिश्चितता गराउने न्यूनतम दायित्व पर्दछ । जस्तैः आपतकालीन अवस्थामा रहेका व्यक्ति वा परिवारलाई अस्थायी रुपमा खाद्य वितरण, निःशुल्क दिवा खाजा आदि ।

**खाद्य अधिकारको अन्य अधिकारसँगको अन्तर्सम्बन्ध**

खाद्य अधिकार अन्य अधिकारहरुको उपभोगको लागि अपरिहार्य अधिकार हो भने खाद्य अधिकारको उपभोगको लागि अन्य आधारभूत अधिकारहरुको समेत प्रत्याभूती हुनु आवश्यक छ ।




**ख. खाद्य सुरक्षा अवधारणाः**

'खाद्य सुरक्षा' अवधारणा समयक्रमसंगै निरन्तर रुपमा परिमार्जित तथा विकसित हुँदै गइरहेको छ । यस अवधारणाको शुरुवातमा खाद्य सुरक्षालाई अन्तर्राष्ट्रिय स्तरमा खाद्यान्नको उत्पादन र आपूर्तिको रुपमा बुझिन्थ्यो भने १९७० को दशकको अन्त्यसम्म आईपुग्दा यसलाई 'राष्ट्रिय स्तरमा खाद्यान्नको आपूर्ति तथा कृषि उत्पादन वृद्धिको लक्षको रुपमा लिई आपूर्ति र उत्पादनमुखी नीतिहरुको निर्माणमा केन्द्रित हुनु पर्छ' भन्ने बुझाईको विकास हुन गयो । सन् १९८० को दशकमा उत्पादनमुखी नीति तथा हरित क्रान्तिका कारण विश्व खाद्य उत्पादनमा व्यापक वृद्धि हुन गयो । तथापी विश्वमा भोकमरी तथा कुपोषणको अवस्था अत्यधिक बृद्धि भैरहेको तथ्याङ्कहरुले देखाएको थियो जसका कारण उत्पादनमुखी नीति भोकमरी तथा कुपोषणको समस्यालाई समाधान गर्न प्रभावकारी नभएको प्रमाणित भयो ।

सन् १९८१ मा अमार्त्य सेनद्वारा **"गरिवी तथा भोकमरी"** विषयमा गरेको अध्ययनले भोकमरीको मुख्य कारण खाद्यान्नको कमी नभई उपलब्ध खाद्यान्नमाथि व्यक्ति तथा समुदायको पहुँच नभएर हो भन्ने निष्कर्ष देखायो । सो अध्ययन पश्चात खाद्य सुरक्षाको बहसमा 'पहुँच' को आयामले प्रवेश पायो । फलतः १९९६ को विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षाको परिभाषामा 'पहुँच' लाई अभिन्न अङ्गको रुपमा स्वीकार गरि परिमार्जित परिभाषा दियोः **"खाद्य सुरक्षा तब सुनिश्चित हुन्छ जब सबैलाई स्वस्थ र सक्रिय जीवन जिउन आवश्यक पर्ने आहार र खानपानको छनौट अनुसार दिगो रुपमा पर्याप्त, सुरक्षित एवं पोषणयुक्त खाद्यमा भौतिक र आर्थिक पहुँच हुने गर्दछ"** । खाद्य सुरक्षा अवधारणाले समाजमा रहेको खाद्यको आवश्यकता तथा उक्त खाद्यमा चाहिने पोषणको सुनिश्चितालाई ईंगित गर्दछ भने यसको लागि लक्ष्यहरुको निर्धारण र लक्ष्य प्राप्तिको लागि आवश्यक नीति तथा कार्यक्रमहरु कार्यान्वयनको माग गर्दछ ।

**खाद्य सुरक्षाका आयामहरुः**

खाद्यको उपलब्धता, पहुँच, उपयोग र दिगोपना खाद्य सुरक्षाका ४ आयामहरु हुन् । यी आयामहरू सुनिश्चित भएको खण्डमा मात्र व्यक्ति खाद्य सुरक्षित भएको मान्न सकिन्छ ।




- **खाद्यको उपलब्धताः** यो खाद्य सुरक्षा हुनको लागि चाहिने पहिलो अयाम हो । खाद्यको उपलब्धता भन्नाले खाद्य सुरक्षालाई सुनिश्चित गर्नको लागि आन्तरिक उत्पादन, आयात, भण्डारण वा खाद्य सहायताका माध्यमद्वारा पर्याप्त मात्रामा गुणस्तरीय खाद्य

पदार्थको भौतिक उपलब्धतालाई जनाउँदछ । यसले उत्पादक र उपभोक्ताबिचको सम्बन्ध स्थापित गर्नको लागि बजार प्रणालीको विद्यमानतालाई समेत जनाउँदछ ।

- **खाद्यमा पहुँचः** यो खाद्य सुरक्षा हुनको लागि चाहिने दास्रो अयाम हो । खाद्यमा पहुँच भन्नाले कुनै परिवारको आफूलाई चाहिने पर्याप्त खाद्यान्न सधैं प्रबन्ध गर्नसक्ने क्षमतालाई जनाउँछ । यसका भौतिक र आर्थिक पहुँच गरी दुईपक्ष छन् । भौतिक पहुँचले व्यक्ति वा घरधुरी जुन ठाउँमा बसोबास छ त्यही ठाउँमा खाद्य उपलब्ध हुने अवस्थालाई जनाउँछ भने आर्थिक पहुँचले खाद्य आवश्यकता पूरा गर्नका लागि भौतिक रुपमा उपलब्ध खाद्य नियमित रुपमा खरिद गर्न सक्ने एउटा परिवारको आर्थिक क्षमतालाई जनाउँदछ । खाद्य वस्तु पर्याप्त मात्रामा उपलब्ध छ तर क्रय शक्ति छैन भने उपलब्ध खाद्यान्नमा पहुँचमा नहुन सक्छ र त्यसलाई खाद्य असुरक्षाको अवस्थाको रुपमा लिईन्छ ।
- **खाद्यको उपयोगः** यो खाद्य सुरक्षा हुनको लागि चाहिने तेस्रो अयाम हो । खाद्यको उपयोग भन्नाले पर्याप्त खाद्य, सफा पानी, सरसफाई र स्वास्थ्य सेवाको माध्यमबाट उपयुक्त पोषणको स्थिति प्राप्त गर्नका लागि 'खाद्यान्नको उचित प्रयोग गर्ने क्षमता' लाई जनाउँछ । यसले खाद्य सुरक्षाको लागि आवश्यक गैह्र खाद्य पक्षको महत्वलाई देखाउँछ । यस अन्तर्गत खाद्य वस्तुको छनौट, संकलन, भण्डारण, संरक्षण, प्रशोधन, तयारी, पोषण सम्बन्धी ज्ञान तथा आनिबानि आदि जस्ता कुराहरु पनि पर्दछन ।
- **खाद्यको दिगोपनाः** यो खाद्य सुरक्षा हुनको लागि चाहिने चौथो अयाम हो । खाद्यको दिगोपनाले खाद्य सुरक्षाको तीनवटै आयामहरु एकैनासले निरन्तर हुनुपर्दछ भन्ने बुझिन्छ । अर्थात यी ३ वटै आयामहरुको सुनिश्चितता केवल एक क्षण वा एक दिन वा एउटा मौसमको लागि मात्र नभई दिगो रुपमा स्थायी तवरले सुनिश्चित भएमा मात्र खाद्य सुरक्षा भएको मानिन्छ ।

### ग. खाद्य सम्प्रभुता अवधारणाः

खाद्य सम्प्रभुता एक राजनैतिक एवं आर्थिक अवधारणा हो, जसलाई खाद्य, खाद्य प्रणाली (उत्पादन, वितरण र उपभोग) तथा सोसँग सम्बन्धित नीतिको सम्बन्धमा राष्ट्र र किसान स्वयंले परिभाषा, निर्णय र कार्यान्वयन गर्न पाउने अधिकारको रुपमा लिईन्छ । यसले खाद्यान्न उत्पादनकर्ता तथा किसानलाई खाद्य प्रणाली एवं नीतिको केन्द्रमा राख्दछ भने 'खाद्य प्रणालीमा' स्थानीयको लोकतान्त्रिक नियन्त्रण' हुनुपर्ने कुरालाई जोड दिन्छ । कृषि तथा खाद्य प्रणालीमा बहुराष्ट्रिय कम्पनीहरुको भन्दा पनि निर्वाहमूखि उत्पादनकर्ता र कृषकको अधिकारको वकालत गर्छ । साथै वातावरणीय तथा आर्थिक दिगोपना सुनिश्चित गर्दै स्थानीय खाद्य उत्पादनकर्ता, वितरक तथा उपभोक्ताको शसक्तीकरण गर्ने कुरामा जोड दिन्छ । यसले खाद्य अधिकार तथा सोको लागि आवश्यक पर्ने स्वच्छ, स्वस्थ, वातावरणीय रुपमा दिगो खाद्यान्न उत्पादन र प्राप्तिको अधिकारलाई महत्व दिन्छ ।

### खाद्य सम्प्रभुताका स्तम्भहरुः

खाद्य सम्प्रभुता सुनिस्चित हुनका लागि निम्न ६ वटा स्तम्भहरु हुन आवश्यक छ :




- **"खाद्य" मानवको लागि पहिलो प्राथमिकताः** खाद्य सम्प्रभुताले खाद्यलाई अन्तर्राष्ट्रिय कृषि व्यापारको बस्तुको रुपमा मात्र नहेरी एक आधारभूत मानव अधिकारको रुपमा हेर्दछ ।
- **खाद्य उत्पादनकर्तालाई विशेष महत्वः** खाद्य सम्प्रभुताले महिला, पुरुष, वास्तविक तथा साना किसान, चरिचरक, मछुवार, वनमा आश्रित समुदाय, आदिवासी जनजाती, कृषि मजदुर आदि जस्ता खाद्य उत्पादनकर्ताको श्रमको सम्मान गरी दिगो जीविकोपार्जनका लागि विशेष महत्व दिन्छ । यसले खाद्य उत्पादनकर्ताको जीविकोपार्जनलाई नकारात्मक प्रभाव पार्ने नीति, कार्य तथा कार्यक्रमलाई अस्वीकार गर्दछ ।

- **खाद्य प्रणालीको स्थानीयकरणः** खाद्य सम्प्रभुताले स्थानीय बजार मार्फत खाद्य उत्पादनकर्ता र उपभोक्ताबिच निकटम सम्बन्ध स्थापित गरी उनीहरुलाई खाद्य सम्बन्धी सवालहरुको संुयक्त निर्णय प्रक्रियालाई केन्द्रमा राख्दछ । अनुत्तरदायी व्यापारिक संस्थाहरुमाथिको निर्भरतालाई प्रवर्द्धन गर्ने किसिमका राज्यका संरचना, सन्धि सम्झौता एवं दीर्घकालीन तथा न्याय संगत नहुने नीति, नियम वा अभ्यासहरु समेतलाई अस्वीकार गर्दछ ।
- **उत्पादनको स्रोतमाथि स्थानीयको उपभोग तथा नियन्त्रणको अधिकारः** खाद्य सम्प्रभुताले भूमि, बीउबिजन, पानी, चरिचरन, पशु, मत्स्यक्षेत्र आदि जस्ता उत्पादनको स्रोतमाथिको उपभोग, नियन्त्रण तथा संरक्षणको अधिकार स्थानीय उत्पादनकर्तामा हुनु पर्दछ भन्ने मान्यता राख्दछ । यसले कानुन, व्यापारिक करार तथा बौद्धिक सम्पत्तिको माध्यमबाट प्राकृतिक श्रोतहरुको निजिकरणलाई अस्वीकार गर्दछ ।
- **स्थानीय परम्परागत ज्ञान, सीप र प्रविधिको प्रवर्द्धन र संरक्षणः** खाद्य सम्प्रभुताले खाद्य उत्पादनकर्ता र उनीहरुको संगठनमा भएको स्थानीय परम्परागत ज्ञान, शिप र प्रविधिलाई खाद्य प्रणालीको केन्द्रमा राख्दछ र स्थानीय खाद्य प्रणालीलाई कमजोर गर्ने खालका प्रविधिहरुलाई अस्वीकार गर्दछ ।
- **प्रकृतिसँगै काम गर्नेः** खाद्य सम्प्रभुताले कृषि पर्यावरणमा क्षति नपुग्ने गरी जैविक विविधतामैत्री कृषि प्रणालीमा जोड दिन्छ । यसले पर्यावरणलाई अधिकतम प्रवर्धन गर्ने खालका कृषि प्रविधिहरुलाई प्राथमिकता दिन्छ भने पर्यावरण प्रणालीमा हानि पुऱ्याउने प्रविधिहरुलाई अस्वीकार गर्दछ ।

**१.३ भोकमरी र गरिबीको बिद्यमान अवस्था :**

विश्वमा विद्यमान खाद्य उत्पादनले हाल रहेको सम्पूर्ण जनसङ्ख्यालाई यथेष्ट रूपमा खान पुग्छ । तर खाद्य तथा कृषि संगठनले सार्वजनिक गरेको विश्वको खाद्य सुरक्षा तथा पोषणको अवस्था सम्बन्धी प्रतिवेदन २०२० अनुसार झण्डै ६९० मिलियन (कुल जनसंख्याको ८.९ प्रतिशत) मानिसहरू भोकमरी सहेर बाँच्न बाध्य छन । कोभिड १९ का कारण सन् २०२० मा विश्वका थप १९० मिलियन मानिसहरु गम्भीर भोकमरीको चपेटामा परेका छन् । एशिया सबै भन्दा बढी भोकाहरुको स्थल (३८१ मिलियन) र त्यसपछि अफ्रिका महादेश (२५० मिलियन) रहेका छन् । साना किसान, गोठाला तथा मछुवारहरुले विश्वलाई आवश्यक पर्ने करिब ७० प्रतिशत खाद्य आपुर्ति गर्दछन् तर यीनै खाद्य उत्पादकर्ताहरु खाद्य असुरक्षित छन । हरेक ९ मा १ जना मानिस हरेक दिन भोकै सुत्ने अवस्था छ । भोकमरीसँग सम्बन्धित रोगका कारण ५ सेकन्डमा १ बालकको मृत्यु हुन्छ ।

त्यसैगरी नेपालको भोकमरी तथा गरिबीको अवस्था केलाउँदा दक्षिण एशियाली देशहरूको तुलनामा नेपालको अवस्था कमजोर छ । करिब १८.७% जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि बाँचिरहेका छन् भने बहुआयामिक गरिबी २८.६ प्रतिशत रहको छ । त्यसमध्ये झण्डै १९.६२ प्रतिशत प्रदेश-१, ४७.८९ प्रतिशत प्रदेश-२, १२.२४ प्रतिशत बागमती प्रदेश, १४.१९ प्रतिशत गण्डकी प्रदेश, २९.९२ प्रतिशत लुम्बिनी प्रदेश, ५१.२२ प्रतिशत कर्णाली प्रदेश र २८.६२ प्रतिशत मानिसहरू सुदुर पश्चिम प्रदेशमा छन्[3] । यसरी भोकमरी र गरिबीको अवस्था हेर्दा यसबाट प्रभावितहरूको सङ्ख्या बढ्ने क्रममा छ ।

भोकमरी र गरिबीको विश्लेषण गर्दा शक्ति र पहुँचले यसलाई ठुलो प्रभाव पारेको देखिन्छ । बालबालिका, जेष्ठ नागरिक, फरक शारीरिक/मानसिक अवस्था भएका मानिसहरू तुलनात्मक रूपमा खाद्य सुरक्षाको कोणबाट उच्च जोखिममा छन् । भोकमरीको प्रत्यक्ष सम्बन्ध गरिबीसँग जोडिएको हुन्छ । स्रोत साधनको अभाव र उत्पादनका स्रोत माथिको पहुँचमा ह्रास हुँदै जाँदा गरिबीले खाद्य असुक्षा र खाद्य अधिकारबाट बञ्चित गराँउँदै लैजान्छ । खाद्य सुरक्षा र खाद्य अधिकारका विषयमा विश्लेषण गर्दा समस्या खाद्य




[3] नेपाल वहुआयामिक गरिबी सूचाङ्कांक २०१९

तथा खाद्य उत्पादनका स्रोत र साधनमाथिको पहुँच, वितरण प्रणाली, र न्यायोचित भू-उपयोग नीतिमा निर्भर रहन्छ । मानव अधिकार मानिसको आधारभूत अधिकार हो भने खाद्य आधकार मानवको मौलिक हक हो । हरेक मानिसले आत्मसम्मानका साथ मर्यादित जीवन बाँच्न पाउँनु पर्दछ, यो हरेक मानिसको नैसर्गिक अधिकार हो ।

### १.४ खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नीतिगत प्रावधानः

नेपाल सरकारले खाद्य अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता अनुरूप संवैधानिक तथा कानुनी व्यवस्थाहरू गरेको छ । नेपालको संविधान २०७२ को धारा ३६ ले खाद्य अधिकारलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ भने यस हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी गरिसकेको छ । त्यस्तै कृषि विकास रणनीति (२०१५-२०३५) ले कृषि क्षेत्रलाई व्यावसायिकरण गरि आर्थिक बृद्धीलाई गतिदिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने रहेको छ । बहुक्षेत्रीय पोषण योजना २०७५/७६ देखि २०७९/८० निमार्ण भई कार्यान्वयन भइरहेको, जसको उद्देश्य ३६ प्रतिशत पुड्का बालबालिकालाई सन् २०२५ भित्रमा २४ प्रतिशत र २०३० सम्ममा १४ प्रतिशतमा झार्नु रहको छ । त्यस्तै खाद्य तथा पोषण सुरक्षा कार्ययोजना २०१३-२०२२ कार्यान्वियनमा रहेको छ जसको मुख्य उद्देश्य गरीब एवं सिमान्तकृत घरधुरीहरुको पोषण स्थीतिमा सुधार ल्याउने र खाद्य एवंम जिविकोपार्जनका सुरक्षा सुनिश्चित गर्ने रहेको छ । नेपालले दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्म भोकमरीलाई शून्यमा झार्ने लक्ष्य राखेको छ भने सन् २०२५ को अन्त्य सम्ममा नेपाली जनताको खाद्य अधिकार सुनिश्चित गर्दै नेपाललाई भोकमरी कुपोषण मुक्त बनाउने उद्देश्यले शून्य भोकमरी राष्ट्रिय कार्ययोजना, २०१६-२०२५ (Zero Hunger Challenge Plan of Action) लागू गरेको छ ।

### १.५ खाद्य तथा पोषण सुरक्षा योजनाको सान्दर्भिकता, औचित्य तथा उद्देश्य

वर्तमान नेपालको संविधानद्धारा स्थानीय सरकारलाई प्रदत्त एकल अधिकार अन्तर्गत कृषि, भू-व्यवस्थापन, वन, वातावरण, सरसफाई तथा खाद्य सुरक्षाका क्षेत्रहरू पर्दछन् । खाद्य सुरक्षा तथा सम्प्रभुताको अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" सङ्घीय संसदले जारी गरिसकेको छ । प्रत्येक नागरिकलाई खाद्य सुरक्षा तथा खाद्य उत्पादनको स्रोतमाथि अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरूको तर्जुमा गरी भोकमरी तथा गरिबीको अवस्थाबाट मुक्त गर्नु पर्नेछ । नेपाल सरकारको "संवृद्ध नेपाल, सुखी नेपाली" भन्ने नाराको उद्देश्य पुरा गर्न र सन् २०२५ सम्म शून्य भोकमरी तथा आर्थिक रूपान्तरण आवश्यक भएकोले यस गाउँपालिकाले खाद्य तथा पोषण सुरक्षा योजना तर्जुमा गरेको छ । यस योजनाले गाउँपालिकाको सम्पूर्ण नागरिकको खाद्य सुरक्षा तथा खाद्य अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको सुनिश्चिता गर्नेछ ।

खाद्य मानवको लागि पहिलो प्राथमिकता भएकोले समग्र कृषि क्षेत्र व्यापारको बस्तुको रुपमा मात्र नभई आधारभूत मानव अधिकारको रुपमा रहेको छ । खाद्य उत्पादनका साधन/ श्रोत (जल, जमिन, जंगल तथा प्राकृतिक श्रोत) माथिको पँहुच तथा महिला, पुरुष, वास्तविक साना किसान, पशुपालक/चरिचरण, मछुवार, वनमा आश्रित समुदाय, आदिवासी जनजाती, कृषि तथा आप्रवासी कामदार आदि जस्ता खाद्य उत्पादनकर्ताको श्रमको सम्मान तथा अधिकारको सुनिश्चित गर्न यस खाद्य सुरक्षा योजना महत्वपूर्ण रहेको छ । स्थानीय सरकारले समग्र खाद्य प्रणालीको स्थानीयकरण, स्थानीय बजार मार्फत खाद्य उत्पादनकर्ता र उपभोक्ताबीच निकटम् सम्बन्ध स्थापना, उत्पादनको स्रोतमाथि स्थानीयको उपभोग तथा नियन्त्रणको अधिकार, स्थानीय परम्परागत ज्ञान, सीप र प्रविधिको प्रवर्द्धन र संरक्षण, कृषि जैविक विविधता मैत्री कृषि प्रणालीमा जोड दिई नागरिकको खाद्य सुरक्षा गर्ने दायित्व रहेको छ।

कृषि पेशा तथा व्यवसायबाट क्रमशः पलायन हुँदै गैइरहेको युवा जनशक्तिलाई कृषि पेसा र व्यवसायमा आकर्षित गरी कृषि व्यवसायलाई सम्मानित र मर्यादित बनाउनु आवश्यक छ । कृषि पेसाको संरक्षण, किसानको पहिचान र सम्मान, कृषि भूमिको दिगो वैज्ञानिक व्यवस्थापन, उपयोग र वितरण, कृषिजन्य उत्पादनको प्रवर्द्धन तथा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असर र प्रभावको न्यूनीकरण गर्नका लागि यो खाद्य तथा पोषण सुरक्षा योजनाको औचित्य देखिएको छ । तसर्थ, यस खाद्य तथा पोषण सुरक्षा योजनाले राक्सिराङ्ग गाउँपालिकाको आर्थिक सम्बृद्धि, वन तथा पर्यावरणीय संरक्षण, कृषि तथा पशुपालन क्षेत्रको व्यावसायीकरण गरी यस आवधिक योजना अवधिमा नागरिकको खाद्य तथा पोषण सुरक्षा र खाद्य अधिकारको सुनिश्चितता गर्ने उद्देश्य लिएको छ ।

## १.६ खाद्य तथा पोषण सुरक्षा योजनाको सारांश

नेपाल सरकारले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपालीको दिर्घकालीन सोच तथा पन्धौ योजनाले परिलक्षित गरेका दिगो विकासका सुचकाङ्कका आधारमा राक्सिराङ्ग गाउँपालिकाले **"समृद्ध राक्सिराङ्गको आधार, उद्यमशील आत्मनिर्भर र जैविक विविधताको सम्भार"** को परिकल्पना गरेको छ । यस परिकल्पना साकार पार्न सामाजिक समानता, उद्यमशीलता, प्राकृतिक श्रोत साधनको दिगो उपयोग, बैज्ञानिक कृषि उत्पादन तथा पूर्वाधारको विकास गरी नागरिकको खाद्य अधिकारको सुनिश्चितता तथा समृद्ध राक्सिराङ्ग गाउँपालिकाको निमाण गर्ने लक्ष रहेको छ । यस आवधिक योजनाले गरिबीको रेखामुनी रहेको जनसंख्या हालको अवस्थाबाट २० प्रतिशतमा झार्ने, शुन्य भोकमरीको अवस्था, आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार ९० प्रतिशत, घरपरिवारको औषत आयस्तर हालको अवस्थाबाट ४० प्रतिशत वृद्धि, सर्वसुलभ गुणस्तरीय पूर्वाधार तथा आधारभूत सेवाको पहुँच ८० प्रतिशतले वृद्धि गरी परिस्कृत तथा मर्यादित जीवनशैली निर्माण गर्ने रहेको छ ।

यसैगरि जीविकोर्पाजनको मूख्य आधारस्तम्भको रुपमा रहेका कृषि तथा पशुपालनलाई सुधार गरि खाद्य उत्पादन हालको अवस्थाबाट दोब्बरले वृद्धि गर्ने, खाद्य उपलब्धता/प्रशस्ततामा हालको अवस्थाबाट ६० प्रतिशतले वृद्धि, गुणस्तरीय कृषि प्रसार तथा पशु स्वास्थ्य सेवाको पहुँच ८० प्रतिशतले बृद्धि, व्यवसायिक कृषितर्फ हालको स्थितिबाट ४० प्रतिशतले वृद्धि, कृषि सामग्री/उत्पादन सामग्रीको उपलब्धतामा ८० प्रतिशत कृषकहरुको पहुँचमा वृद्धि, तथा आय आर्जन विविधिकरणमा जोड दिई ६० प्रतिशत परिवारको खाद्य सुरक्षाको अवस्था सुदृढ गरिनेछ ।

कृषि उत्पादन बृद्धिका लागि कृषि, वन तथा संरक्षित कृषि खेती प्रविधि सम्वन्धी हरेक वडामा कृषि श्रोत केन्द्रको स्थापन तथा किसानहरुलाई आधारभूत तालिम, कृषि वन तथा संरक्षित कृषि खेती प्रविधिको विस्तार, बालि प्रर्दशनी, कृषि मेला, कृषक भ्रमण तथा कृषकको खेतवारीमा नयाँ प्रविधि, उन्नत जातको बीउ परीक्षण तथा उन्नत कृषि सामग्रीहरुको प्रचार प्रसार गरी आधुनिक प्रविधिको ज्ञान तथा सीप कृषकहरुमा विस्तार गर्ने, मकै, कोदो लगायत स्थानीय वालीहरुको बिउ उत्पादन तथा सामुदायिक बिउ भण्डारको स्थापना गरि कृषि उत्पादन हालको अबस्थाबाट ६० प्रतिशतले बृद्धि गरिनेछ । त्यसैगरि, गाउँपालिकाभित्र रहेका कृषियोग्य भूमि तथा बाँझो जग्गाको लागत तयार गर्ने र कृषि योग्य भूमिको दिगो व्यवस्थापन सम्बन्धी निर्देशिका तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।

भू-बनोट तथा हावापानी अनुसारको सम्भाव्यता अध्ययनको आधारमा व्यवसायिक फलफूल, तरकारी तथा पुष्पखेतीको विस्तार गरी कृषकहरुको आयस्तर हालको अवस्थाबाट ५०% वृद्धि भएको हुनेछ । भिरालो भूमी तथा समशितोष्ण हावापानी भएकोले ब्यबसायिक फलफुल खेतीको सम्भाब्यता रहेको छ । व्यवसायिक फलफूल खेती बिस्तारका लागि बहुउद्धेशीय कृषि नर्सरीको स्थापना, फलफूल बगैंचा व्यवस्थापन तालिम, कृषि उपज संकलन केन्द्रको स्थापना, व्यवसायिक तरकारी खेतीको बिस्तार, व्यवसायिक तरकारी खेती गर्ने कृषक समुहको गठन, उन्नत तरकारी खेती सम्बन्धी Poly House Technology को प्रर्दशनी, तरकारी खेतीमा एकीकृत खाद्य तत्व व्यवस्थापन, प्राङगारिक खेती प्रविधि तथा एकिकृत किरा व्यवस्थापनाका लागि कृषक पाठशाल सञ्चालन, कृषि मेला प्रदर्शनी, व्यवसायिक पुष्प खेती सम्बन्धी महिला कृषकहरुलाई व्यवसायिक पुष्प खेती तालिम तथा व्यवसायिक फलफूल खेती का लागि माटो परीक्षण जस्ता कियाकलापहरु कार्यान्वयन गरिनेछ ।

बाखा तथा कुखुरा पालनलाई व्यवसायिक रुपमा विस्तार तथा आधारभूत पशु स्वास्थ्य सेवाको पहुँच वृद्धि गरि कृषकहरुको आयस्तरमा ६०% ले बृद्धि गरिनेछ । मौरी पालन व्यवसायलाई संस्थागत रुपमा बलियो बनाउन स्थानीय मौरी पालक कृषक समुह तथा सहकारीहरुको क्षमता अभिबृद्धि (गुणस्तरीय महको उत्पादन, प्रसोधन, प्याकिङ तथा बजारीकरण वडा नं ४, ६ र ७), मौरी घार निर्माण सम्बन्धी स्थानीय सिकर्मीहरुलाई तालिम, पशुपन्छी तथा माहुरी बिमाको सवै वडाहरुमा विस्तार, पशु स्वास्थ्य घुम्ती शिविर, पशु स्वास्थ्य ल्याब स्थापना, औषधि खरिद तथा सेवा, खोप कार्यक्रम, विपन्न परिवारका जेहेन्दार युवा/युवतीहरु लाई Veteranry, JTA अध्ययनका लागि छात्रवृत्ति, बाखा पालन सम्बन्धी व्यवसायिक योजना तर्जुमा तथा बाखापालन सम्बन्धी आधारभूत तालिम, गोठ सुधार तथा पशु आहार सम्बन्धी बाखापालक कृषकहरुलाई तालिम तथा स्थानीय कुखुरा/हाँस पालन सम्बन्धी व्यवसायिक योजना तर्जुमा तथा कुखुरा पालन सम्बन्धी आधारभूत तालिम जस्ता क्रियाकलापहरु कार्यान्वयन गरिनेछन् ।

यस गाउँपालिकामा झण्डै ६५% बन क्षेत्र रहेको छ भने खोरिया खेतीको प्रचलन अझै विद्यमान रहेको छ । अत्यधिक भिरालो तथा बलौटे/ग्रेगर ढुङ्गा माटो भएको नाङ्गो जमिन भएकोले अत्यधिक भू–क्षयको कारण माटोको उर्बरा शक्ति न्यून छ । वातावरणीय प्रदुषण, भू–क्षय लगायत अन्य प्राकृतिक प्रकोपहरु तथा जलवायु परिवर्तनबाट हुने असर/जोखिमहरुको न्यूनीकरणका लागि पूर्व तयारी योजना निर्माण तथा जनचेतना अभिवृद्धि गरि कृषि जैविक विविधता तथा जलाधारको संरक्षण गरिनेछ । जोखिमयुक्त क्षेत्रमा बसोवास गर्ने परिवाहरुलाई उपयुक्त ठाउँमा स्थानन्तरण गर्ने, जलवायु अनुकुल तथा प्रकोप

व्यवस्थापन पूर्व तयारी योजनाको निर्माण, बजेट व्यवस्थापन तथा कार्यान्यवयन, विपद्‌का घटनाहरुबाट बच्नका लागि समुदाय, वडा तथा गाउँ स्तरमा पूर्व तयारी योजना अनुसार जनचेतनाका क्रियाकलाप सञ्चालन तथा निर्माणाधिन सडक छेउछाउ तथा पहिरोले प्रभावित जग्गामा सामुदायिक वन उपभोक्ता समिति मार्फत वृक्षारोपण कार्यक्रमको बिस्तार गरिनेछ । सामुदायिक वन उपभोक्ता समुहको सक्रियतामा जैविक वनस्पति तथा जडिबुटीहरुको संरक्षण तथा सदुपयोग गर्न बिभिन्न क्रियाकलापहरु संचालन गरिने छन ।

सामाजिक सुरक्षा, दैवी तथा मानविय प्रकोपबाट श्रृजित आपातकालिन अवस्थामा अस्थाई आवास तथा अन्य अत्यावश्यक सामग्रीको व्यवस्थापन, रेडक्रस लगायत अन्य विपद व्यवस्थापनसँग सम्बन्धित संघ-संस्थाहरुसँग समन्वय तथा जनचेतनाका लागि साझेदार, खाद्य भण्डार/सामुदायिक खाद्य बैंकको स्थापना तथा सञ्चालन, स्थानीय सञ्चार माध्यमहरुसँग सहकार्य गरी जनचेतनामुलक क्रियाकलापहरु सञ्चालन, स्थानीय खाद्य अधिकार समन्वय समीतिको गठन तथा जिम्मेवारी, कृषक तथा गरिव परिवारको पहिचान तथा परिचय पत्र बितरण, स्वास्थ्य बिमामा सहभागी गराउन चेतना अभिबृद्धि, सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरु, अपाङ्गता भएका व्यक्तिहरु, गरीविको रेखाभित्र रहेका परिवार, चेपाङ्ग, दलीत तथा जोखिममा रहेका अन्य परिवारहरुको पहिचान गरि खाद्य सहायता परिचय पत्र जारी गर्ने र यस्ता परिवारहरुलाई निशुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने जस्ता क्रियाकलायहरु सन्चालन गरि सबै परिवारको सामाजिक सुरक्षाको पहुँच अभिबृद्धि गरिनेछ ।

राक्सिराङ्ग गाउँपालिका पर्यटन प्रवर्द्धनका लागि अत्यधिक सम्भावना भएको क्षेत्र हो । प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरु यस क्षेत्रमा रहेका छन् भने भौगोलिक बिकटता तथा पूर्वाधारको अभावले यो क्षेत्र पर्यटकीय बिकासमा पछि परेको छ । यस आवधिक योजना अवधिमा कृषि तथा गैर कृषि क्षेत्रहरुमा आधारित लघु उद्यम तथा पर्यटन प्रर्वद्धन गरि रोजगारीका अवसरहरुको श्रृजना तथा आर्थिक पहुँचमा वृद्धि गर्ने उद्धेश्य रहेकोछ । गाउँपालिकाभित्र कृषि तथा गैर कृषि क्षेत्रमा घरेलु तथा लघु उद्यमको सम्भाव्यता अध्ययन तथा बजारको विश्लेषण गरि महिलाहरुका लागि कृषि तथा गैह्रकाष्ट वन पैदावरमा आधारित उद्यमहरु (सालको टपरी, वाबियोको डोरी, जडिबुटी खेती तथा प्रशोधन, अदुवा/वेसार पिस्ने मील, धुप वत्ति बनाउने, बाँस तथा निगालाका उत्पादन, सीस्नोको पाउडर, अचार, मस्यौरा, च्याउ खेती आदि) को प्रवर्द्धन तथा चैनपुर स्थित कोसेली घरको स्थापना (आमा/महिला समुह द्वारा संचालन) गरिनेछ । पर्यटन प्रवर्द्धन तथा होम स्टे का लागि सम्भाव्यता अध्ययन, कम्तिमा २ वटा आयोजनाको DPR र कार्यविधि निर्माण गरि र्कायान्वयनमा ल्याइनेछ भने पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि डकुमेन्ट्री निर्माण, कृषि पर्यटन तथा होम स्टे का लागि पूर्बाधार निर्माण, चेपाङ संग्रहालयको सुधार तथा प्रचार प्रसार, पर्यटकीय क्षेत्रहरुको पहिचान, पैदल मार्ग तथा भ्यू टावर निर्माण कार्यहरु अघि बढाइनेछ ।

सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरुको प्राविधिक शिक्षा, व्यवसायिक सीप तथा क्षमता अभिवृद्धि गरी उनीहरुको आयस्तर वृद्धि गर्न सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरु, अपाङ्ग व्यक्तिहरु, गरीविको रेखा भित्र रहेका परिवार, चेपाङ्ग, दलित तथा जोखिममा रहेका अन्य परिवारहरुको पहिचान गरि खाद्य सहायता परिचय पत्र जारी गर्ने, यस्ता परिवारहरुलाई निशुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराइनेछ । स्थानीय युवाहरुलाई कृषि तथा पशुस्वास्थ्य क्षेत्रमा आकार्षित गर्नका लागि २ बर्षे प्राविधिक शिक्षामा छात्रबृत्ति, व्यबसाय गर्न चाहने युवाहरुलाई ब्यासायिक योजना निर्माण तथा सीपमा आधारित प्राविधिक तालिम (महिलाहरुका लागि ३ महिने सिलाई कटाई तालिम, चिया नास्ता तथा मिठाइ पसल संचालन, होटल सहयोगी/कुक तालिम, फर्निचर तथा मौरीको घार निर्माण तालिम, मोटरसाईकल र्ममत तालिम, इलेक्ट्रिसीयन तथा प्लम्बिङ्ग, पर्यटक गाइड तालिम, मोटर/टेम्पो चलाउने तालिम) दिई लघु उद्यमहरुको स्थापना तथा स्वरोजगारीको श्रृजना गरिने छ ।

राक्सिराङ्ग गाउँपालिकामा हालका बर्षहरुमा स्वास्थ्य तथा पोषण सुचकाङ्कहरुमा निकै सुधार भएको भएता पनि तुलनात्मक रुपमा मकवानपुर जिल्लाका अन्य गाउँपालिका भन्दा निकै पछाडि रहेकोछ । कुपोषण प्रायः सबै उमेर समुहमा भएपनि ५ बर्ष मुनिका बालबच्चा तथा गर्भवती महिलाहरुमा यसको प्रभाव बढी देखिएको छ । तर्सथ महिला, बालबालिका तथा किशोर/किशोरीहरुको पोषण, खानेपानी तथा सरसफाईको अवस्थामा सुधार गरि मातृ शिशु मृत्युदर शुन्यमा झार्ने उद्देश्य रहेकोछ । गाउँपालिकाका सबै वडाहरुमा पोषण तथा सरसफाई सम्बन्धी 'पोषण शिक्षा' कार्यक्रम सञ्चालन गरि ५ वर्ष मुनीका बच्चाका आमा तथा हजुरआमाहरुको पोषण सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि गरिनेछ । त्यस्तै, करेसाबारीको प्रवर्द्धन, सरसफाईमा सुधार, खाद्य वस्तुको उचित भण्डारण/पाक शिक्षा तथा पोषणयुक्त सन्तुलित खाना तथा आनिवानीमा सुधार भई ९५% घरपरिवारको पोषण स्थिति, घर तथा वाताबरणीय सरसफाईमा सुधार हुनेछ । नेपाल सरकार, स्वास्थ्य मन्त्रालय मातहत सञ्चालित विभिन्न पोषण प्रवर्द्धन तथा सरसफाई सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरुको नियमित सञ्चालन तथा आधारभूत स्वास्थ्य तथा पोषण सेवा स्थानीय स्तरमा उपलब्ध भएको हुनेछ । किशोर/किशोरहरुको पोषण

प्रवर्द्धन तथा विद्यालय दिवा खाजा कार्यक्रम नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा निर्दिष्ट कार्यविधि अनुसार सबै विद्यालयहरुमा सञ्चालन गरि विद्यालय स्तरका बालबालिका/किशोर/किशोरीहरुको पोषण सम्बन्धी आधारभूत ज्ञान तथा चेतना अभिवृद्धि गरिनेछ । बहुक्षेत्रीय पोषण योजनाको मूलप्रवाहीकरण गरि विद्यमान कुपोषणको अवस्थालाई शून्य स्थितिमा झार्न सबै बिषयगत क्षेत्रहरुसँग समन्वय गरि पोषण प्रवर्द्धन गरिने छ ।

खाद्य सुरक्षा बहुक्षेत्रीय बिषय भएकोले यो उद्देश्य परिपूर्ति गर्न कृषि, बन, पर्यावरण, शिक्षा, स्वास्थ्य, पोषण, रोजगारी तथा आधारभूत पूर्वाधार (सडक, बिजुली, खानेपानी, सिँचाई, संचार र स्थायी बजार) को विकास गरि आधारभूत सेवा तथा सुविधाहरुको पहुँच सहज हुनुपर्दछ । तसर्थ राक्सिराङ्ग गाउँपालिकाले यो आवधिक योजना अवधिमा आधारभूत पुर्वाधार बिषेषतः सडक, बिजुली, खानेपानी, सिँचाई, तथा स्थायी बजारको निर्माणमा जोड दिएकोछ । सुगम गाउँपालिकाको पहिचानका लागि सडकहरुको स्तरोन्नती एवं पक्कि सडक निर्माणमा जोड दिँदै आएको छ भने "एक वडा एक मुल सडक" को अवधारण अनुरुप सबै वडाहरुमा सडक संजाल निर्माणको काम भैरहेको छ । त्यस्तैगरि कृषि उत्पादन बढाउन लघु तथा साना सिंचाईहरुको निर्माणमा जोड दिइनेछ । निजी क्षेत्र तथा सहकारीहरुको सहकार्यमा गाउँपालिका भित्र सुविधा सम्पन्न 'कृषि थोक बजारको' निर्माण, व्यवस्थापन तथा सञ्चालन कार्यविधी तयार भई सञ्चालन भएको हुनेछ । यस 'थोक कृषि बजार' लाई सबै वडाहरुका कृषि संकलन केन्द्रहरुसँगको सञ्जाल निर्माण गरी उत्पादित कृषि वस्तुहरु 'कृषि थोक बजार' मा संकलित हुनेछन् । यसरी संकलित कृषि उपजहरुलाई शीत भण्डारमा राख्ने, प्याङ्गिङ तथा बजार वितरणका सबै काम 'कृषि थोक बजार' नाफामूलक संस्थाको रुपमा सहकारी, कृषक तथा निजी क्षेत्रको शेयर लगानीमा सञ्चालन गरिनेछ भने स्थापनाकालमा आवश्यक पूर्वाधारका लागि गाउँपालिका, प्रदेश तथा केन्द्रीय सरकारको लगानी रहनेछ ।

## १.७ योजना तर्जुमा विधि तथा प्रक्रिया

राष्ट्रिय अभियान **"समृद्ध नेपाल सुखी नेपाली"** को दिर्घकालीन सोच तथा पन्ध्रौ पञ्चवर्षीय योजनाले सुनिश्चित गरेका लक्ष्य हासिल गर्न स्थानीय सरकारको अहम भूमिका रहेकोछ । यस अभियानलाई सफल बनाउने अभिप्राय सहित राक्सिराङ्ग गाउँपालिकाले दिर्घकालीन सोच साकार गर्ने अभियानका साथ दिर्घकालीन योजना तथा कार्यक्रमहरु अगाडि बढाउने क्रममा यस **खाद्य तथा पोषण सुरक्षा रणनैतिक योजना २०७७/०७८-२०८१/०८२** निर्माण गरेकोछ । यस योजना तर्जुमाका विधि तथा प्रक्रियाहरु निम्न अनुसार रहेका छन् ।

### योजना तर्जुमा प्रक्रिया

**पूर्वतयारी**

- गाउँपालिकामा आवधिक योजनाको आवश्यकता, औचित्य तथा महत्व बारे छलफल ।
- खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुताबारे सैद्धान्तिक तथा कानूनी व्यवस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी प्रावधान, खाद्य अधिकार सुनिश्चित गर्न स्थानीय सरकारको भूमिकाबारे गाउँपालिका स्तरमा छलफल ।
- योजना प्रक्रिया अघि बढाउनका लागि गाउँपालिकाको उपाध्यक्षज्यूको संयोजकत्मा समन्वय समितिको निर्माण ।

**योजना निर्माण प्रक्रिया**

- योजनाको खाका तथा निर्माण प्रक्रिया बारे छलफल ।
- राक्सिराङ्ग गाउँपालिकाको समग्र वस्तुस्थितिको (प्राकृतिक तथा उत्पादनका श्रोतहरु, आर्थिक तथा सामाजिक सेवा तथा सुविधाहरु, पूर्वाधार निर्माण तथा गाउँपालिकाको विद्यमान मानवीय श्रोत तथा क्षमता) विश्लेषण ।
  सरोकारवालाहरुको विश्लेषण तथा भूमिका
- वडास्तरीय छलफल तथा गोष्ठि । सबल पक्ष, अवसरहरु, सुधार गर्नु पर्ने क्षेत्र, चुनौती तथा जोखिम विश्लेषण ।
- वडाहरुको अवलोकन भ्रमण तथा प्राविधिक दृष्टिकोणले सम्भावनाहरुको अध्ययन ।
- योजनाको मस्यौदा निर्माण ।
- समन्वय समिति तथ गाउँपालिकामा पृष्ठपोषणका लागि छलफल

**कार्यान्वयन**

- अन्तिम योजना गाउँपालिकाबाट स्वीकृत भई गाउँसभाबाट अनुमोदन
- योजना कार्यान्वयन अनुगमन, प्रगती समिक्षा तथा मूल्याङ्कन

योजना निर्माणका लागि उक्त प्रक्रिया अवलम्बन गर्दै निम्न विधिहरु अपनाइएको थियो:

१) गाउँपालिकासँग भएका सूचना तथा दस्तावेज विशेषतः गाउँ पार्श्वचित्र, वार्षिक नीति तथा कार्यक्रम, २०७७/०८८ को अध्ययन तथा राक्सिराङ्ग गाउँपालिकाले तयार पारेको तथ्याङ्क तथा सूचनालाई सन्दर्भ सामग्रीको रुपमा लिइएको छ । अन्य सन्दर्भ सामग्रीहरुमा पन्ध्रौ पञ्चवर्षीय योजना, नेपालको संविधान २०७२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ रहेका छन् । यसै गरी कृषि विकास रणनिति, नेपाल सरकारका विभिन्न वार्षिक नीति तथा कार्यक्रमहरु र खाद्य अधिकार सम्बन्धी राष्ट्रिय, अन्तराष्ट्रिय दस्तावेजहरु सन्दर्भ सामाग्रीको रुपमा लिइएका छन् ।

**२) गाउँपालिकास्तरीय छलफल :**

**राक्सिराङ्ग गाउँपालिकाको उपाध्यक्ष श्री निर्मला हिम्डुङको संयोजकत्वमा** योजना निर्माण कार्यदल गठन गरी योजना निर्माण प्रक्रिया अगाडि वडाइएको थियो भने उक्त समितिमा विषयगत प्राविधिक तथा विषेशज्ञहरु समेत समावेश गरिएका थिए । योजना निर्माणको प्रक्रियामा गाउँपालिकास्तरीय विभिन्न बैठक तथा छलफल भई योजनाहरुलाई अनुमोदन गरिएको थियो ।

**३) वडास्तरीय अन्तरक्रिया तथा छलफल :**

योजना निर्माण प्रक्रियाको क्रममा कार्ययोजना तयार गरि गाउँपालिकाका ९ वटै वडाका वडा अध्यक्षज्यू तथा उहाँहरुले अख्तियारी दिनुभएको वडा सदस्य (वडा नं.न ९ को हकमा) को अध्यक्षतामा अन्तरक्रिया तथा छलफल गरिएको थियो । यि सबै वडास्तरीय अन्तरक्रिया तथा छलफलमा वडा अन्तरगतका कृषक समुह, आमा समुह, वन उपभोक्ता समूह सहकारी, साना किसान, युवा क्लव, शिक्षक, वडा स्थित कार्यरत कर्मचारी, राजनितिक पार्टीका प्रतिनिधी तथा किसानहरुको सहभागिता रहेको थियो । अन्तरक्रिया तथा छलफलका क्रममा वडा स्थित वडाको आर्थिक, सामाजिक तथा प्राकृतिक श्रोतको अवस्था बारे छलफल गरिएको थियो भने वडामा देखिएका खाद्य तथा पोषण सुरक्षासँग गाँसिएका मूल समस्याहरु, सवालहरु, अवसर तथा चुनौतीहरु, जोखिमको स्थिति, खाद्य असुरक्षित समुदायको पहिचान तथा क्षेत्रबारे छलफल गरी सूचनाहरु संकलन गरिएका थिए ।

योजना निर्माण कार्य समन्वय समितिले निर्माण गरेको कार्ययोजना अनुरुप योजना मस्यौदा तयार गरि समितिलाई पेश गरिएको थियो भने विषयगत क्षेत्रका प्राविधिक तथा अधिकृतहरुको सुझावहरु राखि योजनालाई अन्तिम रुप दिइएको थियो ।

**१.८ सीमाहरु (Limitations):**

स्थानीय तहको गठनले स्थानीय तहमा धेरै फेरबदलहरु भएका छन् । नयाँ परिवर्तन तथा जनआकाङक्षालाई सम्वोधन गर्ने क्रममा राक्सिराङ्ग गाउँपालिकाले थुप्रै चुनौती तथा समस्याहरुको सामना गर्दै आइरहेकोछ । यस्ता चुनौती तथा समस्याहरुको बावजुद राक्सिराङ्ग गाउँपालिकाले धेरै मेहनतका साथ आफ्ना नीति तथा कार्यक्रमहरुलाई जनता सामु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई संस्थागत रुपमा एकैसाथ जनसेवामा समर्पित भैरहेकोछ । विद्यमान संक्रमणकालीन अवस्थाबाट बिस्तारै मजबुत बन्ने तथा मध्यकालीन, दिर्घकालीन विकास योजनाहरुको तर्जुमा गर्ने र त्यस अनुसार समग्र राक्सिराङ्ग गाउँपालिकालाई समृद्ध, स्वच्छ र समुन्नत बनाउने परिकल्पना गरिएको छ । यथेष्ट सूचना तथा तथ्याङ्कहरु अद्यावधिक गर्न सकिएको छैन जसका कारण खाद्य, पोषण तथा कृषि तथा आयआर्जनका मूख्य सूचकहरुको लक्ष्य प्रक्षेपण गर्ने तथ्यगत आधारहरु यथेष्ट नभएकोले आधारभूत घरधुरी सर्वेक्षण गर्नुपर्ने अवस्था रहेको छ भने समष्टिगत तथ्याङ्कहरु राष्ट्रिय जनगणना २०७८ तथा कृषि गणनाहरुलाई आधार बनाई मध्यकालीन प्रगती समिक्षा तथा मूल्याङ्कनका आधार निर्धारण गरिने छ । यस दस्तावेजमा समावेश गरिएका केही तथ्याङ्क तथा सूचनाहरु राक्सिराङ्ग गाउँपालिकासँग भएका दस्तावेजहरुबाट लिइएका छन् भने धेरै सूचनाहरु वडास्तरमा भएका ९ वटै वटा स्तरीय छलफल बाट लिइएका छन् ।

# परिच्छेद : २
# गाउपालिकाको आर्थिक, सामाजिक तथा भौगोलिक अवस्थाको विश्लेषण

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय




मकवानपुर जिल्लाको उत्तर पश्चिम भागमा अवस्थित राक्सिराङ्ग गाउपालिकामा ३९४६ घरधुरी तथा ३०,८३० जनसंख्या रहेका छन । ४६ प्रतिशत जनसंख्या १६ देखि ४५ बर्ष उमेर समुहका रहेका छन जुन उत्पादनका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिन्छ । याहाँ बिभिन्न जातीहरुको बसोबास हरेको छ त्यसमध्ये ५२ प्रतिशत तामाङ तथा ३७ प्रतिशत चेपाङ रहेका छन । कुल जनसंख्याको ८२ प्रतिशत कृषि पेशाका आश्रित छन भने ४३ प्रतिशत जनसंख्या अति गरिव रहेका छन् जसको वार्षिक आम्दानी २० हजार भन्दा कम रहेको छ । यस गाउँपालिकामा बैक अफ काठमाण्डौंले वित्तीय सेवा प्रदान गर्दै आएको छ भने २२ वटा सहकारी संस्थाहरु कृषि लगायत अन्य वित्तीय क्षेत्रमा सेवारत छन् । त्यस्तै ३४ वटा सामुदायिक बन उपभोक्ता समीतिहरु, ७ वटा युवा क्लव, २५ वटा आमा समुहहरु र ७५ वटा टोल विकास संस्थाहरु क्रियाशिल छन् । यस गाउँपालिकामा ७ वटा गैह्र सरकारी संथाहरु सामुदाय विकासका बिभिन्न क्षेत्रहरुमा कार्यरत छन् ।

## २.२ प्राकृतिक तथा उत्पादनका स्रोतहरूको विश्लेषण

कृषि भूमि : यहाँको मूख्य पेशा कृषि, पशुपालन र माहुरीपालन रहेको छ भने ८२ प्रतिशत नागरिक कृषि पेशामा आवद्ध छन् । अधिकांश भूभाग अग्ला पहाड र जङ्गलले ओगटेको छ र यस्ता स्थानमा न्यून कृषि उत्पादन हुने गरेकोछ भने गा.पा.को तल्लो भागमा भने कृषि उत्पादन राम्रै रहेको छ । मकै, गहु, धान, दलहन बाली यहाँको मुख्य उत्पादन हो । यसका साथै विभिन्न थरिका फलफूल र बेमौसमी तरकारी यहाँको अर्को मुख्य उत्पादन रहेको छ । जम्मा भूभागको ५२ प्रतिशत भुमि कृषियोग्य रहेकोमा हालसम्म २० प्रतिशत भुभागमा पर्याप्त उत्पादन हुन्छ भने ८० प्रतिशत भुभागमा न्यून उत्पादन हुने गरेको छ । विगतका वर्षहरुमा रासायनिक मल बिना नै प्रसस्त अन्न, फलफुल र तरकारी फल्ने गरेकोमा रासायनिक मलको प्रयोग बढेसँगै कृषि उत्पादन पनि त्यसैमा निर्भर रहँदै जान थालेको छ । कृषि उत्पादनको हिसाबले वडा नं. १, २, ३, र केही हदसम्म वडा नं. ५ अन्य वडा भन्दा अगाडि रहेका छन् । अत्याधिक भिरालो जमिन, सिंचाईको अभाव, रासायनिक मलको अभाव, गोठेमलको न्यून उत्पादन तथा व्यवस्थापन, उन्नत जातको बिउविजन बारे स्थानीयलाई ज्ञान नहुनु तथा त्यस्तो विउविजनको उपलब्धतामा कमी, कृषि पेशामा स्थानीयको लगाव घट्दै जानु, वर्षाको समयमा बाढी पहिरोले पाखो बारी बगाई बस्ति नै जोखिममा पर्नु प्रत्येक वर्ष विभिन्न प्राकृतिक प्रकोप (न्यून तथा अत्याधिक वर्षा, असिना, हावाहुरी, डढेलो,

चट्याङ्ग) नै न्यून कृषि उत्पादनको मुख्य कारणहरु रहेका छन् र यि कारणहरुले प्रत्येक वर्ष खाद्य असुरक्षालाई बढावा दिएको छ ।

## २.३ धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरु

धार्मिक विविधतायुक्त यस गाउँपालिका क्षेत्रमा कालिका मन्दिर, शिवमन्दिर, लगायतका दर्जनौ मन्दिरहरु छन् भने चर्च, तथा वौद्ध स्तुपा लगायतका धार्मिक स्थलहरु छन् । यहाँका विभिन्न खालका धार्मिक स्थलहरुलाई संरक्षण र प्रवर्द्धन गर्न सकेमा आन्तरिक र वाह्य पर्यटकहरु भित्राउन सकिन्छ र पर्यटन व्यवसायबाट आम्दानी गर्न सकिन्छ । यस क्षेत्रमा रहेका अग्ला डाँडाहरुबाट तराईका बिभिन्न भाग र मनोरम हिमालयको दृष्यावलोकन गर्न सकिन्छ । यस क्षेत्रमा रहेको जलपरी झरना, चमेरे गुफा, भन्याङकालिका मन्दिर, बुढा महादेव गुफा, किन्द्राङ महादेव गुफा, रानी पोखरी, सरस्वती ओडार, नागदह, लङ्का गुफा, वुर्जाडाँडा, महाभारत गुफा, कैलाश पर्वत, चेपाङ राजाको भग्नावशेष, न्याउरी दरबार, प्वाकल गुफा, लुङगुडेडाँडा दरबार, गुप्तेश्वर गुफा, शंकरे गुफा, दुईचोक डाँडा, भिमचुली माताचुली भ्यु टावर, काम्लेको चमेरे गुफा, लंका राम लक्ष्मण दरबार, सुरुङके डाँडा लगायतका स्थानहरु आन्तरिक पर्यटनको लागि प्रवर्द्धन गर्न सकिने उपयुक्त स्थानहरु हुन् । यी माथी उल्लेखित स्थानहरुले पर्यापर्यटक, धार्मिक/सास्कृतिक पर्यटक, सामुदायिक पर्यटक, शिक्षा पर्यटन आदिलाई आकर्षित गर्दै आएको छ र यसको लागि गाउँपालिकाले पर्याप्त पुर्वाधार (बाटो, विद्युत, सूचना तथा सञ्चार, आवस, खानेपानी, र माथी उल्लेखित स्थानहरुको व्यवस्थापन आदि) विकासमा ध्यान दिई अगाडि बढ्दै आएको छ ।

## २.४ आर्थिक तथा सामाजिक सेवा सुविधाहरु

राक्सिराङ गाउँपालिका भौगोलिक रुपमा विकट भएता पनि यहाँ आर्थिक उपार्जन र सामाजिक विकासका प्रसस्त सम्भावनाहरु रहेका छन । बिषम भौगोलिक धरातलीय स्वरुप तथा समशितोष्ण हावा पानी रहेको छ भने मकै, कोदो, धान, तथा दलहन वाली उत्पादन हुन्छ । मास, भटमास, गहत, मस्याङ आदि कृषकहरुको आम्दानीको मुख्य श्रोतको रुपमा रहेकाछन् । मौरी पालन राक्सिराङ्ग गाउँपालिकाको पहिचान हो भने वडा नं. ४, ५, ६ र ७ लाई मह र दलहन वाली उत्पादन केन्द्रको रुपमा विकास गरिएको छ ।

जातिगत आधारमा ५१.८ प्रतिशत तामाङ र ३७ प्रतिशत चेपाङ समुदाय दुवै आदिवासी जनजाति समुदायको सिमान्तकृत समुदायहरु हुन् । यस गाउँपालिकाको जनजातिहरुको रहन, सहन, भाषा, धर्म, सस्कृति, परम्परागत रुपमा रहेको चलन, प्रचलन आदिको संरक्षण, सम्बर्द्धन र विकासमा जोड दिई वाह्य र आन्तरिक पर्यटक आकर्षित गर्ने औजारका रुपमा स्थापित गर्न सकिन्छ । प्रजा जातिको प्रत्यक्ष सहभागितामा उनीहरुको भाषालाई लिपिबद्ध गर्ने, पहिचानमा रहेको सांकृतिक धरोहरको संरक्षण गर्ने र गाउँपालिकामा रहेको संग्रहालयलाई अझ व्यवस्थित गरी उक्त जातीको भाषा, संकृति र रितिरिवाजहरुको दिगो संरक्षण गर्ने लक्ष्य गाउँपालिकाले लिएको छ ।

### २.४.१ कृषि, पशु तथा विकासको अवस्था

यस गाउँपालिको मूख्य पेशा कृषि र पशुपालन रहेको छ भने ८२ प्रतिशत नागरिक कृषि पेशामा आवद्ध रहेका छन् । मूख्य वालीमा धान, मकै र कोदो रहेका छन् भने सबै वडामा दलहन वाली र सिजन अनुसारको हरियो तरकारी प्रसस्त उत्पादन हुन्छ तर कृषि उत्पादनको उचित भण्डारण सम्बन्धी ज्ञान/सीप र शीत केन्द्रको अभाव, वाटोघाटोको असुविधा आदिले कृषकको बढी भएको उत्पादनले बजारसम्मको पहुँच भने पाउन सकेको छैन र बजार पहुँच शून्य प्राय रहेको छ । पालिकामा आफ्नो उत्पादनले वर्षभरी खान पुग्ने जनताको संख्या अत्यन्तै न्यून रहेको छ ।

पालिकाको सबै वडामा वाखापालन गरी मनग्य आम्दानी गर्न सकिने सम्भावना भएता पनि बाखापालनको लागि आवश्यक चरिचरन, घाँस पात, पानीको अभाव, रोग लाग्दा चाहिने औषधोपचार र प्राविधिक सहयोग, बाखा विक्रि केन्द्रको अभाव आदिले गर्दा यहाँका कृषकले पर्याप्त आम्दानी गर्न सकिरहेका छैनन् । पालिकाको वडा नं.४, ५, ६ र ७ मह उत्पादनको लागि उत्तम स्थान रहेको छ । चिउरीको संरक्षण, मह बिक्रि वितरणको लागि उपयुक्त संकलन केन्द्रको अभाव र उचित मूल्य निर्धारण हुन सकेको छैन ।

### २.४.२ शिक्षा क्षेत्र

मिति २०७५ सम्मको तथ्यांकलाई आधार मान्दा आधारभुत तहमा ५९१९ (छात्र ३०१० र छात्रा २९०९) र माध्यामिक तहमा ३५९ (छात्र २१५ छात्रा १४४) गरी जम्मा ६२७८ (छात्र ३२२५ र छात्रा ३०५३) विद्यार्थी हाल अध्ययनरत छन् । आधारभूत तहमा भर्ना भएको सबै विद्यार्थीले माध्यामिकत तह पार नगर्ने र छात्र भन्दा छात्राहरुको स्कूल छोड्ने दर उच्च रहेको छ ।

अविभावकको दिगो आम्दानिको श्रोत नहुन, स्कूल खर्च (मसलन्द र न्यूनतम शुल्क) वेहोर्न नसक्नु, गरिबी तथा भोकमरी, पढाई सकेपछि रोजगारीको सुनिश्चितता नहुनु, शिक्षा र यसको महत्वको बारेमा विद्यार्थी र अविभावक दुवैलाई पर्याप्त ज्ञान नहुनु, सम्मानित जीवनयापन भन्दा पनि भगवान भरोसामा जीवन जिउने बानी पर्नु आदिले गर्दा नै यहाँका अधिकांश बालबालिकाले उच्च शिक्षा पुरा गर्न सकेको देखिदैन । पालिकामा हालसम्म आठ कक्षासम्म उत्तिर्ण १४६८ (पुरुष ८०४ र महिला ६६४) दशकक्षा उत्तिर्ण ७४१ (पुरुष ४३२ र महिला (३०९), १२ कक्षा उत्तिर्ण ३९४ (पुरुष २२३ र महिला १७१) स्नातक उत्तिर्ण ५३ जना (पुरुष ३४ र महिला १९) र स्नातकोत्तर गर्ने पुरुष ९ जना छन् भने हालसम्म कुनैपनि महिलाले स्नातकोत्तर उत्तिर्ण गरेका छैनन् । यहाँको अधिकांश विद्यार्थीले भौगोलिक विकटता, आर्थिक संकट, वाल विवाह, अविभावक ज्याला मजदुरी गर्न जाने र बालबालिकाले घरको काम गर्नु पर्ने हुनाले विद्यालय शिक्षा पुरा गर्न पाउँदैनन् ।

### २.४.३ स्वास्थ्य तथा पोषण

यस पालिकाको वडा नं. २, ४, ५, ६, ७ र ९ मा गरी हालसम्म ६ वटा स्वास्थ्य चौकीहरु रहेका छन् जस्ले सामान्य औषधोपचार, प्रसुती सेवा, पोषण स्वास्थ्य सम्बन्धी जानकारी, गाउँघर क्लिनिक सेवा, नियमित खोप, यौनरोग आदिको बारेमा सामान्य उपचार तथा जानकारी दिने गर्दछ । यहाँका बासिन्दा नियमित स्वास्थ्य सेवाको लागि भन्दा पनि स्वास्थ्य समस्या आइपरेपछि मात्र परामर्श र उपचारको लागि स्वास्थ्य संस्थामा जाने गर्दछन् । स्थानीय धामी, झाँक्री र लामाबाट उपचार लिने परम्परागत चलन यथावत छ । पोषण स्वास्थ र यसको महत्वबारे आमा, बालबालिका र परिवारले कुनै औपचारिक ज्ञान प्राप्त गर्न सकेका छैनन जसको कारण गर्भवती महिलालाई बच्चा जन्मनु भन्दा पहिले के कस्तो हेरविचार गर्ने र बच्च जन्मी सकेपछि बच्चाको शारीरिक र मानसिक बृद्धि कसरी मापन गर्ने, कति समयमा मापन गर्ने भन्ने बारेमा प्रयाप्त ज्ञानको कमी रहेको छ । यसका साथै किशोर/किशोरीहरुलाई दिइनुपर्ने पोषण शिक्षाको पनि कमी रहेको छ । पालिकामा बालविवाह अत्याधिक हुनाले सानै उमेरमा विवाह हुने र बच्च जन्मने हुनाले एकातिर अविभावकलाई बच्चको पालन पोषण गर्ने प्रयाप्त ज्ञान छैन भने आम्दानी नहुनाले बच्चा र आमालाई पौष्टिक खानेकुरा खुवाउन नसकेको अवस्था छ ।

### २.४.३ पिउने/खाने पानी

यस गाउँपालिकामा पानीका प्रशस्त श्रोतहरु (साना, ठुला खोला र प्रयाप्त खोल्सा खोल्सीहरु) छन् तथापि सफा खाने पानीको पहुँच सबै घरपरिवारमा पुगेको छैन । गाउँपालिकाले “एक घर एक धारा” को नीति लिएको भएता पनि भौगोलिक बिकटता तथा ज्यादै छरिएर रहेको वस्ति भएकाले सफा खाने पानीको सुविधा सवै घरधुरीमा उपलब्ध हुनसकेको छैन । । यहाँका ८० प्रतिशत जनसंख्या स्वच्छ र सफा पिउने पानीको सुविधाबाट बञ्चित रहेका छन् ।

### २.४.४ सिंचाइ

यस गाउँपालिकामा प्रसस्त खोलाहरु जस्तैः गाउँपालिकामा मनहरी, लोथर, जिर्खि, बोराङ्डी, चुली, पङ्थली, रेउटी, धरु, तीजधनी जस्ता ठुला र स–साना खोलाहरु पर्दछन् । यि सबै खोलाहरु नै यस गाउँपालिकाका सिंचाईका श्रोत हुन् । तर यी खोलाको श्रोतलाई व्यवस्थित सिंचाईको लागि भन्दा पनि खानेपानीको लागि बढि प्रयोगमा ल्याइका छन । त्यसैले यस गाउँपालिकामा ९० प्रतिशत भुमिमा सिंचाईको अभाव रहेको छ । वडा नं. १, २, ३, ५ को तल्लो भाग, वडा ६ को तल्लो भाग र वडा ९ को केहि क्षेत्रमा वर्षा याममा सिंचाई उपलब्ध रहेको छ भने अन्य भागमा सिंचाई छैन, खेतीपाती प्रायः आकाशे पानी/बर्षामा नै निर्भर छ ।

### २.४.५ वातावरण, जोखिम तथा विपद व्यवस्थापन

पालिकाको अधिकांश वडाहरुमा वातावरणीय जोखिम रहेको छ । वर्षा याममा वाढी तथा पहिरोको जोखिम छ भने अरु बेल हावा हुरी, असिना, चट्याङ पर्ने, डढेलो आदिले जोखिम रहेको छ । वातावरणीय वा प्राकृतिक प्रकोपको जोखिम प्रभावित तथा विपतमा परेकाहरुलाई सहयोग गर्न पालिका स्तरमा जोखिम न्यूनीकरण समिति गठन भएको छ । समितिले पुर्व तयारी र न्यूनीकरणको लागि भन्दा पनि तत्काल समस्यामा परी सकेपछिको सम्बोधन कार्यलाई बढी प्राथमिकतामा राखेको छ । तर दिर्घकालीन रुपमा गाउँपालिकाले जोखिम न्यूनीकरण पूर्व तयारी योजना निर्माण गर्ने, वातावरण संरक्षण, जोखिम तथा बिपद व्यबस्थापनका कियाकलापहरु कार्यान्वयन गर्ने सोँच राखेको छ ।

### २.४.७ पूर्वाधार (सडक, संचार तथा बिजुली)

पालिकाको सबै वडालाई ग्रामिण सडक सञ्जालले समेटको छ । पालिकामा हालसम्म जम्मा ३५७.९ की.मी. कच्ची सडक निर्माण भई सकेको छ । सञ्चारको लागि यस पालिकामा (सबै सेवा प्रदायः नेपाल टेलीकम, एनसेल, स्मार्टससेल) उपलब्ध

भएता पनि मोवाइल फोनको सेवा सहज हुन सकिरहेको छैन ।  पालिकाको ५५.२ प्रतिशत घरमा विद्युत सेवा उपलब्ध रहेको छ भने बाँकि घरधुरीमा विद्युतीय सुविधा छैन ।

### २.४.८ बजारको पहुँच

गा.पा.को एक मात्र बजार भनेको नजिकको मनहरी गा.पा.को मनहरी बजार हो जुन राक्सिराङ्ग गा.पा.को कार्यालय रहेको स्थान चैनपुरबाट नजिक रहेको छ र अर्को ठूलो बजार हेटौडा र चितवनको भण्डारा बजार हो, जुन भौगोलिक रुपमा टाढा र स्थानीयको नियमित पहुँच बाहिर रहेको छ । वडा नं. १, २, ३, ४, ५, ८ र ९ का स्थानीय नागरिकले आफ्नो कृषि र पशु उत्पादन बेचविखन गर्ने मुख्य बजार मनहरी नै रहेको छ भने वडा ६ र ७ का नागरिक भने कृषि उत्पादन बेचविखनको लागि चितवन जिल्लाको लोथर र भण्डारा जाने गर्दछन् । वडा ६ र ७ को नागरिकका लागि वर्षको वाह्रै महिना बजार सम्मको पहुँच कठिन छ भने अन्य वडाका नागरिकलाई भने वर्षको लगभग सात महिना मात्र बजार पहुँच सहज रहेको छ । उनीहरुलाई पैदल यात्रा गर्दा बाढी पहिरो, चट्याङ र खोला उर्लेर बगाउने जोखिम छ । आन्तरिक रुपमा उत्पादन हुने खाद्यन्नले वर्षको ४/५ महिना पनि नपुग्ने अवस्था भएकाले नागरिकहरु खाद्यान्न बिक्रि भन्दा पनि खाद्यान्न खरिदका लागि बजारमा र्निभर रहेका छन ।

## २.५ खाद्य तथा पोषण सुरक्षा/अधिकारको विद्यमान अवस्था

### क) खाद्य तथा कृषि

यहाँको ८२ प्रतिशत नागरिक कृषि पेशामा आवद्ध छन् । धान, गहु, मकै, फलफूलका साथै विभिन्न थरिका बेमौसमी तरकारी यहाँको मुख्य उत्पादन रहेको छ । जम्मा भूभागको ५२ प्रतिशत भुमी कृषियोग्य रहेकोमा हालसम्म २० प्रतिशत भुभागमा पर्याप्त उत्पादन हुन्छ भने ८० प्रतिशत भुभागमा न्यून उत्पादन हुने गरेको छ । अत्याधिक भिरालो जमिन, सिंचाईको अभाव, रासायनिक मलको अभाव, गोठेमलको न्यून उत्पादन तथा व्यवस्थापन, उन्नत जातको बिउविजन बारे स्थानीयलाई ज्ञान नहुनु तथा त्यस्तो विउविजनको उपलब्धतामा कमी, कृषि पेशामा स्थानीयको लगाव घट्दै जानु, वर्षाको समयमा बाढी पहिरोले पाखो बारी बगाउनु/अत्याधिक भूक्षय तथा बस्ति जोखिममा पार्नु आदि न्यून कृषि उत्पादनको मुख्य कारणहरु रहेका छन । कृषि उत्पादनको उपलब्धता, बजार सम्मको पहुँच (आर्थिक र भौतिक दुवै), न्युन क्रय शक्ति आदिको कारण खाद्य असुरक्षित पालिकाको रुपमा हेरिदै आएको छ ।

### ख) पोषण, सरसफाइ तथा खानेपानी

पालिकाबासीको लागि बजारी खाना चाउचाउ, दालमोठ, बेकरी उत्पादन र बोटलबन्द पेय पदार्थ प्रति आकर्षण बढिरहेको गएको छ । गाउँघरमा हरियो तरकारीको बिकल्पमा समेत चाउचाउको प्रयोग बढ्दो रहेको छ भने बालबालिकालाई समेत, स्थानीय पौष्टिक खानाको साटो चाउचाउ, कुरमुरे लगायतको औधोगिक उत्पादन खुवाउने चलन बढ्दो छ । आमा र परिवारको सदस्यलाई पोषण बारे ज्ञान नहुनु, औधोगिक उत्पादनको बढ्दो बजारीकरण, छिमेकीको देखासिखी आदिको कारण पत्रुखाना प्रति आर्कषण र समुदायको खाने बनीमा पोषणको दृष्टिकोणले नकारात्मक परिवर्त देखिएको छ । आफ्नो उत्पादनलाई उचित उपयोग र भण्डारण गर्नुको सट्टा सस्तोमा बेच्ने र महङ्गोमा बजारिया पकेटबन्द खाना र पेय पदार्थ खरिद गर्ने चलनले समुदायस्तरमा खाद्य असुरक्षा दिनानुदिन बढ्दो छ ।

यस गाउँपालिकामा पर्याप्त पनीका श्रोतहरु भएतापनि झण्डै **८०** प्रतिशत जनसंख्या स्वच्छ र सफा पिउने पानीको सुविधाबाट बञ्चित रहेका छन् । उनीहरुले नजिकको स्थायी तथा अस्थायी पानीको श्रोतबाट खानेपानीको जोहो गरी रहेका छन् । पालिकाको अधिकांश घरमा (करिव ६० प्रतिशत घरमा) चर्पि छ । वडा नं. ८ लाई खुला दिशामुक्त समेत घोषणा गरेको छ तर पानी अभावको कारण चर्पी प्रयोग गर्ने नागरिक भने न्यून देखिन्छ । बच्चाका आमालाई आफ्नो बच्चलाई जन्मेदेखि ९ महिनासम्मको अवधिमा लाउनुपर्ने खोपको बारेमा जानकारी छ तर विविध कारण जस्तैः भौगोलिक विकटता, गरिबी आदिको कारणले हालसम्म लगभग ८ प्रतिशत बालबालिका भने पुर्ण खोप कार्यक्रमबाट बञ्चित रहेका छन् । यी माथी उल्लेखित कमि कमजोरी र चूनौतीहरुलाइ न्यूनिकरण गर्नका लागि गाउँपालिकाले “आमा बुवा बचाउ” कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । जल जमिन र जंगल यस गाउँपालिकाका नागरिकको मुख्य जीविकोर्पाजनका श्रोत भएता पनि यि प्राकृतिक संपदाको संरक्षण तथा उपयोग वैज्ञानिक ढंगले हुन सकिरहेको छैन ।

### ग) आर्थिक पहुँच तथा रोजगारी

यस गाउँपालिकाको जनसंख्याको मुख्य आयश्रोत कृषि, पशुपक्षी पालन, व्यापार उद्योग, नोकरी र नेकारीबाट सेवानिबृत भई पाईन सुविधा वा पेन्सन बैदेशिक रोजगार, ज्याला मजदुरी आदि रहेको छ । यस मध्ये सबै भन्दा बढी आम्दानी कृषि पेशाबाट

हुने गरेको पाइन्छ । पालिकाको सबैभन्दा बढी घरधुरीको आम्दानीको श्रोत कृषि उत्पादन रहेको छ भने सबैभन्दा कम व्यापार तथा उद्योगबाट रहेको छ । ४३% जनसंख्या अति गरीब छन् जसको बार्षिक आम्दानी २०,००० भन्दा पनि कम छ । यसैगरी ७५% जनसंख्याले बार्षिक ५०,००० भन्दा कम आम्दानी गर्दछन भने जम्मा २५% ले ५०,००० भन्दा माथी आम्दानी गर्छन । पालिकामा औपचारिक रुपमा रोजगार जनसंख्या २७ प्रतिशत रहेको छ भने बाँकी जनसंख्या कृषिमा आश्रित रहेको छ । पालिकाको ९ वटै वडाका मानिसहरु (महिला ६९ जना, पुरुष ३४५ जना जम्मा ४१४ जना) बैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगारीमा जानेहरुको पहिलो रोजाइमा खाडी मुलुक (३२९ जना), दोश्रोमा भारत (६६) र तेश्रोमा अन्य देशहरु (२३ जना) रहेको छ ।

## २. ६ विद्यमान अवस्था (समस्या, चनौती, सवल पक्ष तथा अवसरहरुको विश्लेषण):

### २.६.१ गाउँपालिका स्तरमा:

गणतन्त्रको स्थापना तथा संघिय शासन प्रणालीको शुरुआत सँगै स्थानिय सरकार गठन भई जन आकांक्षा अनुरुप राक्सिराँङ्ग गाउँपालिकाले झण्डै तीन वर्ष पार गर्न लागिरहेको छ । नयाँ संवैधानिक संरचना तथा स्थानीय तहको दायित्व ठुलो छ भने स्थानीय सरकारप्रति जनआकांक्षा तथा अपेक्षाहरु धैरै रहेका छन् । यि जनआकांक्षा तथा अपेक्षा पुरा गर्न गाउँपालिकाले विगत दुइ वर्षमा वार्षिक निती तथा कार्यक्रम मार्फत विकास निर्माणका कामहरु अगाडि बढाइरहेको छ । विद्यमान कोभिड १९ को विश्व महामारीको परिस्थितीमा संक्रमणलाई न्यूनिकरण तथा नियन्त्रण, खाद्य सुरक्षाको परिपूर्ति गरी समाजलाई जोखिम मुक्त बनाउने जटिल चुनौती रहेको छ भने गाउँपालिकाको आर्थिक अवस्था मजबुत बनाउँदै विकास निर्माण तथा गुणस्तरिय सेवा प्रदान गर्नुपर्न छ । गाउँपालिकाको आन्तरिक आमदानीको श्रोत वृद्धि तथा मानविय क्षमता बलियो बनाइ गाउँ वासीहरुको आशा, भरोसा तथा नागरिकका मौलिक हकहरुको सुनिश्चित गर्नुपर्ने दायित्व रहेको छ । सिमित साधन तथा श्रोतहरुको परिचालन गरि स्थानीय सेवा सुबिधाहरु सहज रुपमा नागरिकहरुलाई उपलब्ध गराउने जिम्मेवारी गाउपालिकमा रहेको छ भने भोकमरीको अन्त्य, गरिवी निवारण तथा आर्थिक विकाशका अवशरहरुको श्रृजना गरि नागरिकको खाद्य अधिकारको सुनिश्चित गर्नुपर्नै गहन दायित्व रहेको छ । यिनै पृष्ठभूमिमा समग्र गाउँपालिकाका समस्या तथा चुनौती, सवलपक्ष, सुधार गर्नुपर्ने क्षेत्र अवसरहरु तथा सम्भाव्यताहरुको संक्षिप्त विश्लेषण निम्न अनुसार रहेका छन् ।

### क. मुख्य समस्या तथा चुनौतीहरु

- विद्यमान गरिबीको अवस्थालाई राष्ट्रिय लक्ष्य अनुसार २०३० सम्म ५ प्रतिशत र भोकमरीको अवस्था २०२५ सम्म शुन्यमा झार्न हालको गाउँपालिकाको आर्थिक तथा मानविय संसाधनले मात्र पुरागर्न कठीन हुने अवस्था छ । राक्सिराङ्ग गाउँपालिकामा समग्र गरिवी तथा भोकमरीको अवस्था निकै संवेदनशील छ । याहाँको झण्डै ८० प्रतिशत घरधुरीलाई वर्षभरि आफ्नो उत्पादनले खान पुग्दैन भने बेरोजगारीको बिद्यमान अवस्था पनि जटिल छ ।
- बहुसंख्यक जनता कृषि तथा पशुपालनमा आश्रित भएतापनि कृषि क्षेत्रबाट युवा जनशक्ति पलायन हुँदा, कृषि जनशक्ति कम हुँदै गइरहेको छ भने कृषि तथा पशुपालनलाई व्यवसायमुखी बनाई उत्पादकत्व बढाउन चुनौतीपूर्ण अवस्था रहेको छन् । परम्परागत कृषि प्रणाली तथा सिमीत खेती योग्य जमिन भएकाले यहा उत्पादित खाद्यान्नले वर्षको ५ महिना पनि खान नपुग्ने अवस्था छ ।
- समुदाय स्तरमा विशेषतः महिला, किशोर-किशोरी तथा बालबालिकाहरुमा पोषण, खाद्य सुरक्षा तथा खाद्य अधिकार बारे जनचेतनाको कमी रहेको छ, बढ्दो पत्रु खानाको प्रयोग, सरसफाइ तथा सफा खानेपानीको पहुँच सबै घरपरिवारमा पुऱ्याउन नसकिएको अवस्था छ । कुपोषण, झाडापखाला, निमोनयिा तथा अन्य मौसमी रोगहरुका कारण आमा तथा वाल मृत्यु दर तुलनात्मक रुपमा बढि छ ।
- कृषि, खाद्य तथा पोषण सँग सम्बन्धि आधारभूत सूचना तथा तथ्याङ्कलाई आधुनिक डिजिटल प्रणाली अनुसार व्यवस्थापन गर्न सकिएको छैन । गरिवी तथा भोकमरीमा रहेका घरपरिवारका लागत, कृषक परिचय पत्र तथा जोखिमपूर्ण अवस्थाको नक्साङ्कन गरि गाउपालि भित्र सवै किसीमका सूचनाहरु अद्यावधिक गर्नुपर्ने छ ।
- आवधिक तथा दिर्घकालिन गाउँ विकास योजना निर्माण तथा प्रभावकारी कार्यान्वयनका लागि हालको आर्थिक तथा मानविय क्षमता यथेष्ट छैन ।
- कृषि बजारमा बिचौलियाहरुको हस्तक्षेप अत्यधिक भएकोले कृषकहरुले कृषि उपजको सहि मुल्य पाउन सकेको छैनन्, कृषि बजारमा कृषकहरुको पहुँच बढाउन सकिरहेको छैन भने कृषि उपज संलकन केन्द्रहरुलाई व्यवस्थित तथा संस्थागत बनाउनु पर्ने चुनौती छ ।
- कृषकहरुलाइ उत्पादन सामग्री विशेषत रसायनिक मल तथा गुणस्तरिय बीउ सहज रुपमा उपलब्ध हुन सकेको छैन । मल, बीउ तथा कृषि बजारको सहजता राष्ट्रिय समस्या/चुनौतीको विषय भएकोले स्थानिय स्तरमा कृषकहरुमा निरासा पैदा भइरहेको अवस्था छ ।

- कृषि पेशा तथा कृषकहरुलाई सम्मानजनक रुपमा अगाडि बढाउन सकिएको छैन, युवाहरु कृषि क्षत्रबाट पलायन भैरहेका छन भने कृषकहरुलाई संस्थागत रुपमा समेटी कृषकको पहिचान दिनुपर्ने ठूलो चुनौती रहेको छ ।
- बिकट भौगोलिक अवस्था तथा सडक पुर्वाधार सहज नभएकाले समयमै मल, बीउ, कृषि सामग्री, कृषि प्रविधी तथा आधुनिक कृषि उपकरणहरुको सहज परिपूर्ति हुन सकिरहेको छैन ।
- कृषि तथा पशुपालनलाई उद्यम/व्यवसायिक रुपमा अगाडि बढाउन आवश्यक सहुलियत पूर्ण कृषि कर्जा, अनुदान तथा कृषि पशु बिमालाई प्रभावकारी बनाउनु पर्ने चुनौती छ ।
- बन जंगलमा समुदायको अत्यधिक चाप, डढेलो, खोरिया फडानी, खुला चरिचरणका कारण अधिक भु–क्षय तथा वातवरणिय ह्रास भैरहेको अवस्था छ ।

**ख. अवसर तथा सम्भावना**

- पर्यटन प्रर्वधनका लागि होटल/रेष्टुरेष्ट, होमस्टे तथा पैदल मार्गका लागि छिमेकी गाउँपालिका/नगरपालिका तथा निजी क्षेत्रसँगको साझेदारीको सम्भावना रहेका छन् ।
- विद्यमान संक्रमणकालिन अवस्थामा प्रदेश तथा संघसँगको समन्वयमा आवधिक तथा दिर्घकालिन विकास योजनाको निर्माण, कार्यान्वयन तथा दक्ष जनशक्तिको परिपूर्ति गरी संवृद्ध, हराभरा तथा सुगम राक्सिराङ्ग बढाउन सम्भव छ ।
- जल तथा जमिनको दिगो व्यवस्थापन गरी कृषि क्षेत्रलाई व्यवसायिक बनाउने, दिगो कृषि प्रणाली तथा धरातलिय स्वरुप अनुसारको वैज्ञानिक खेती प्रणालीको बिस्तार गरि कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न विकाश साझेदार संस्थासंग हातेमालो गर्ने ।
- प्रदेश तथा संघिय सरकारको संयुक्त लगानीमा कृषि थोक बजारको स्थापना, कृषि उपजहरुको प्रशोधन तथा वितरणको व्यवस्था गरी कृषि/पशु ब्यबसायलाइ गाउँवासीको मुख्य आर्थिक श्रोतको रुपमा विकसित गर्नसकीने सम्भावना रहेको छ ।
- गाउँपालिकामा रहेको २२ वटा कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरुको साझेदारीमा कृषक समुहहरुलाई संस्थागत गरी कृषि बजार तथा संलकन केन्द्रहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन सकिने सम्भावना रहेको छ ।
- मौरी तथा बाख्रा पालन क्रमिकरुपमा व्यबसयिक भैरहेको अवस्थामा यि क्षेत्रहरुलाई पकेट क्षेत्रको रुपमा बिस्तार गरि पूर्ण रुपमा व्यबसायिकरण गर्ने संभावना रहेको छ ।
- राक्सिराङ्ग गाउँपालिकामा झण्डै ६५ प्रतिशत बनजंगल क्षेत्र रहेको छ भने विभिन्न प्रजातीका जडीबुटीहरु पाइन्छन् । गैह्रकाष्ट बन पैदावरहरुमा आधारित उद्यमहरुको संभाब्यता अध्ययन गरि यसमा आधारित उद्यमहरुको संचालन तथा रोजगारीको प्रसस्त संभावना रहेको छ ।

**ग. सवल पक्षः**

- नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको क्षेत्राधिकार अन्तरगत राक्सिराङ्ग गाउँपालिकाले ऐन, नियम र कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याइसकेको छ ।
- जनसहभागिता तथा समावेशीमुलक वार्षिक नीति तथा कार्यक्रमहरु, आवधिक योजना निर्माण तथा विकास योजनाहरुको कार्यान्वयन प्रक्रियाको थालनी भएको छ ।
- पूर्वाधार निर्माण विशेषगरी सडक सञ्जालको विस्तार, बिजुली बत्तीको पहुँच तथा सञ्चार सेवा क्रमिक रुपमा विस्तार भैरका छन ।
- गाउँपालिकाका सबै वडाहरुमा कोभिड १९ लगायत अन्य विपद व्यवस्थापनका लागि वडा स्तरिय विपद व्यवस्थापन समितिका निर्माण तथा विपद न्यूनीकरण योजना अनुसार राहत सहयोगका कार्यहरु सञ्चालनमा छन् भने उपाध्यक्ष ज्युको संयोजकत्वमा बिपद व्यवस्थापन समिती गठन भई आवश्यक बजेट विनियोजन तथा कार्यान्वयन भैरहेको छ ।
- गाउँपालिकाले वडा नं ५ को चैनपुर स्थित आफ्नै भवन निमार्ण गरि प्रशासनिक तथा विकाश कार्यहरु सुचारु गरिरहेको छ भने ९ ओटै वडाका वडा कार्यालयहरुको निर्माण तथा सञ्चालन क्रमिक रुपमा व्यवस्तित भैरहेका छन ।
- चालु वर्षमा गाउँपालिका कर्मचारीहरुको क्रमिक व्यवस्थापन गरी विषयगत क्षेत्रका कर्मचारीहरुको पदपुर्ती अगाडि बढाइको छ । कृषि, स्वास्थ्य, शिक्षा तथा अन्य विषयगत क्षेत्रका कर्मचारीहरुले समुदायमा सेवा निरन्तरता गरिरहेका

छन् । जनप्रतिनिधि र कर्मचारीहरु विच सौहार्दता, समन्वय तथा सहकार्यमा आधारभूत सेवा तथा विकास निर्माणका कार्यहरु कार्यान्वयन भैरहेका छन ।

### २.६.२. वडा स्तरीय समस्या, चुनौती, सवलफक्ष तथा अवसरहरुको विश्लेषणः

| वडा नं. | समस्या/चुनौति | अवसर तथा संभावना | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|---|---|
| १ | सिंचाईको अभाव, भूक्षय, बाढी पहिरो, न्यून उत्पादन र उचित बजार मुल्य नपाउनाले कृषी पेशा प्रतिको आकर्षण घटदै जानु, परम्पारगत खेती प्रणाली अवलम्बनका कारण लागत बढनु, वातावरण सुहाउँदो कृषी तथा पशुपंक्षी व्यवसाय नगरिनु, समयमै मल बिउ उपलब्धन नहुनु, गोठेमल व्यवस्थापन, बिषादी प्रयोग सम्बन्धमा ज्ञान र शीप न्यून हुनु, कृषि उपज संकलन केन्द्र नुहुन र भएको पनि उचित व्यबस्थापन नुहुन, बजारको अभाव, कृषकहरुलाई बाली तथा पशु विमा बारे न्यून ज्ञान तथा ज्ञान भएकाहरुको पनि विमा कम्पनीसम्म पहुँच नहुनु । पशुपालन सम्बन्धी प्राविधिक ज्ञानको कमी, पशुस्वास्थ सेवा समयमै उपलब्ध नहुनु, माटोको गुणस्तर खस्कदैं जानु, खोरिया प्रणाली कायमै रहनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, बजारमा स्वच्छ खाद्यको उपलब्धता नहुनु, भौगालिक विकटता हुनु आदि | दलहन, परम्परागत अन्न बाली र मसलाजन्य उत्पादन (अदुवा, बेसार, खुर्सानी, प्याज आदि) लाई व्यवसायिक हिसाबले उत्पादन र प्रवर्धन गर्न सकिने, व्यवसायिक तरकारी तथा उच्चमुल्यको फलफुल (एभोकाडो, सुन कागती आदि) खेती पवर्धन गर्न सकिने, थोक तथा कृषी उपज संकलन केन्द्र स्थापन गर्न सकिने, | वडामा कच्ची भएपनि सडक संजालिकरण छ साथै मुख्य सडक -नेवारपानीबाट समेत १२ की.मी.को दुरीमा रहेको, व्यवसायिक कृषी तथा पशुपंक्षी व्यवसाय प्रवर्धन गर्न सकिने, बिद्युत, सिचाईको लागि स्रोतको उपलब्धता, कृषी सहकारीहरु स्थापन भएको, स्कूल र स्वास्थ्य चौकी स्थापना भएको | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, बजारको नियमित अनुगमन, त्यहाँ भएको समुहहरुको नियमन र परिचालन, प्राविधिक जनशक्ती उत्पादन तथा परिचालन, पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, स्थानीय अन्नबालीलाई निर्वाहमुखी भन्दा पनि व्यवसायिक हिसाबले प्रवर्धन गर्नुपर्ने, वडामा भएका समुहहरुलाई मापन तथा बिषयगत हिसाबले वर्गिकरण गरी सोही बमोजिम व्यवसायिक कृषी तथा पशुपंक्षि क्षेत्र प्रवर्धन गर्नुपर्ने र पुर्वाधार विकासमा जोड दिने |
| २ | भिरालो जमिन, बाढी पहिरो, न्यून उत्पादन, कृषी पेशा प्रतिको आकर्षण घटदै जानु, परम्पारगत खेती प्रणाली, व्यवसायिक रुपमा कृषी तथा पशुपंक्षी उत्पादन नगरिनु, समयमै मल बिउ उपलब्धन नहुनु, गोठेमल व्यवस्थापन, बिषादी प्रयोग सम्बन्धमा ज्ञान र शीप नहुनु, कृषी, बजारको अभाव, कृषकहरुलाई बाली तथा पशु विमा बारे न्यून ज्ञान तथा ज्ञान भएकाहरुको पनि विमा कम्पनीसम्म पहुँच नहुनु । पशुपालन सम्बन्धी प्राविधिक | परम्परागत अन्न बाली र मसलाजन्य उत्पादन (अदुवा, बेसार, खुर्सानी, प्याज आदि) लाई व्यवसायिक हिसाबले उत्पादन र प्रवर्धन गर्न सकिने, तरकारीको बिउ, फलफूलको बेर्ना र अन्य घाँसपादको नर्सरी सञ्चालन गर्न सकिने, व्यवसायिक तरकारी तथा उच्चमुल्यको फलफुल | वडामा कच्ची भएपनि सडक संजालिकरण छ साथै मुख्य सडक -नेवारपानीबाट समेत ११ की.मी.को दुरीमा रहेको, व्यवसायिक कृषी तथा पशुपंक्षी व्यवसाय पर्वधन गर्न सकिने, बिजुलीबत्ती, सिचाईको लागि स्रोतको उपलब्धता, कृषी सहकारीहरु | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, उन्नत जातको बिउविजनको प्रयोग बढाई कृषि उत्पादन र उत्पादकत्व बढाउने, स्थानीय युवालाई प्राविधिक जनशक्ती उत्पादनको लागि लगानी गरी परिचालन गर्ने, बाखा र दलहन उत्पादनको पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, स्थानिय अन्नबालीलाई निर्वाहमुखी |

| | | | | |
|---|---|---|---|---|
| | ज्ञानको कमी, पशुस्वास्थ सेवा उपलब्ध नहुनु, माटोको गुणस्तर खस्कदैं जानु, खोरिया प्रणाली कायमै रहनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, बजारमा स्वच्छ खाद्यको उपलब्धता नहुनु, भौगालिक विकटता हुनु आदि | (एभोकाडो, कागती आदि) खेती पवर्धन गर्न सकिने, थोक तथा कृषी उपज संकलन केन्द्र स्थापन गर्न सकिने, | स्थापन भएको, स्कूल र स्वास्थ्य चौकी स्थापना भएको, साथै कृषि उत्पादन संकलन केन्द्र रहेको | भन्दा पनि व्यवसायिक हिसाबले प्रवर्धन गर्नुपर्ने, वडामा भएका सहकारी र समुहहरुलाई मापन तथा बिषयगत हिसाबले वर्गिकरण गरी सोही बमोजिम व्यवसायिक कृषी तथा पशुपंक्षि क्षेत्र प्रवर्धन गर्नुपर्ने र पुर्वाधार विकासमा जोड दिने |
| ३ | कृषी पेशा प्रतिको आकर्षण घटदै जानु, परम्पारगत खेती प्रणाली, व्यवसायिक रुपमा कृषी तथा पशुपंक्षी उत्पादन नगरिनु र गर्नेलाई पनि समयमै मल बिउ उपलब्धन नहुनु र कृषकले कृषि उत्पादनको मुल्य नपाउनु, गोठेमल व्यवस्थापन नहुनु, बिषादी प्रयोग सम्बन्धमा ज्ञान र शीप नहुनु, , कृषकहरुलाई बाली तथा पशु विमा बारे न्यून ज्ञान तथा ज्ञान भएकाहरुको पनि विमा कम्पनीसम्म पहुँच नहुनु । माटोको गुणस्तर खस्कदैं जानु, खोरिया प्रणाली कायमै रहनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, बजारमा स्वच्छ खाद्यको उपलब्धता नहुनु, भौगालिक विकटता हुनु आदि | अन्य वडा भन्दा यस वडामा पर्याप्त समधर र उत्पादनयुक्त भूमि हुनु, परम्परागत अन्न बाली र मसलाजन्य उत्पादन ( अदुवा, बेसार, खुर्सानी, प्याज आदि) लाई व्यवसायिक हिसाबले उत्पादन र प्रवर्धन गर्न सकिने, तरकारीको बिउ, फलफूलको बेर्ना र अन्य घाँसपादको नर्सरी सञ्चालन गर्न सकिने, व्यवसायिक तरकारी तथा उच्चमुल्यको फलफुल (एभोकाडो, कागती केरा आदि) खेती पवर्धन गर्न सकिने, थोक तथा कृषी उपज संकलन केन्द्र स्थापन गर्न सकिने, | अन्य वडाभन्दा यस वडामा पर्याप्त उत्पादनयुक्त भुमी रहेको, सडक संजालिकरण भएको, गा.पा. बाट नजिक रहेको व्यवसायिक कृषी तथा पशुपंक्षी व्यवसाय प्रवर्धन गर्न उपयुक्त स्थान, भौतिक पुर्वाधारहरु ( बिजुली, सञ्चार, आदि भएको, सिचाईको लागि स्रोतको उपलब्धता, कृषी सहकारीहरु स्थापन भएको, स्कूल र स्वास्थ्य चौकी स्थापना भएको | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, उन्नत जातको बिउ विजनको प्रयोग बढाई कृषि उत्पादन र उत्पादकत्व बढाउने, बाखा, कुखुरा र दलहन उत्पादनको पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, स्थानिय अन्नबालीलाई निर्वाहमुखी भन्दा पनि व्यवसायिक हिसाबले प्रवर्धन गर्नुपर्ने, वडामा भएका सहकारी र समुहहरुलाई मापन तथा बिषयगत हिसाबले वर्गिकरण गरी सोही बमोजिम व्यवसायिक कृषी तथा पशुपंक्षि क्षेत्र प्रवर्धन गर्नुपर्ने र पुर्वाधार विकासमा जोड दिने |
| ४ | गरिबी, भोकमरी, अशिक्षा, अत्यन्तै भिरालो जमिन, मनग्गे उत्पादन र बृक्रि वितरण हुने खेती (गाँजा) गैरकानूनी घोषित हुनु, अन्य कृषी पेशा प्रतिको आकर्षण घटदै जानु, कृषि पेशा गरेपनि न्यून उत्पादन हुनु, भूमिहिनता, परम्पारगत खेती प्रणाली, व्यवसायिक रुपमा कृषी तथा पशुपंक्षी उत्पादन नगरिनु र गर्नेलाई पनि समयमै मल बिउ उपलब्धन नहुनु र कृषकले कृषि उत्पादनको मुल्य नपाउनु, कृषकहरुलाई बाली तथा पशु | परम्परागत अन्न बाली र दलहन उत्पादनको लागि उपयुक्त स्थान, मह उत्पादन गर्न सकिने, बाखा पालनको लागि पकेट क्षेत्र घोषणा गर्न सकिने, अम्रिसो, चिउरी आदिलाई प्रवर्धन गर्न सकिने | पर्याप्त मह उत्पादन गर्न सकिने, केरा, चिउरी, कोदो, फापर बाखा, कुखुरा आदि उत्पादन गरी पशुपंक्षी व्यवसाय प्रवर्धन गर्न उपयुक्त स्थान, | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, उन्नत जातको बिउ विजनको प्रयोग बढाई कृषि उत्पादन र उत्पादकत्व बढाउने, बाखा, कुखुरा र दलहन र मह उत्पादनको पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, कृषी तथा पशुपंक्षि बिमा गर्न कृषकलाई विमा कम्पनी सम्मको पहुँच |

| | | | | |
|---|---|---|---|---|
| | विमा बारे ज्ञान नहुनु माटोको गुणस्तर खस्कदैं जानु तथा माटो परीक्षण नहुनु, खोरिया प्रणाली कायमै रहनु, बाढी पहिरोले वर्षेनी दुख दिनु, यातायात पुर्वाधार नहुनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, खाद्यान्नमा बजारको भर पर्नु, बेरोजगारी, ज्याला मजदुरीमा खाद्य सुरक्षा निर्भर हुनु, प्राकृतिक विपत्ति (बाढी पहिरो, असिना, चट्याङ, हावाहुरीले किसानलाई सँधै दुख दिनु, भौगालिक विकटता हुनु आदि | | | बृद्धि गर्ने, पुर्वाधार विकासमा जोड दिने र गाँजालाई बैकल्पिक खेतीको रुपमा संरक्षण गरी उत्पादन र बिक्रि वितरण गर्ने, खानेपानीको मुहान व्यवस्थित गरी स्वच्छ वडाबासीलाई खानेपानीको सुविधा दिने पर्यटन प्रवर्धन गर्ने |
| ५ | गरिबी, भोकमरी, अशिक्षा, बेरोजगारी अत्यन्तै भिरालो जमिन, मनग्गे उत्पादन र बृक्रि वितरण हुने खेती कृषि पेशा गरेपनि न्यून उत्पादन हुनु, भूमिहिनता, परम्पारगत खेती प्रणाली, व्यवसायिक रुपमा कृषी तथा पशुपंक्षी उत्पादन नगरिनु र गर्नेलाई पनि समयमै मल बिउ उपलब्धन नहुनु र कृषकले कृषि उत्पादनको मुल्य नपाउनु, कृषकहरुलाई बाली तथा पशु विमा बारे न्यून ज्ञान हुनु साथै ज्ञान हुनेहरुको लागि पनि बिमा गर्ने कार्य सहज नहुनु माटोको गुणस्तर खस्कदैं जानु तथा माटो परीक्षण नहुनु, खोरिया प्रणाली कायमै रहनु, बाढी पहिरोले वर्षेनी दुख दिनु, यातायात पुर्वाधार नहुनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, खाद्यान्नमा बजारको भर पर्नु, बेरोजगारी, ज्याला मजदुरीमा खाद्य सुरक्षा निर्भर हुनु, प्राकृतिक विपत्ति (बाढी पहिरो, असिना, चट्याङ, हावाहुरीले किसानलाई सँधै दुख दिनु, भौगालिक विकटता हुनु आदि | परम्परागत अन्न बाली र मसलाजन्य उत्पादन (अदुवा, बेसार, खुर्सानी, प्याज आदि) लाई व्यवसायिक हिसाबले उत्पादन र प्रवर्धन गर्न सकिने, तरकारीको बिउ, फलफूलको बेर्ना र अन्य घाँसपादको नर्सरी सञ्चालन गर्न सकिने, व्यवसायिक तरकारी तथा उच्चमुल्यको फलफुल (एभोकाडो, कागती आदि) खेती पवर्धन गर्न सकिने, थोक तथा कृषी उपज संकलन केन्द्र स्थापन गर्न सकिने, | अन्य वडाभन्दा यस वडा नं. ५ मा सडक संजालिकरण भएको र मुख्य राजमार्गसँग जोडिएको गा.पा. बाट नजिक रहेको व्यवसायिक कृषी तथा पशुपंक्षी व्यवसाय प्रवर्धन गर्न उपयुक्त स्थान, भौतिक पुर्वाधारहरु ( बिजुली, सञ्चर, आदि भएको, सिचाईको लागि स्रोतको उपलब्धता, कृषी सहकारीहरु स्थापन भएको, स्कूल र स्वास्थ्य चौकी स्थापना भएको | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, उन्नत जातको बिउ विजनको प्रयोग बढाई कृषि उत्पादन र उत्पादकत्व बढाउने, बाखा, कुखुरा र दलहन उत्पादनको पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, स्थानिय अन्नबालीलाई निर्वाहमुखी भन्दा पनि व्यवसायिक हिसाबले प्रवर्धन गर्नुपर्ने, वडामा भएका सहकारी र समुहहरुलाई मापन तथा बिषयगत हिसाबले वर्गिकरण गरी सोही बमोजिम व्यवसायिक कृषी तथा पशुपंक्षि क्षेत्र प्रवर्धन गर्नुपर्ने र पुर्वाधार विकासमा जोड दिने |
| ६ | अशिक्षा, बेरोजगारी, गरिबी, अत्यन्तै भिरालो जमिन, मनग्गे उत्पादन र बृक्रि वितरण हुने खेती कृषि पेशा गरेपनि न्यून उत्पादन हुनु, भूमिहिनता, परम्पारगत खेती प्रणाली, व्यवसायिक रुपमा कृषी तथा | मह उत्पादन र वितरण, परम्परागत अन्न बाली र मसलाजन्य उत्पादन ( अदुवा, बेसार, खुर्सानी, प्याज आदि) लाई व्यवसायिक हिसाबले | अन्य वडाभन्दा यस वडा नं. ६ मा सडक संजालिकरण कच्ची भए पनि राम्रो रहेको, व्यवसायिक कृषी तथा पशुपंक्षी | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, मह उत्पादनको लागि पकेट क्षेत्र घोषणा गरिनु पर्ने, उन्नत जातको बिउ विजनको प्रयोग बढाई कृषि |

| | | | | |
|---|---|---|---|---|
| | पशुपंक्षी उत्पादन नगरिनु र गर्नेलाई पनि समयमै मल बिउ उपलब्धन नहुनु र कृषकले कृषि उत्पादनको बजार र मुल्य नपाउनु, कृषकहरुलाई बाली तथा पशु विमा बारे न्यून ज्ञान हुनु साथै ज्ञान हुनेहरुको लागि पनि बिमा गर्ने कार्य सहज नहुनु, पालिका आउनलाई पनि अर्को जिल्ला (चितवन) हुँदै आउनु पर्ने, माटोको गुणस्तर खस्कदैं जानु तथा माटो परीक्षण नहुनु, खोरिया प्रणाली कायमै रहनु, बाढी पहिरोले वर्षेनी दुख दिनु, यातायात पुर्वाधार नहुनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, खाद्यान्नमा बजारको भर पर्नु, बेरोजगारी, ज्याला मजदुरीमा खाद्य सुरक्षा निर्भर हुनु, प्राकृतिक विपत्ति (बाढी पहिरो, असिना, चट्याङ, हावाहुरीले किसानलाई सँधै दुख दिनु, भौगालिक विकटता हुनु आदि | उत्पादन र प्रवर्धन गर्न सकिने, तरकारीको बिउ, फलफूलको बेर्ना र अन्य घाँसपादको नर्सरी सञ्चालन गर्न सकिने, व्यवसायिक तरकारी तथा उच्चमुल्यको फलफुल तथा घाँसपात (एभोकाडो, कागती, अम्रिसो आदि), बाँसजन्य उत्पादन, प्रवर्धन गर्न सकिने, गाउँमै थोक तथा कृषी उपज संकलन केन्द्र स्थापन गर्न सकिने, | व्यवसाय प्रवर्धन गर्न उपयुक्त स्थान, भौतिक पुर्वाधारहरु ( बिजुली, सञ्चर, आदि भएको, सिचाईको लागि स्रोतको उपलब्धता, कृषी सहकारीहरु स्थापन भएको, स्कूल र स्वास्थ्य चौकी स्थापना भएको साथै छिमेकी जिल्ला (चितवन) को बजार नजिक रहेको | उत्पादन र उत्पादकत्व बढाउने, बाखा, कुखुरा र दलहन उत्पादनको पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, स्थानीय अन्नबालीलाई निर्वाहमुखी भन्दा पनि व्यवसायिक हिसाबले प्रवर्धन गर्नुपर्ने, वडामा भएका सहकारी र समुहहरुलाई मापन तथा बिषयगत हिसाबले वर्गिकरण गरी सोही बमोजिम व्यवसायिक कृषी तथा पशुपंक्षि क्षेत्र प्रवर्धन गर्नुपर्ने र पुर्वाधार विकासमा जोड दिने |
| ७ | भौगोलिक विकटता, बेरोजगारी, गरिबी, अत्यन्तै भिरालो जमिन, सिंचाईको अभाव, मनग्गे उत्पादन कृषि पेशा गरेपनि न्यून उत्पादन हुनु, भूमिहिनता, परम्पारगत खेती प्रणाली, व्यवसायिक रुपमा कृषी तथा पशुपंक्षी उत्पादन नगरिनु र गर्नेलाई पनि समयमै मल बिउ उपलब्धन नहुनु र कृषकले कृषि उत्पादनको बजार र मुल्य नपाउनु, कृषकहरुलाई बाली तथा पशु विमा बारे न्यून ज्ञान हुनु साथै ज्ञान हुनेहरुको लागि पनि बिमा गर्ने कार्य सहज नहुनु, आफ्नै गा.पा. आउनलाई पनि अर्को जिल्ला (चितवन) हुँदै आउनु पर्ने, माटोको गुणस्तर खस्कदैं जानु तथा माटो परीक्षण नहुनु, खोरिया प्रणाली कायमै रहनु, बाढी पहिरोले वर्षेनी दुख दिनु, यातायात पुर्वाधार नहुनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, खाद्यान्नमा बजारको भर पर्नु, बेरोजगारी, ज्याला मजदुरीमा खाद्य सुरक्षा | मह उत्पादन र वितरण, परम्परागत अन्न बाली र मसलाजन्य उत्पादन (अदुवा, बेसार, खुर्सानी, आदि) लाई व्यवसायिक हिसाबले उत्पादन र प्रवर्धन गर्न सकिने, तरकारीको बिउ, फलफूलको बेर्ना र अन्य घाँसपादको नर्सरी सञ्चालन गर्न सकिने, व्यवसायिक तरकारी तथा उच्चमुल्यको फलफुल तथा घाँसपात (एभोकाडो, कागती, अम्रिसो आदि), बाँसजन्य उत्पादन, पवर्धन गर्न सकिने, गाउँमै थोक तथा कृषी उपज संकलन केन्द्र स्थापन गर्न सकिने, | यस वडा नं. ७ मा सडक संजालिकरण कच्ची भए पनि रहेको, व्यवसायिक कृषी तथा पशुपंक्षी व्यवसाय प्रवर्धन गर्न सम्भावना रहेको, खानेपानी र सिचाईको लागि स्रोतको उपलब्धता, चिउरी प्रवर्धन गर्न सकिने स्कूल र स्वास्थ्य चौकी स्थापना भएको साथै छिमेकी जिल्ला (चितवन) को बजार नजिक रहेको | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, मह उत्पादनको लागि पकेट क्षेत्र घोषणा गरिनु पर्ने, उन्नत जातको बिउ विजनको प्रयोग बढाई कृषि उत्पादन र उत्पादकत्व बढाउने, बाखा, कुखुरा र दलहन उत्पादनको पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, स्थानिय अन्नबालीलाई निर्वाहमुखी भन्दा पनि व्यवसायिक हिसाबले प्रवर्धन गर्नुपर्ने, वडामा भएका सहकारी र समुहहरुलाई मापन तथा बिषयगत हिसाबले वर्गिकरण गरी सोही बमोजिम व्यवसायिक कृषी तथा पशुपंक्षि क्षेत्र प्रवर्धन गर्नुपर्ने र पुर्वाधार विकासमा जोड दिने |

| | | | | |
|---|---|---|---|---|
| | निर्भर हुनु, प्राकृतिक विपत्ति (बाढी पहिरो, असिना, चट्याङ, हावाहुरीले किसानलाई सँधै दुख दिनु, भौगालिक विकटता हुनु आदि | | | |
| ८ | गरिबी, भोकमरी, अशिक्षा, अत्यन्तै भिरालो जमिन, मनग्गे उत्पादन र बृक्रि वितरण हुने खेती (गाँजा) गैरकानूनी घोषित हुनु, अन्य कृषी पेशा प्रतिको आकर्षण घटदै जानु, कृषि पेशा गरेपनि न्यून उत्पादन हुनु, भूमिहिनता, परम्पारगत खेती प्रणाली, व्यवसायिक रुपमा कृषी तथा पशुपंक्षी उत्पादन नगरिनु र गर्नेलाई पनि समयमै मल बिउ उपलब्धन नहनु र कृषकले कृषि उत्पादनको मुल्य नपाउनु, कृषकहरुलाई बाली तथा पशु विमा बारे ज्ञान नहनु माटोको गुणस्तर खस्कदैं जानु तथा माटो परीक्षण नहनु, खोरिया प्रणाली कायमै रहनु, बाढी पहिरोले वर्षेनी दुख दिनु, यातायात पुर्वाधार नहनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, खाद्यान्नमा बजारको भर पर्नु, बेरोजगारी, ज्याला मजदुरीमा खाद्य सुरक्षा निर्भर हुनु, प्राकृतिक विपत्ति (बाढी पहिरो, असिना, चट्याङ, हावाहुरीले किसानलाई सँधै दुख दिनु, भौगालिक विकटता हुनु आदि | परम्परागत अन्न बाली र दलहन उत्पादनको लागि उपयुक्त स्थान, बाखा पालनको लागि पकेट क्षेत्र घोषणा गर्न सकिने, अम्रिसो, चिउरी आदिलाई प्रवर्धन गर्न सकिने, डाले घाँस, अम्रिसो, चिउरी, उन्नत जातको तरकारी, फलफूल आदिको नर्सरी स्थापना गर्न सकिने, कृषि प्राविधिकलाई लगानी गरी परिचालन गर्न सकिने | केरा, चिउरी, कोदो, फापर बाखा, कुखुरा आदि उत्पादन गरी पशुपंक्षी व्यवसाय प्रवर्धन गर्न उपयुक्त स्थान । कृषि उत्पादन संकलन केन्द्र स्थापना भई सकेको, सामुदायिक बनहरुमा रहेको जडिबुटीहरुको प्रवर्धन गर्ने सम्भावना रहेको | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, उन्नत जातको बिउ विजनको प्रयोग बढाई कृषि उत्पादन र उत्पादकत्व बढाउने, बाखा, कुखुरा र दलहन र उच्च मुल्यको फलफूल उत्पादनको पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, कृषी तथा पशुपंक्षि बिमा गर्न कृषकलाई विमा कम्पनी सम्मको पहुँच बृद्धि गर्ने, पुर्वाधार विकासमा जोड दिने र गाँजालाई बैकल्पिक खेतीको रुपमा संरक्षण गरी उत्पादन र बिक्रि वितरण गर्ने, खानेपानीको मुहान व्यवस्थित गरी वडाबासीलाई स्वच्छ खानेपानीको सुविधा दिने साथै बाँकी भएको पानीलाई करेशाबारीको सिंचाईमा प्रयोग गर्ने, पर्यटन प्रवर्धन गर्ने |
| ९ | भौगोलिक रुपमा अत्यन्तै विकट, सिंचाईको अभाव, भूक्षय, बाढी पहिरो, न्यून उत्पादन र उचित बजार मुल्य नपाउनाको कारण कृषी पेशा प्रतिको आकर्षण घटदै जानु, परम्पारगत खेती प्रणालि अवलम्बनका कारण लागत बढनु, वातावरण सुहाउँदो कृषी तथा पशुपंक्षी व्यवसाय नगरिनु, समयमै मल बिउ उपलब्धन नहनु, गोठेमल व्यवस्थापन, बिषादी प्रयोग सम्बन्धमा ज्ञान र शीप नहनु, कृषी उपज संकलन केन्द्र नुहुन बजारको सम्मको पहुँच नहनु, कृषकहरुलाई बाली तथा पशु विमा बारे न्यून ज्ञान तथा ज्ञान भएकाहरुको पनि विमा कम्पनीसम्म पहुँच नहनु । पशुपालन सम्बन्धी प्राविधिक ज्ञानको कमी, पशुस्वास्थ सेवा उपलब्ध नहनु, | कृषि तथा पशुपालन (दलहन, परम्परागत अन्न बाली र मसलाजन्य उत्पादन (अदुवा, बेसार, खुर्सानी, प्याज आदि) लाई व्यवसायिक हिसाबले उत्पादन र प्रवर्धन गर्न सकिने, व्यवसायिक तरकारी तथा | वडामा कच्ची भएपनि सडक संजालिकरण छ व्यवसायिक रुपमा कृषी तथा पशुपंक्षी व्यवसाय पर्वर्धन गर्न सकिने, बिजुलीबत्ती, सिचाईको लागि स्रोतको उपलब्धता, कृषी सहकारीहरु स्थापन भएको, स्कूल र स्वास्थ्य चौकी स्थापना भएको, सामुदायिक वन र पर्यटकीय | ग्रामिण कच्ची सडकको स्तरोन्नती गरी बाह्रै महिना आवतजावत सहज बनाउनु पर्ने, बजारको नियमित अनुगमन, त्यहाँ भएको समुहहरुको नियमन र परिचालन, प्राविधिक जनशक्ती उत्पादन तथा परिचालन, दलहन, कोदो फापर, मकै र बाखाको पकेट क्षेत्र निर्धारण गरी सोही बमोजिम कृषी तथा पशुपंक्षी व्यवसाय पवर्द्धन, स्थानिय अन्नबालीलाई निर्वाहमुखी भन्दा पनि व्यवसायिक हिसाबले प्रवर्धन गर्नुपर्ने, वडामा भएका समुहहरुलाई |

| | | | | |
|---|---|---|---|---|
| | माटोको गुणस्तर खस्कदैं जानु, खोरिया प्रणाली कायमै रहनु, पोषणयुक्त खाना खाने सम्बन्धमा चेतनाको कमी, बजारमा स्वच्छ खाद्यको उपलब्धता नहुनु, सामाजिक सेवा जस्तै वृद्ध, वृद्धा, अपाङ्गता, सुत्केरी आदि भत्ता लिनको लागि २ दिन खर्चनु पर्ने | उच्चमुल्यको फलफुल (एभोकाडो, कागती आदि) खेती पवर्धन गर्न सकिने, थोक तथा कृषी उपज संकलन केन्द्र स्थापन गर्न सकिने, | स्थलहरु भएको | मापन तथा बिषयगत हिसाबले वर्गिकरण गरी सोही बमोजिम व्यवसायिक कृषी तथा पशुपंक्षि क्षेत्र प्रवर्धन गर्नुपर्ने र पुर्वाधार विकासमा जोड दिने |

## २.७ सरोकारवालाहरूको विश्लेषण

| सरोकारवाला | भूमिका र महत्व | प्रभाव(+-) | मुख्य सरोकार र प्रत्येक्ष/अप्रत्येक्ष सहभागिता |
|---|---|---|---|
| • सङ्घीय सरकार मातहतका अङ्गहरू | संविधानको अधिनमा रही कानुन तथा नीति निर्देशन दिने स्थानीय निकायलाई विषयगत बजेट विनियोजन गर्ने तथा राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू, निर्धारण, दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयन गर्न स्थानीय निकायलाई नीतिगत सहयोग पुचाउने | स्थानीय निकायको नीति तथा कार्यक्रम बजेट विनियोजन, कानुन तथा निर्देशिकाद्वारा प्रत्यक्ष प्रभाव देखिन्छ । (+++) | स्थानीय निकायलाई नीति निर्देशन तथा नियमन गर्ने । |
| • प्रदेश सरकार | संविधान तथा सङ्घीय कानुनले दिएको अधिकार क्षेत्रभित्र रही स्थानीय निकायलाई नीति निर्देशन, बजेट विनियोजन तथा प्रदेश सरकारका प्राथमिक क्षेत्रहरूको पहिचान, दिर्घकालीन योजना निर्माण तथा स्थानीय निकायलाई विशेषज्ञ सहयोग उपलब्ध गराउने | स्थानीय निकायको नीति तथा कार्यक्रम बजेट विनियोजन, कानुन तथा निर्देशिकाद्वारा प्रत्यक्ष प्रभाव देखिन्छ । (+++) | स्थानीय निकायले प्रभावकारी रूपमा विकासनिर्माण, गुणस्तरीय सेवा दिए/नदिएको अनुगमन,साथै क्षमता बृद्दि गर्ने । |
| • जिल्ला समन्वय समिति | जिल्ला समन्वय समितिले प्रदेश, गाउँ तथा नगरपालिकाबीच समन्वय गर्ने तथा राजनैतिक मतमतान्तरहरूको छिनोफानो गर्ने | विकास निर्माणको क्षेत्रमा प्रत्यक्ष प्रभाव देखिँदैन (+) | जिल्लाभित्र समन्वयकारी भूमिका |
| • कृषि र पशु विकास मन्त्रालय र मातहतका विभागहरू | कृषि विकास रणनीतिका आधारमा कृषि तथा पशु विकास योजना तर्जुमा, बजेट विनियोजन र प्राविधिक सहयोग जिल्ला तथा फर्महरू र अन्य कृषि केन्द्र । | प्रत्यक्ष प्रभाव (+) विशेष गरी कृषि र पशु विकास क्षेत्र, कृषी परियोजनाहरुको कार्यान्वयन तथा स्थानिय निकायसँगको समन्वय (+++) | कृषि र पशु विकास क्षेत्रमा प्रत्यक्ष रुपमा प्राविधिक सहयोग तथा सहभागिता |
| • कृषि ज्ञान केन्द्र | प्रत्यक्ष रूपमा गाउँपालिकालाई प्राविधिक तथा परामर्श दिने संघ र प्रदेश मातहतका परियोजना कार्यान्वयन गर्ने | प्रत्यक्ष प्रभाव (+++) | कृषी/पशु विकास क्षेत्र अन्तर्गत स्थानिय निकाय तथा कृषी ज्ञान केन्द्रबिच समन्वय तथा |

| | | | |
|---|---|---|---|
| | | | प्राविधिक क्षमता अभिवृद्धी । |
| • गाउँपालीकाका सेवा प्रदायक विषयगत विभाग<br>• (कृषि सेवा केन्द्र, वन, विद्यालय चौकी, स्वाथ्य केन्द्र आदि) | विषयगत विभागहरूको प्रत्यक्ष रूपमा समुदायसँग सम्बन्ध रहन्छ । सबै खालका सेवाहरू विषयगत विभागद्वारा समुदायमा पुग्छ । सबै किसिमका आधारभूत सेवा समुदायसम्म पुचाउन अहम भूमिका रहन्छ । | प्रत्यक्ष प्रभाव (+++++) गाउँपालीकामा पर्छ | समुदायलाई दिइने सबै सेवाहरूमा प्रत्यक्ष सहभागिता रहन्छ । |
| • निजी क्षेत्रका सेवा प्रदायकहरू | निजी क्षेत्र सरकारको दोस्रो अङ्गको रूपमा रहन्छ । सबै प्रकारका सेवा तथा सुविधाहरू निजी क्षेत्रले समुदायमा प्रत्यक्ष रूपमा पुचाँउने भूमिका रहन्छ । | प्रत्यक्ष प्रभाव +++ | प्रत्यक्ष रुपमा जनसम्पर्क तथा सहभागिता रहन्छ । |
| • वित्तीय क्षेत्र (वैंक, सहकारी) | वित्तीय सेवाहरू समुदाय स्तरमा पुचाउन महत्वपूर्ण भूमिका रहन्छ । | प्रत्यक्ष प्रभाव (+++) | वित्तीय सेवा सुविधा उपलब्ध गराउने |
| • गाउँपालीका स्थिति विभिन्न राजनैतिक दल | गाउँपालीकाको नीतिगत तथा कार्यक्रमहरूमा प्रत्यक्ष प्रभाव रहन्छ भने सामाजिक पहुँच समुदाय तथा घरपरिवारसम्म रहन्छ । | प्रत्यक्ष प्रभाव (+,-) सहयोग वा असहयोग | द्वन्द वा समझदारी, कार्य सम्पादनमा प्रभाव पार्छ । |
| • गैह्रसरकारी संस्था, सामाजिक तथा विकास साझेदार संस्थाहरू | विकासको कार्यक्रमहरूमा गाउँपालीकासग साझेदारी गर्ने तथा समुदायसँग प्रत्यक्ष रूपमा उपस्थित रहन्छ । | प्रत्यक्ष प्रभाव (+++) | विकास निर्माणमा प्रत्यक्ष रुपमा आर्थिक सहयोग । |
| • प्राविधिक शिक्षालय | जिल्ला स्थित प्राविधिक शिक्षालयले प्राविधिकहरू उत्पादन र प्राविधिक सेवाका लागि परिचालन | प्रत्यक्ष प्रभाव (+) | |
| • सामुदायिक समूह (वन उपभोक्त, कृषक, आमा समूह, खानेपानी, सिँचाइ) | लक्षित समुदाय भएकोले हरेक विकास कार्यक्रममा प्रत्यक्ष सहभागिता तथा सेवाको पहुँच, संस्थागत दिगो विकासको आधार | प्रत्यक्ष प्रभाव (++++) | योजनाको केन्द्रविन्दु नै समुदाय तथा नागरिक रहन्छन । |

**नोटः**

- + सहयोगी भूमिका, ++ सहयोगी भूमिका तथा स्रोतको साझेदारी, +++ महत्वपुर्ण भूमिका तथा स्रोत साझेदारी, ++++ अति महत्वपुर्ण भूमिका, स्रोत साझेदारी तथा सहभागिता, +++++ अति महत्वपुर्ण भूमिका, स्रोत साझेदारी तथा नीतिगत सहयोग,
- - कार्यकम कार्यान्वयनमा असहयोग,

# परिच्छेद - ३
# खाद्य तथा पोषण सुरक्षा योजना (२०७७/७८-२०८१/०८२)

### ३.१ पृष्ठभूमि :

नेपालको संविधान २०७२ ले संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरि **"सबृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय परिकल्पना तथा दिर्घकालिन सोच लिएको छ । यस दिर्घकालिन सोच परिपूर्तिका लागि नेपाल सरकारले एक्काइसौं शताब्दिको प्रारुप सहितको परिदृश्य तयार गरिसकेको छ भने पन्ध्रौ योजनाले प्रदेश तथा स्थानीय तहका दिर्घकालिन सोच तथा आवधिक योजनाहरुको निर्माण तथा कार्यान्वयनको लागि मार्गदर्शन गरेको छ । सरकारले योनजावद्ध रुपमा आर्थिक, सामाजिक, पूर्वाधार तथा अन्य क्षेत्रहरुको दिगो विकासको लक्ष्य हासिल गर्न आवश्यक रणनीती तथा कार्यनिती तर्जुमा तथा तिनको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित उपलब्धिका परिमाणात्मक लक्ष्य समेत निर्धारण गरिसकेको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि अन्तराष्ट्रिय कानूनी प्रावधान, नेपालले अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धता, संविधान प्रदत्त मौलिक हक र मौलिक हक कार्यान्वयन गर्ने सम्बन्धी खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को दफा ३ ले प्रत्येक नागरिकलाई खाद्य अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुने र दफा १२ ले प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार निश्चित हुने व्यवस्था गरी यी अधिकारको कार्यान्यवयनका लागि स्थानिय, प्रादेशिक र संघीय तहका सरकारलाई सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व समेत स्पष्ट गरेको छ । यसै सन्दर्भमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि मौलिकहक कार्यान्वयन गर्न र त्यसका लागि उपयुक्त संयन्त्र निमार्ण गर्न, तथा नागरिरको खाद्य अधिकार सुनिश्चित गर्न राक्सीराङ्ग गाउँपालिकाले **खाद्य तथा पोषण**

**सुरक्षा योजना** (०७७/०७८ -०८१/०८२) को निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

### ३.२ परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजाहरु

**परिकल्पना.** नेपाल सरकारले परिकल्पना गरेको संवृद्ध नेपाल, सुखी नेपालीको दिर्घकालिन सोच तथा पन्ध्रौ योजनाले परिलक्षित गरेका दिगो विकासका सुचकाङ्कका आधारमा राक्सीराँङ्ग गाउँपालिकाले **"संवृद्ध राक्सिराङ्गको आधार-उद्यमशील आत्मनिर्भर र जैविक विविधताको सम्भार"** को परिकल्पना गरेको छ ।

**ध्येयः** 'शुसासन, सास्कृतिक संपदाको संरक्षण, सामाजिक, न्याय तथा जनसहभागिताको माध्यमद्वारा आर्थिक संवृद्धि, गरिबी तथा भोकमरीको अन्त्य , हराभरा, उद्यमसिल, आत्मनिर्भर र संवृद्द राक्सिराङ्ग गाउँपालिका निर्माण' गर्ने ध्येय लिएको छ ।

**लक्ष्य** : सामाजिक, सांस्कृतिक संरक्षण, उद्यमसिलता, प्राकृतिक श्रोत साधनको दिगो उपयोग, बैज्ञानिक कृषि उत्पादन तथा पूर्वाधारको विकास गरी नागरिकको खाद्य अधिकारको सुनिश्चिता तथा संवृद्द राक्सिराङ्ग गाउँपालिकाको निमाण गर्ने ।

**उद्देश्यहरु :**

१. कृषि जैविक बिविधताको संरक्षण तथा पशुपालनलाई व्यवसायीकरण गरी खाद्य उत्पादन र उत्पादकत्व बृद्दि गर्ने,
२. वातावरणीय प्रदुषण, भू-क्षय लगायत प्राकृतिक र मानज सिर्जित प्रकोप तथा जलवायु परिवर्तनबाट हुने असर र जोखिमहरुको न्यूनीकरणका लागि पूर्व तयारी योजना तथा जनचेतना अभिवृद्धि गर्ने,
३. कृषि तथा गैर कृषि क्षेत्रहरुमा आधारित उद्यम तथा पर्यटन प्रवर्द्धन गरि रोजगारी श्रृजना तथा आर्थिक पहुँचमा वृद्धि गर्ने,
४. सिमान्तकृत समुदाय, महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता तथा फरक क्षमता भएका व्यक्ति हरुको आधारभूत स्वाश्थ्य, पोषण तथा सरसफाईको अवस्थामा सुधार गरी भोकमरी, कुपोषण र बाल विवाहको अन्त्य गरि मातृ तथा बाल मृत्युदर शुन्यमा झार्ने,
५. खाद्य तथा उत्पादनमुलक श्रोत र सामग्रीहरुमा स्थानीयको पहुँच वृद्धि गर्न आधारभूत पूर्वाधार (सडक, बिजुली, खानेपानी, सिँचाइ, संचार र स्थायी बजार) बिकास गरी गाउँवासिको आर्थिक अवस्था सुधार गर्ने

**अपेक्षित नतिजाहरु**

| क्रस | उद्देश्य | नतिजा |
|---|---|---|
| १ | कृषि जैविक बिविधताको संरक्षण तथा पशुपालनलाई व्यवसायीकरण गरी खाद्य उत्पादन र उत्पादकत्व बृद्दि गर्ने, | १.१ कृषिवन तथा संरक्षित कृषि खेती प्रविधीको विस्तार, उत्पादन सामग्रीहरु र कृषि प्रसार सेवाको पहुँच अभिवृद्धि गरी खाद्य उत्पादन हालको अवस्थाबाट ६०% ले वृद्धि भएको हुनेछ । |
| | | १.२ भू-बनोट तथा हावापानी अनुसारको संभाव्यता अध्ययनको आधारमा व्यवसायिक फलफूल, तरकारी तथा पुष्पखेतीको विस्तार गरी कृषकहरुको आयस्तर हालको अवस्थाबाट ५०% वृद्धि भएको हुनेछ । |
| | | १.३ मौरी, बाख्रा तथा कुखुरा पालनलाई व्यवसायिक रुपमा विस्तार तथा आधारभुत पशु स्वास्थ्य सेवाको पहुँच वृद्धि गरि कृषकहरुको आयस्तरमा ६० % ले बृद्धि गर्ने । |
| | | १.४ प्रदेश र संघिय सरकारसँग समन्वय गरी दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन तथा प्रभावकारी रुपमा परिचालन गरि कृषि प्रसार तथा पशु स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भएको हुनेछ । |
| २ | वातावरणीय प्रदुषण, भू-क्षय लगायतका प्राकृतिक र मानज सिर्जित प्रकोप तथा जलवायु परिवर्तनबाट हुने असर र जोखिमहरुको न्यूनीकरणका लागि पूर्व तयारी योजना तथा जनचेतना अभिवृद्धि गर्ने, | २.१ उपभोक्ता समितिको परिचालन तथा जनसहभागितामा पहिरो नियन्त्रण, गह्रा सुधार, तटबन्ध निर्माण तथा निर्माणधिन सडक छेउछाउँमा वृक्षारोपण गरी भू-क्षय न्यून भएको हुनेछ । |
| | | २.२ वातावरिणय प्रदुषण नियन्त्रण तथा खाद्य गुणस्तर कायम गर्नका लागि नीति तथा आचार-संहिताको निर्माण तथा कार्यान्वयन भएको हुनेछ । |
| | | २.३ सामुदायिक वन उपभोक्ता समितिको सक्रियतामा जैविक वनस्पति तथा जडिबुटीहरुको संरक्षण तथा सदुपयोग भएको हुनेछ । |
| | | २.४. दैवी तथा मानविय प्रकोपबाट हुने क्षती तथा असरहरुको न्यूनिकरण गर्न पूर्व तयारी योजना, बजेटको विनियोजन तथा जनचेतना मुलक क्रियाकलापहरु सञ्चालन भएको हुनेछ |
| ३ | कृषि तथा गैर कृषि क्षेत्रहरुमा आधारित लघु उद्यम तथा पर्यटन प्रर्वद्धन गरि रोजगारीको श्रृजना तथा आर्थिक पहुँचमा वृद्धि गर्ने । | ३.१ गाउँपालिकाभित्र कृषि तथा गैर कृषि क्षेत्रमा घरेलु तथा लघु उद्यमको सम्भाव्यता अध्ययन तथा बजारको विश्लेषण गरी ५०० महिला/युवाहरुले घरेलु/लघु उद्यम सन्चालन गरेका हुनेछन् । |
| | | ३.२ कृषि पर्या-पर्यटन तथा घरबास (होम स्टे) का लागि सम्भाव्यता अध्ययन गरि उपयुक्त क्षेत्रहरुमा अत्यावश्यक पूर्वाधारको निर्माण तथा कार्यविधि तयार भइ कार्यान्वयन भएको हुनेछ । |
| | | ३.३ सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरुको प्राविधिक शिक्षा, व्यवसायिक शीप तथा क्षमता अभिवृद्धि गरी उनीहरुको आयस्तरमा वृद्धि भएको हुनेछ । |
| ४ | सिमान्तकृत समुदाय तथा अन्य महिला, बालबालिका, किशोर/किशोरी, जेष्ठ नागरिक, अपाङ्गता तथा फरक क्षमता भएका व्यक्ति तथा वर्गहरुको पोषण तथा सरसफाई अवस्थामा सुधार गरी भोकमरी, कुपोषण, बाल विवाह तथा मातृ तथा बाल मृत्युदर न्यूनिकरण | ३.१ गर्भवती महिला, आमा, हजुरआमा, किशोर-किशोरीहरुको पोषण सम्बन्धि ज्ञान तथा चेतना अभिवृद्धि भई कुपोषणको अवस्था शुन्य स्थितीमा रहेको हुनेछ । |
| | | ३.२ करेसाबारी, सरसफाई, खाद्य वस्तुहरुको उचित भण्डारण पाक शिक्षा तथा पोषणयुक्त सन्तुलित खाना तथा आनीबानीमा सुधार भई ९५% घरपरिवारको पोषण तथा सरसफाईमा सुधार भएको हुनेछ । |
| | | ३.३ नेपाल सरकार, स्वास्थ्य मन्त्रालय अर्न्तगत सञ्चालित विभिन्न पोषण प्रर्वधन तथा सरसफाई सम्बन्धि जनचेतनामुलक क्रियाकलाप सम्बन्धित स्थानीय स्वास्थ्य संस्थाद्वारा सूचारु भई ९९% बालबालिका तथा आमाहरुले सेवा पाएका हुनेछन् । |
| | | ३.४ आधारभुत तथा माध्यमिक विद्यालय स्तरका किशोर/किशोरीहरुको पोषण सम्बन्धी चेतना अभिवृद्धि तथा विद्यालय दिवा खाजा कार्यक्रम नेपाल सरकार, |

| | | | |
|---|---|---|---|
| | गर्ने, | | शिक्षा मन्त्रालयद्वारा निर्दिष्ठ कार्यविधि अनुसार प्राथमिक विद्यालयस्तरका सबै बालबालिकाहरुलाई उपलब्ध भएको हुनेछ । |
| | | ३.५ | सफा खानेपानी तथा सरसफाईको पहुँच ९५% घरपरिवारमा पुगेको हुनेछ । |
| ५ | खाद्य तथा उत्पादनमुलक श्रोत र सामग्रीहरुमा स्थानीयको पहुँच वृद्धि गर्न आधारभूत पूर्वाधार (सडक, बिजुली, खानेपानी, सिँचाइ, संचार र स्थायी बजार) बिकास गरी गाउँवासिको आर्थिक अवस्था सुधार गर्ने | ५.१ | निजी क्षेत्र तथा सहकारीहरुको सहकार्यमा गाउँपालिका भित्र सुविधा सम्पन्न '**कृषि थोक बजार**' को निर्माण व्यवस्थापन तथा सञ्चालन कार्यविधी तयार भई सञ्चालन भएको हुनेछ । |
| | | ५.२ | सहकारीहरको नेतृत्वमा गाउँपालिकाका सबै वडाहरुमा कृषि उत्पादन सामग्री विशेषत रासायनिक मल तथा गुणस्तरीय बिउ स्थानीय स्तरमा उपलब्ध भएको हुनेछ । |
| | | ५.३ | कृषक, उपभोक्ता समुह तथा कृषि सहरकारीहरुको नेतृत्वमा सम्भाव्यता अध्ययनका आधारमा शुक्ष्म तथा साना सिँचाइको विस्तार गरि हालको १०% बाट ३०% सिचाइको पहुँच वृद्धि गरिनेछ । |
| | | ५.४ | हाल निर्माणधिन सडक सञ्जाललाई क्रमिक रुपमा सुधार गरी यातयात सेवा तथा बजारको पहुँच सुधार भएको हुनेछ । |

### ३.३ नतिजा खाका/प्रारूप

| तहगत प्रारुप | कार्यक्रमको सारांस | सूचकहरु लक्ष्य (२०८१/०८२ सम्म) | पुष्ट्याईंका आधारहरु | जोखिम तथा अनुमान |
|---|---|---|---|---|
| लक्ष्य | सामाजिक, सांस्कृतिक संरक्षण, उद्यमशिलता, प्राकृतिक श्रोत साधनको दिगो उपयोग, बैज्ञानिक कृषि उत्पादन तथा पूर्वाधारको विकास गरी नागरिकको खाद्य अधिकारको सुनिश्चिता तथा संवृद्द राक्सिराङ्ग गाउँपालिकाको निमाण गर्ने | • गरिबीको रेखामुनी रहेको जनसंख्या हालको अवस्थाबाट २० प्रतिशतमा झार्ने ।<br>• भोकमरीको अवस्था शुन्य स्थितिमा झार्ने ।<br>• आधारभूत खाद्य सुरक्षाको स्थितीमा रहेको परिवार ९० प्रतिशतमा पुऱ्याउने<br>• आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या ९५ प्रतिशत पुऱ्याउने ।<br>• घरपरिवारको औषत आयस्तर हालको अवस्थाबाट ४० प्रतिशत वृद्धि ।<br>• परिस्कृत तथा मर्यादित जिवनशैली, सर्वसुलभ गुणस्तरिय पूर्वाधार तथा आधारभूत सेवाको पहुँच ८० प्रतिसतले वृद्धि । | • योजना अवधिको अन्तमा मुल्याङ्कन प्रतिवेदन ।<br>• नेपाल सरकारको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण ।<br>• नेपाल सरकारको राष्ट्रिय जनगणना प्रतिवेदन ।<br>• नेपाल सरकारको आर्थिक सर्वेक्षण प्रतिवेदन ।<br>• कृषि मन्त्रालयद्वारा समय/समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन । | गाउँपालिकामा उपलब्ध स्रोत तथा साधनको अधिकतम उपयोग भएको हुन्छ ।<br><br>समुदाय तथा सबै राजनैतिक दलहरूबाट बिकास निर्माणमा सहयोग हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| उद्देश्यहरु | कृषि जैविक बिविधताको संरक्षण तथा पशुपालनलाई व्यवसायीकरण गरी खाद्य उत्पादन र उत्पादकत्व बृद्धि गर्ने, | • कृषि उत्पादन हालको अवस्था बाट ६०% ले वृद्धि गर्ने<br>• आफ्नै जग्गा जमिनबाट उत्पादित खाद्य उपलब्धतामा हालको अवस्थाबाट ६०% वृद्धि<br>• गुणस्तरिय कृषि प्रसार तथा पशु स्वास्थ्य सेवामा ८०% किसानहरुको पहुँच<br>• व्यवसायिक कृषि तर्फ हालको स्थितिबाट २५% ले वृद्धि<br>• कृषि सामग्री/उत्पादन सामग्री (मल, बीउको, प्रविधि आदि) उपलब्धतामा ८०% कृषकहरुको पहुँचमा वृद्धि<br>• आयआर्जन विविधिकरणमा सहभागि कृषक<br>• पशु तथा कृषि बिमा गर्ने कृषकको विद्धि | • गाउँपालिकाको वार्षिक तथा अर्धवार्षिक (मुल्यांकन) प्रतिवेदन<br>• नेपाल सरकारको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>• नेपाल सरकारको राष्ट्रिय जनगणना प्रतिवेदन<br>• नेपाल सरकारको आर्थिक सर्वेक्षण प्रतिवेदन<br>• कृषि मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>• योजना अवधिको अन्त्यमा मूल्याङकन प्रतिवेदन | आधारभूत पूर्वाधार तथा बजार विकास, कृषकहरूले आवश्यक प्रविधिक सेवा प्राप्त, उत्पादन सामग्रीको सुलभता हुनेछ र प्राकृतिक प्रकोपको असर न्यून हुनेछ । |
| ४.२ | वातावरणीय प्रदुषण, भू-क्षय लगायतका प्राकृतिकर मानज सिर्जित प्रकोप तथा जलवायु परिवर्तनबाट हुने असर र जोखिमहरुको न्यूनीकरणका लागि पूर्व तयारी योजना तथा जनचेतना अभिवृद्धि गर्ने, | • सुरक्षित आवासमा बसोबास गर्नेको संख्या हालको अवस्थाबाट ६०% वृद्धि<br>• जलवायु अनुकुल तथा प्रकोप व्यवस्थापन पूर्व तयारी योजनाको निर्माण बजेट व्यवस्थापन तथा कार्यान्यवयन<br>• ९०% घरपरिवारले सुरक्षित मापदण्ड अनुसार घर निर्माण<br>• विपदका घटनाहरुबाट बच्नका लागि समुदाय, वडा तथा पालिका स्तरमा पूर्व तयारी योजना अनुसार चेतनामुलक क्रियाकलाप सञ्चालन<br>• निर्माणधिन सडक छेउछाउ तथा बाढी पहिरो प्रभावित जग्गामा वृक्षारोपण | • नेपाल सरकारको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>• नेपाल सरकारको राष्ट्रिय जनगणना प्रतिवेदन<br>• नेपाल सरकारको जलवायु परिवर्तन तथा जैबिक विविधता सर्वेक्षण प्रतिवेदन<br>• चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन<br>• योजना अवधिको अन्त्यमा मूल्याङकन प्रतिवेदन | |

| | | | | |
|---|---|---|---|---|
| ४.३ | कृषि तथा गैर कृषि क्षेत्रहरुमा आधारित लघु उद्यम तथा पर्यटन प्रर्वद्धन गरि रोजगारीको श्रृजना तथा आर्थिक पहुँचमा वृद्धि गर्ने | • प्रति व्यक्ति आयमा ४०% वृद्धि<br>• कृषि तथा गैर कृषि क्षेत्रमा युवा तथा महिला उद्यमीहरुको संलग्नता हालको अवस्थाबाट दोब्बर बृद्धि<br>• व्यवसायिक कृषिमा संलग्न कृषकहरुको आयस्तर हालको अवस्थाबाट दोब्बरले वृद्धि<br>• व्यवसायिक तथा उद्यमशीलता सम्बन्धि तालिम प्राप्त युवा तथा महिलाहरु मध्ये कम्तिमा ८०% ले उद्यम सञ्चालन गरेको<br>• शीपमूलक व्यवसायिक तालिम तथा उद्यमशीलता सम्बन्धी तालिम प्राप्त युवा तथा महिलाहरु मध्ये ९०% रोजगार/स्वरोजगार भएको | • नेपाल सरकारको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>• नेपाल सरकारको राष्ट्रिय जनगणना प्रतिवेदन<br>• नेपाल सरकारको आर्थिक सर्वेक्षण प्रतिवेदन<br>• चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन<br>• योजना अवधिको अन्त्यमा मूल्याङकन प्रतिवेदन | व्यावसायिक उद्यमीहरूले रोजगारको अवसर सिर्जना गरी स्थानीय सीप र मानवीय स्रोतको परिचालनमा जोड दिनेछन्, वित्तीय क्षेत्रले सीपयुक्त युवाहरूलाई वित्तीय सेवा दिई स्वरोजगारको अवसर प्रदान गर्नेछ |
| ४.४ | सिमान्तकृत समुदाय तथा अन्य महिला, बालबालिका, किशोर/किशोरी, जेष्ठ नागरिक, अपाङ्गता तथा फरक क्षमता भएका व्यक्ति तथा वर्गहरुको पोषण तथा सरसफाई अवस्थामा सुधार गरी भोकमरी, कुपोषण, बाल विवाह तथा मातृ तथा बाल मृत्युदर न्यूनिकरण गर्ने, | • ५ बर्ष मुनिका बालबालिका हरुमा शुन्य शीघ्रकुपोषणको अवस्था<br>• कमतौल भएका बालबालिका हालको अवस्थाबाट ८०% घट्ने<br>• ५ वर्षमुनिका कम तौल भएका बालबालिका ५% मा झार्ने (राष्ट्रिय लक्ष्य १५%)<br>• ३० मिनेटको दुरीमा स्वास्थ्य सेवा/संस्थामा पहुँच भएको घरपरिवार ८०%<br>• आधारभूत सेवा/सुविधा पुगेको जनसंख्या ८०%, एक घर एक धारा ९०%, र ९५% घरले चर्पीको प्रयोग गरेको हुने<br>• ५ वर्ष मुनीको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) संख्या २० (राष्ट्रिय लक्ष्य २४)<br>• मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) ९० हुने (राष्ट्रिय लक्ष्य-९९)<br>• किशोरी, गर्भवती महिला तथा आमाहरुको पोषण सम्बन्धी जनचेतनामा वृद्धि<br>• ९५% घरपरिवारको हालको अवस्थाबाट वर्षभरी खाद्य उपलब्धता र पहुँच वृद्धि | • नेपाल सरकारको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>• नेपाल सरकारको राष्ट्रिय जनगणना प्रतिवेदन<br>• चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन<br>• योजना अवधिको अन्त्यमा मूल्याङकन प्रतिवेदन | गुणस्तरीय स्वास्थ्य राम्रो, सरससफाइ र अन्य प्रकोप न्यून रहने छ, |

| | | | | |
|---|---|---|---|---|
| ४.५ | खाद्य तथा उत्पादनमुलक श्रोत र सामग्रीहरुमा स्थानीयको पहुँच वृद्धि गर्न आधारभूत पूर्वाधार (सडक, बिजुली, खानेपानी, सिँचाइ, संचार र स्थायी बजार) बिकास गरी गाउँवासिको आर्थिक अवस्था सुधार गर्ने | • सिँचाईयोग्य भूमीमध्य बर्षैभरी सिँचाई पुगेको भूमी हालको अवस्थाबाट ३०.०% प्रतिशत बढाउने<br>• वर्षैभरी चल्ने सडक यातायात सेवाको पहुँच ८०% वृद्धि<br>• करिब ४०% कृषकलाई स्थाई कृषि बजार सेवा उपलब्ध<br>• थोक कृषि उत्पादन प्रवर्धन केन्द्रको स्थापना सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार भई 'थोक कृषि उत्पादन तथा प्रवर्धन केन्द्र' सञ्चालन<br>• शुक्ष्म सिँचाइ, प्रविधी तथा आधुनिक कृषि औजारको पहुँच | • चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन<br>• योजना अवधिको अन्त्यमा मूल्याङकन प्रतिवेदन नेपाल सरकारको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण ।<br>• नेपाल सरकारको राष्ट्रिय जनगणना प्रतिवेदन ।<br>• नेपाल सरकारको आर्थिक सर्वेक्षण प्रतिवेदन । | पूर्वाधार निर्माणमा आवश्यक स्रोत तथा साधनको अधिकतम प्रयोग ।<br><br>प्राकृतिक प्रकोप, भूक्षय तथा अन्य प्रकोपको न्यून प्रभाव ।<br><br>सबै राजनैतिक दल तथा समुदायको पूर्वाधार निर्माणमा सहयोग तथा पूर्वाधारको संरक्षणमा जनसहभागितामा वृद्धि । |

### ३.४ अपेक्षित प्रतिफल तथा क्रियाकलाप

**उद्देश्य १.** कृषि जैविक बिविधताको संरक्षण तथा पशुपालनलाई व्यवसायीकरण गरी खाद्य उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

राक्सिराँङ गाउँपालिकामा प्राय सवै जनसंख्या परम्परागत खेतीमा आश्रित रहेको छ । पहाडी धरातलिय स्वरुप र ज्यादै भिरालोपनाको कारण उत्पादन ज्यादै न्युन रहेको छ । भिरालोपना र खोरिया खेतीका कारण अत्यधिक भू–क्षयको समस्या भएकोले जमिनको उत्पादकत्व समेत न्युन छ । झण्डै ६० प्रतिशत घरपरिवारलाई आफ्नै खेतीपातीबाट उपलब्ध खाद्यान्न मुस्किलले छ महिना पनि खान पुग्ने अवस्था छैन । गरिवी र भोकमरिको चपेटामा रहेको परिवार झण्डै ८० प्रतिशत छन भने चेपाङ, दलित तथा तमाङ समुदाय भोकमरीबाट बढि प्रभाबित रहेका छन । परम्परागत रुपमा खेती गरिने मुख्य वाली मकै र कोदो रहेका छन भने बस्तीको तल्लो भेगमा धान तथा गहुँको सिमित क्षेत्रमा खेती गरेको पाइन्छ । दलहन/गेडागुडीको राम्रो उत्पादन भएता पनि बजारको पहुँच तथा उचित भण्डारण नभएका कारण किसानहरु सस्तो मुल्यमा बेच्न बाध्य छन । प्रर्याप्त सिँचाईको अभाव छ भने अधिकांश खेती आकाशे पानीमा निर्भर छ । कृषि क्षेत्रमा संलग्न कृषकहरुको रुचि कृषिमा देखिदैन भने कृषि बाध्यात्मक पेशा बनेको छ । मौरी तथा बाखा पालन व्यवसायिक रुपमा संलग्न कृषकहरुले पनि बजारको अनिश्चिता र मुल्यमा उतार-चढावका कारण उचित मुल्य पाउन नसकेको अवस्था छ । समयमा मल तथा गुणस्तरीय वीउ उपलब्ध नहुँदा किसानहरु निरुत्साहित छन् तर पनि मौरी, बाखा, स्थानीय तथा उन्नत जातका कुखुरा, फलफूल, मसलाजन्य उत्पादन (लसुन, प्याज, अदुवा, बेसार, खोर्सानी, आदि) र मौसमी तथा बेमौसमी तरकारी तथा पशुपालनलाई व्यबसायिक रुपमा अगाडि बढाउन सक्ने प्रसस्त संभावना रहेको छ ।

**अपेक्षित नतिजा तथा क्रियाकलापहरु :**

**१.१** कृषिवन तथा संरक्षित कृषि खेती प्रविधिको विस्तार तथा अत्यावश्यक कृषि सामग्रीहरु र कृषि प्रसार सेवाको पहुँच अभिवृद्धि गरी खाद्य उत्पादन हालको अवस्थाबाट ६०% ले वृद्धि भएको हुनेछ ।

| क्रियाकलाप | बार्षिक लक्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| कृषिवन तथा संरक्षित कृषि खेती प्रविधिको विस्तार गर्न हरेक वडामा कृषि श्रोत केन्द्रको स्थापना | ० | ९ | ९ | ० | ० | १८ | हरेक श्रोत केन्द्रमा संलग्न कृषकहरुले कृषिबन प्रबिधि बिस्तार गर्ने सहयोग गर्नेछन । |
| कृषिवन तथा संरक्षित कृषि खेती प्रविधी संवन्धि कृषि श्रोत केन्द्रका २० जना किसानहरुलाई १० दिने आधारभूत तालिम | | १ | १ | ० | ० | २० | हरेक तालिमा २० जना अगुवा कृषकको सहभागिता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बाली प्रर्दशनी, कृषि मेला, कृषक भ्रमण तथा कृषकको खेतवारीमा नयाँ प्रविधी उन्नत जातको बीउ परीक्षण तथा उन्नत कृषि सामग्रीहरुको प्रचार प्रसार गरी आधुनिक प्रविधीको ज्ञान तथा शिप कृषकहरुमा विस्तार गर्ने | ९० | ९० | ९० | ९० | ९० | ४५० | ४५० |
| मकै, कोदो लगायत स्थानिय वालीहरुको बिउ उत्पादन (हरेक वडा का ३ जना किसान) | २७ | २७ | २७ | २७ | २७ | | बिउ उत्पादनका लागि श्रोत कृषकहरु कम्तिमा २७ जना |
| सामुदायिक बिउ भण्डार | | १ | १ | १ | १ | | हरेक वडामा १/१ वटा |
| बिउ उत्पादन संबन्धि कृषक तालिम | १ | १ | १ | १ | १ | २७ | हरेक बर्ष १/१ वटा तालिम (२७ जना कृषक) |
| गाउँपालिकाभित्र रहेका कृषियोग्य भूमि तथा बाँझो जग्गाको लागत तयार गरी कृषि योग्य भूमिको दिगो व्यवस्थान सम्बन्धी निर्देशिका तयार गर्ने । | | | | | | | |

**१.२** भू-बनोट तथा हावापानी अनुसारको संभाव्यता अध्ययनको आधारमा व्यवसायिक फलफूल, तरकारी तथा पुष्पखेतीको विस्तार गरी कृषकहरुको आय स्तर हालको अवस्थाबाट ५०% वृद्धि भएको हुनेछ ।

| क्रियाकलाप | | बार्षिक लक्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ब्यबसायिक फलफुल खेतीको संभाब्यता अध्ययन | १ | १ | १ | | | ३ | भौगोलिक तथा हावा पानीका आधारमा |
| ब्यबसायिक फलफुल खेती बिस्तारका लागि अनुदान | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | हरेक वडामा हरेक बर्ष ५ जना अगुवा कृषक |
| बहु उद्यदेसीय कृषि नर्सरी | | ९ | | | | ९ | हरेक वडामा १।१ वटा |
| नर्सरी तालिम (७ दिनको (हरेक वडाबाट ३/३ जना) | | २७ | | | | | |
| फलफुल बगैंचा ब्यबस्थापन तनलिम (५ दिनको) | | | १ | १ | १ | ३ | ३ वटा तालिममा ६० जना कृषक सहभागी |
| हरेक वडाको पाएकपर्ने ठाउँमा कृषि उपज संकलन केन्द्रको स्थापना, आधाभूत भौतिक सामग्रीहरुको ब्यबस्था तथा स्चालन कार्यविधि निर्माण | | २ | ३ | ३ | १ | ९ | |
| ब्यबसायिक तरकारी खेतीको बिस्तार (वडा नं १, २, ३, ५ र ८ को तल्लो भेग) का लागि कृषक तालिम | २ | ३ | ३ | ३ | ४ | १५ | १५ वटा तालिमबाट ३०० कृषकहर तरकारी खेतीमा संलग्न |
| ब्यबसायिक तरकारी  खेती गर्ने कृषक समुहको गठन | २ | ३ | ३ | ३ | ४ | १५ | १५ वटा समुह |
| उन्नत तरकारी खेती संबन्धि Poly House Technology प्रबिधिको प्रर्दसननी (वडा नं १, २, ३, ५ र ८ को | १० | १० | १० | १० | १० | ५० | हरेक वडामा २ वटा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| तल्लो भेग) | | | | | | | |
| व्यवसायिक तरकारी खेती सम्बन्धि समुह स्तरिय २ दिने अनुगमन तालिम | २ | ३ | ३ | ३ | ४ | १५ | |
| तरकारी खेतीमा एकीकृत खाद्य तत्व व्यवस्थापन, प्राङगारिक खेती प्रविधि तथा एकीकृत किरा व्यवस्थापना लागि कृषक पाठशाल सञ्चालन । (समुहगत) | २ | ३ | ३ | ३ | ४ | १५ | |
| व्यसायिक तरकारी तथा फलफुल खेतीमा संलग्न कृषक मध्ये उत्कृष्ट किसानलाई गाउँपालिका बाट सम्मान गर्ने | ४ | ४ | ४ | ४ | ४ | २० | हर्क बर्ष ४ जना उत्कृष्ट कृषक |
| कृषि मेला प्रदर्शनी | १ | १ | १ | १ | १ | ५ | |
| तरकारीको सरसफाइ, ग्रेडिङ, प्याकिङ, लेवलिङ तथा ढुवानी सम्बन्धित संकलन केन्द्र स्तरीय ३ दिने तालिम | १ | १ | १ | १ | १ | ५ | हरेक स.कलन केन्द्रबाट २/२ जना |
| ब्यबसायिक पूष्प खेती संबन्धी महिलाहरुलाई ७ दिने तालिम | १ | ४ | ४ | ४ | ३ | २० | २० वटा तालिमबाट ४०० महिलाहरु लाभान्वित |
| ब्यबसायिक पूष्प खेती गर्ने महिलाहरुलाई उत्पादनका आधारमा अनुदान सहयोग | १ | ४ | ४ | ४ | ३ | २० | ४०० महिलाहरु लाभान्वित |
| ब्यबसायिक फलफुल खेती का लागि माटो परीक्षण | ५० | ५० | ५० | ५० | ५० | २५० | हरेक बर्ष कम्तिमा ५० जना कृषक |

**१.३** मौरी, बाख्रा तथा कुखुरा पालनलाई व्यवसायिक रुपमा विस्तार तथा आधारभुत पशु स्वास्थ्य सेवाको पहुँच वृद्धि गरि कृषकहरुको आयस्तरमा ६० % ले बृद्दि गर्ने ।

| क्रियाकलाप | बार्षिक लक्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| मौरी पालन ब्यबसायलाई संस्थागत रुपमा बलियो बनाउन स्थाानिय मौरी पालक कृषक समुह तथा सहकारीहरुको क्षेमता अभिबृद्दि (गुणस्तरिय महको उत्पादन, उप्रसोधन, प्याकिङ तथा बजारीकरण)वडा नं ४, ६ र ७) | २ | २ | २ | २ | २ | १० | १० वटा तालिमबाट ३ वटा सहकारी तथा १८० मौरी पालक कृषकहरुले प्राविधिक ज्ञान पाउनेछन |
| मौरी घार निर्माण संबन्धि स्थानिय सिकर्मीहरुलाई तालिम | | १ | | | | ९ | ३ वटा वडाबाट ९ जना |
| महको प्रसोधन, प्याकिङ्ग तथा भण्डारण सामग्रीमा सहकारी तथा मौरी पालक कृषकहरुलाई अनुदान | ९ | १८ | १८ | १८ | १८ | ८१ | ३ बटा सहकारी तथा १० वटा समुहका ८१ जना कृषक लाभान्वित |
| पशुपन्छी तथा माहुरी बिमाको सवै वडाहरुमा विस्तार, कृषकले थप्नुपर्ने रकमा ५० प्रतिशत गा. पाको अनुदान | ५० | ५० | ५० | ५० | ५० | २५० | कम्तिमा २५० कृषकको सहभागिता |
| पशु स्वास्थ्य घुम्ती सिविर हरेक वडामा १ पटक तथा हरेक ब्यबसायिक बाख्रा गोठमा प्राविधिकको कम्तिमा २ पटक निरिक्षण | ९ | ९ | ९ | ९ | ९ | ८१ | बार्षिक १००० ब्यबसायिक बाख्रा पालक कृषकहरु लाभान्वित |
| पशु स्वास्थ्य ल्याब स्थापना, औषधि खरिद तथा सेवा | | १ | | | | | ग. पां स्तरमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खोप कार्यक्रम (व्यबसायिक बाखा तथा कुखुरा फार्म) | | | | | | | |
| विपन्न परिवारका जेहेन्दार युवा/युवतीहरुलाई Veteranry JTA अध्ययनका लागि छात्रवृति तथा गाउँपालिकासँग कम्तीमा ५ देखि ७ वर्ष सम्म व्यवसायिक रुपमा पशु स्वास्थ्य सेवा दिने सम्झौता | २ | ३ | २ | २ | | ९ | |
| बाखा पालन सम्बन्धि व्यवसायिक योजना तर्जुमा तथा बाखापालन सम्बन्धी आधारभूत १५ दिने तालिम | १ | २ | ३ | ३ | ३ | १२ | १२ वटा तालिममा २४० जना युवा कृषकहरुले व्यवसायिक बाखा पालन शुरु गर्नेछन् । |
| गोठ सुधार तथा पशु आहार सम्बन्धी बाखापालक कृषकहरुलाई ३ दिने तालिम | २ | २ | २ | २ | २ | १० | २०० किसानहरुले गोठको सुधार गर्नेछन् । |
| स्थानीय कुखुरा तथा हाँस पालन सम्बन्धी व्यवसायिक योजना तर्जुमा तथा कुखुरा पालन सम्बन्धी ७ दिने आधारभूत तालिम | १ | २ | २ | २ | २ | ९ | १८० जना किसानहरु विशेषत वडा नं.२, ३, ५, र ८ का कृषक लाभान्वित हुनेछन् । |
| स्थानीय कुखुरा तथा हाँसको चल्ला कोटरल्न १ बृडिङ सेन्टरको स्थापना तथा सहकारी मार्फत सञ्चालन कार्यविधि तयार गर्ने | १ | - | - | - | - | - | गा.पा कार्यालय नजिक |

**उद्देश्य २:** वातावरणीय प्रदुषण, भू-क्षय लगायतका प्राकृतिक र मानज सिर्जित प्रकोप तथा जलवायु परिवर्तनबाट हुने असर र जोखिमहरुको न्यूनीकरणका लागि पूर्व तयारी योजना तथा जनचेतना अभिवृद्धि गर्ने,

वातावरण, माटो, पानी तथा वनस्पतीसँग प्रत्यक्ष प्रभाव पार्ने विषयगत क्षेत्रहरुमा कृषि, वन पूर्वाधार बाटो/सडक निर्माण तथाउद्योग जन्य प्रदुषण मुख्य रहेका छन् । भिरालो भू-बनोट तथा परम्परागत कृषि प्रणालीद्वारा श्रृजित भू-क्षय, पहिरो, ढुङ्गा, बालुवा तथा निर्माणजन्य वस्तुहरुको उत्खनन् तथा सडक निर्माणले गर्दा वातावरणीय प्रदुषण बढ्दै गइरहेको छ । जलवायु परिवर्तनबाट कृषकहरु प्रत्यक्ष रुपमा प्रभावित भइरहेका छन् भने बढ्दो रासायनिक किटनासक विषादीहरुको कारण जनस्वास्थ्य तथा पर्यावरणमा प्रत्यक्ष असरहरु देखिएका छन् । तसर्थ वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा विपद, जोखिम न्यूनिकरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने आबस्यकता गाउँपालिकाले महसुश गर्दै आएको छ । जन-स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय खासगरी रासायिनक विषादीको समस्यालाई नियन्त्रण तथा यसबारे कृषक र उपभोक्ताहरुको चेतना बढाउन आवश्यक छ । निर्माणाधिन सडक छेउछाउको पहिरो, यसबाट श्रृजित धुलो तथा भू-क्षय नियन्त्रण, खोला नालाहरुको छेउछाउमा तटबन्ध, खानेपानीका मुहानहरुको संरक्षण गर्न समुदायस्तरमा सहभागिता जुटाउन आवश्यक छ ।

यस गाउँपालिकामा झण्डै ६५ प्रतिशत बन क्षेत्र रहेको छ भने खोरिया खेतीको प्रचलन अझै प्रयोगमा रहेको छ । अत्यधिक भिरालो तथा बऔटे/गेगर ढुङ्गा माटो भएको नाङ्गो जमिन र भू–क्षयको कारण माटोको उर्बरा शक्ति न्युन छ । उच्च महाभारतीय पर्बत, भिरालो तथा कमजोर भु–धरातल भएकाले बर्षायाममा पहाडको माथिबाट झर्ने माटो, बालुवा तथा गेगरहरुले नदी किनारका स–साना बेशी/टारहरु प्रायः बगरमा परिणत भैसकेका छन । सामुदायिक बन व्यपस्थापन ससक्त र प्रभाबकारी हुन सकिरहेको छैन । छाडा चरीचरण तथा बनमा समुदायको अत्यधिक निर्भरता भएकाले बन जंगल बिनासको अबस्था तीब्र छ । सुख्खा/हिउँद याममा डढेलोका कारण बन बिनास तथा भू–क्षयले पर्याविणय समस्या जटिल हुँदैगैरहेको छ । समयमै भू–संरक्षण, बिद्यमान खेती प्रणली र सामुदायिक बन व्यबस्थापनमा सुधार गरिएन भने यस क्षेत्रका पहाडि भू–भाग क्रमशः मरुभूमिमा परिणत हुदैजाने खतरा छ, अतः माथी उल्लेखित समस्या न्यूनिकरणको लागि निम्न त्रियाकलापहरु तय गरिने छ ।

**नतिजा तथा क्रियाकलापहरु:**

**२.१** उपभोक्ता समितिको परिचालन तथा जनसहभागितामा पहिरो नियन्त्रण, गह्रा सुधार, तटबन्ध निर्माण तथा निर्माणधिन सडक छेउछाउमा वृक्षारोपण गरी भू-क्षय न्यून भएको हुनेछ

| क्रियाकलाप | बार्षिक लक्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| संरक्षित भिरालो कृषि खेती तथा कृषिबन प्रणलीलाई अभियानको रुपमा अधि बढाई सवै वडाहरुमा यस बारे जनचेतना अभिबृधि गर्ने । | | | | | | | बहुसंख्यक कृषकहरुले कृषिबन प्रणाली अपनाउने छन |
| प्रत्येक वडाहरुमा बहुउद्देश्यीय कृषि नर्सरीको स्थापनाका लागि नर्सरी संवन्धि १५ दिनको तालिम (९ वटा वडाहरुवाट २/२ जना गरी १८ जना युवाहरु) | | ४ | ५ | | | ९ | हरेक नर्सरीबाट बार्षिक कम्तिमा एक लाख बिरुवा को उत्पादन तथा बृक्षारोपण |
| गाउँपालिका तथा सामुदायिक बन उपभोक्ता समितिले खुला चरिचरण पूर्ण रुपमा बन्देज गर्ने | | | | | | | चरीचरण नियन्त्रण भई भू–संरक्षणमा योगदान |
| चिउरी, चमेरो र चेपाङ उत्थान विषेस दिर्घकालिन कार्यक्रम कार्यान्वयनमा ल्याउने | | | | | | | चेपाङ लगाएत अति विपन्न समुदायको खाद्य सुरक्षाको सुनिस्चिता |
| सवै वडाका सडक छेउछाउमा सामुदायिक वन उपभोत्ता समूह मार्फत बृक्षरोपण तथा संरक्षण | | | | | | | बार्षिक ६ लाख बिरुवा रोपन तथा संरक्षण |
| सामुदायिक वन उपभोक्ता समिति मार्फत निर्माणाधिन सडक छेउछाउ माटो छोप्ने खालका भूई घाँस वा माटो छोप्ने जातका बिरुवाहरु लगाउने | | | | | | | |
| अगुवा कृषकहरुका लागि भिरालो जमिनको वैज्ञानिक व्यवस्थापन तथा गह्रो सुधार संबन्धी ७ दिने तालिम | | ३ | ३ | ३ | ३ | १२ | १२ वटा तालिमबाट २४० कृषकहरुले भिरालो जमिनको वैज्ञानिक व्यबस्थापन गर्ने छन् |
| सडक छेउछाउ तथा नदी किनारमा तटबन्ध निर्माण | ३ | ५ | ५ | ५ | ५ | २३ | ५ वर्षमा २३ की.मी तटबन्ध निर्माण |
| सामुदायिक बन उपभोक्ता समूहको क्षमता अभिबृद्धि तालिम | | २ | २ | १ | १ | ६ | ६ वटा तालिममा करिब १२० जना सहभागी भई सामुदायिक बनको संरक्षण, ब्यबस्थापन तथा बन पैदावरको उपयोग सुधार हुनेछ |

**२.२** वातावरणीय प्रदुषण, भू-क्षय लगायतका प्राकृतिक र मानव सिर्जित प्रकोप तथा जलवायु परिवर्तनबाट हुने असर र जोखिमहरुको न्यूनीकरणका लागि पूर्व तयारी योजना तथा जनचेतना अभिवृद्धि गर्ने,

| क्रियाकलाप | बार्षिक लक्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ढुङ्गाखानी तथा अन्य उद्योगजन्य क्षेत्रबाट हुने भू- | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्षय तथा वातावरणीय प्रदुषण नियन्त्रणका लागि नीति निर्माण तथा कार्यान्वयन गर्ने | | | | | | | |
| आपतकालिन वा सामान्य स्थितिमा लक्षीत समुदायका लागि बितरण गरिने उपभोग्य बस्तुहरुको गुणस्तरको मापदण्ड तयार गरि कार्यान्वयन गर्ने | | | | | | | |
| मौरी पालन लगाएत जैविक विविधता संरक्षण, रसायनिक बिषादीको प्रयोगलाई निरुत्साहीत गर्न मापदण्ड तयार गर्ने तथा प्राङ्गारिक खेतीको प्रबर्धन गर्ने | | | | | | | |

**२.३** सामुदायिक वन उपभोक्ता समितीको सक्रियतामा जैविक वनस्पति तथा जडिबुटीहरुको संरक्षण तथा सदुपयोग भएको हुनेछ

| क्रियाकलाप | | वार्षिक लक्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई गैर काष्ट वन पैदावरको संरक्षण तथा व्यवस्थापन बारे तालिम दिने | | २ | २ | २ | २ | ८ | ८ वटा तालिमबाट करिव १८० जना लाभान्वित हुनेछन । |
| वडा नं. ४, ६, ७, र ९ को लेक भेगमा सम्भाव्यता अध्ययन गरी डिबुटी खेतीको विस्तारका लागि तालिम तथा सामग्री सहयोग | | १ | २ | २ | २ | ७ | ७ वटा तालिमबाट करिव १४० सिमान्तकृत परिवार लाभान्वित हुनेछन । |
| जैविक विविधता संरक्षण संवन्धी सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई ३ दिनको तालिम दिने | | २ | २ | २ | २ | ६ | |

**२.४** सामाजिक सुरक्षा, दैवी तथा मानविय प्रकोपबाट हुने क्षती तथा असरहरुको न्यूनिकरण गर्न पूर्व तयारी योजना, बजेटको विनीयोजन तथा जन चेतना मुलक क्रियाकलापहरु सञ्चालन भएको हुनेछ

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | **कैफियत** |
| प्रकोप व्यवस्थापन समितिको गठन तथा जिम्मेवारी | ✓ | | | | | | |
| प्रकोप व्यवस्थापन पूर्व तयारी योजना तर्जुमा तथा श्रोतको विनियोजन (जलवायु परिवर्तन लगायत अन्य प्रकोप तथा जन स्वास्थ्य सँग सरोकार राख्ने Covid 19 लगायत अन्य महामारी) । | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ९ वटै वडाहरु लगाएत गाउँपालिकाको पूर्व तयारी योजना तर्जुमा, श्रोतको विनियोजन तथा कार्यान्वयन |
| आपातकालिन अवस्थामा अस्थाई आवास तथा अन्य अत्यावश्यक सामग्रीको व्यवस्थापन । | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| रेडक्रस लगायत अन्य विपद व्यवस्थापनसँग सम्बन्धित संघ-संस्थाहरुसँग समन्वय तथा जनचेतनाका लागि साझेदारी | ✓ | ✓ | ✓ | ✓ | ✓ | | आपतकालिन अवस्थामा जिम्मेवारीको बाँडफाड |
| आपतकालिन अवस्थाका लागि पूर्व तयारी योजना | ✓ | ✓ | ✓ | ✓ | ✓ | | आपतकालिन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| तथा बजेट विनियोजन । | | | | | | | अबस्थामा नगरपालिका अन्तरगत जिम्मेवारीको बाँडफाड । |
| खाद्य भण्डार/सामुदायिक खाद्य बैंकको स्थापना तथा सन्चालन । | | १ | १ | १ | | | गाउँपालिका परिशरमा १, वडा नं ६/७ को पाएक पर्ने ठाउँमा १ र वडा नं ८/९ मा १ |
| प्रकोप व्यवस्थापन समितीको क्षमता अभिवृद्धिका लागि तालिम, भ्रमण । | २ | २ | २ | २ | २ | १० | ५/५ वटा तालिम तथा भ्रमण । |
| स्थानीय सञ्चार माध्यमहरुसँग सहकार्य गरी जनचेतनामुलक क्रियाकलापहरु सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| नेपाल सरकारबाट उपलब्ध सामाजिक सुरक्षा सुविधाको पहुँच सहज रुपमा प्रदान गर्ने । | | | | | | | |
| अति जोखिम क्षेत्रमा बसोवास गर्ने परिवारहरुको पहिचान तथा उपयुक्त ठाउँमा स्तानान्तरण गरि आवासको ब्यबस्था गर्ने | | १०० | | | | १०० | अति जोखिम क्षेत्रमा बसोवास गर्ने, आवास तथा भूमिहिन परिबार |
| खाद्य सुरक्षा समन्वय समितिको गठन तथा जिम्मेवारी निर्धारण | ✓ | | | | | | खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ ले ब्यबस्था गरे बमोजिम |
| कृषक तथा गरिव परिबारको पहिचान तथा परिचय पत्र बितरण | | | | | | | खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ ले ब्यबस्था गरे बमोजिम |
| सवै परिबारलाई स्वास्थ्य बिमामा सहभागी गराउन चेतना अभिबृद्धि गरी स्वास्थ्य बिमा गराउने | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ५ बर्ष भित्र सबै परिवारलाई सहभागी गराउने |
| सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरु, अपाङ्गता भएका व्यक्तिहरु, गरीविको रेखाभित्र रहेका परिवार, चेपाङ्ग, दलीत तथा जोखिममा रहेका अन्य परिवारहरुको पहिचान गरि खाद्य सहायता परिचय पत्र जारी गर्ने र यस्ता परिवारहरुलाई निसुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५०० | औसत हरेक बर्ष ५०० परिवार |

**उद्देश्य ३** : कृषि तथा गैर कृषि क्षेत्रहरुमा आधारित लघु उद्यम तथा पर्यटन प्रर्वद्धन गरी रोजगारीको श्रृजना तथा आर्थिक पहुँचमा वृद्धि गर्ने ।

यस गाउँपालिकाको मुख्य पारिवारिक आयश्रोत कृषि क्षेत्रबाट ८२ प्रतिशत रहेको छ भने उद्योग, पर्यटन र रोजगारी क्षेत्रबाट ज्यादै न्युन छ । लगभग ४३% जनसंख्या अति गरिब छन् जस्को बार्षिक आम्दानी रु २०,००० भन्दा कम छ भने ३२ प्रतिशत घरपरिबारको बार्षिक पचास हजारसम्म आम्दानी रहेको छ । आर्थिक रुपमा यस गाउँपालिकामा झण्डै ७५ प्रतिशत घरपरिबार गरिवीको रेखामुनि रहेका छन । खाद्य असुरक्षाको अबस्था जटिल छ, अधिकांस घरपरिवारलाई आफ्नो उत्पानले ९ महिनासम्म

पनि खान पुग्दैन । वैदेशिक रोजगारीमा ४१४ जना गएका छन भने भारत तथा खाडी मुलुकहरुमा जाने संख्या अत्यधिक रहेको छ ।

राक्सिराँङ गाउँपलिका पर्यटन विकास र प्रर्बधनका लागि अत्यधिक संभावना भएको क्षेत्र हो । यस क्षेत्रमा प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरु पर्याप्त रहेका छन भने भौगोलिक बिकटता तथा पूर्वाधारको अभावमा पर्यटकीय बिकासमा पछि परेको छ । यस गाउँपालिकाको बिषेश पर्यटकीय क्षेत्रहरुमा जलपरी झरना, चमेरे गुफा, मौराह डाँडा लालिगुँरास पार्क, भुक्ति भ्युटावर, किन्द्राङमहादेव गुफा, लंडका गुफा, २०५० मिटर अग्लो भिम्बुङ तथा बुर्जाडाँडा, चेपाङ संग्रहालय आदि रहेका छन् । यस गाउँपालिकाले पर्यटकीय क्षेत्रको प्रचार प्रसार तथा पूर्बाधारको क्रमिक सुधार गरि पर्यटन क्षेत्रलाई आमदानी तथा रोजगारीको श्रोतको रुपमा बिस्तार गर्ने रणनीति लिएको छ ।

**उपलब्धी तथा क्रियाकलापहरुः**

**३.१** गाउँपालिकाभित्र कृषि तथा गैर कृषि क्षेत्रमा घरेलु तथा लघु उद्यमको सम्भाव्यता अध्ययन तथा बजारको विश्लेषण गरी ५०० महिला/युवाहरुले घरेलु/ लघु उद्यम सन्चालन गरेका हुनेछन ।

| क्रियाकलाप | बार्षिक लक्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| गाउँपालिकाभित्र कृषि तथा गैर कृषि क्षेत्रमा घरेलु तथा लघु उद्यमको सम्भाव्यता अध्ययन तथा बजारको विश्लेषण | १ | | | | | | |
| महिलाहरुका लागि कृषि तथा गैह्र काष्ट वन पैदावरमा आधारित उद्यमहरु (सालको टपरी, वाबियोको डोरी, जडिबुटी खेती तथा प्रसोधन, अदुवा/वेसार पिस्ने मील, धुप वत्ति बनाउने, बाँस तथा निगालाका उत्पादन, सीस्नोको पाउडर, अचार, मस्यौरा, च्याउ खेती आदि) | २० | ४० | १०० | १०० | १०० | ३६० | आमा/महिला समुह मार्फत तालिम तथा आबस्यक औजार/मेसीन अनुदान सहयोग |
| चैनपुर स्थित कोसेली घरको स्थापना (आमा/ महिला समुह द्वारा संचालन), कृषि तथा गैह्र काष्ट वन पैदावरमा आधारित उद्यमहरुबाट उत्पादित सामग्रीहरुको सोरुम स्थापना | | १ | | | | | |

**३.२** कृषि पर्यटन तथा होम स्टेका लागि सम्भाव्यता अध्ययन गरि उपयुक्त क्षेत्रहरुमा अत्यावश्यक पूर्वाधारको निर्माण तथा कार्यविधि तयार भइ कार्यान्वयन भएको हुनेछ

| क्रियाकलाप | बार्षिक लक्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| कृषि पर्यटन प्रवर्धन तथा Home Stay का लागि सम्भाव्यता अध्ययन, कम्तिमा २ वटा आयोजनाको DPR र कार्यविधि निर्माण | √ | √ | | | | | |
| पर्यटकीय क्षेत्रको पचार प्रसारका लागि श्रब्यदृष्य निर्माण | | √ | | | | | |
| कृषि पर्यटन तथा Home stay का लागि पूर्बाधार निमाण तथा बजेट विनियोजन | √ | √ | √ | √ | √ | | |
| चेपाङ संग्रहालयको सुधार तथा प्रचार प्रसार | | √ | √ | | | | |
| पर्यटकीय सर्किट क्षेत्रहरुको निर्धारण, पैदल मार्ग तथा भ्यूटावर निर्माण | | | √ | √ | √ | | |

**३.३** सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका युवाहरुको प्राविधिक शिक्षा, व्यवसायिक शीप तथा क्षमता अभिवृद्धि गरी उनीहरुको आयस्तरमा वृद्धि भएको हुनेछ ।

| क्रियाकलाप | बार्षिक लक्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरु, अपाङ्ग व्यक्तिहरु, गरीविको रेखाभित्र रहेका परिवार, चेपाङ्ग, दलीत तथा जोखिममा रहेका अन्य परिवारहरुको पहिचान गरि खाद्य सहायता परिचय पत्र जारी गरि यस्ता परिवारहरुलाई निसुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने । | १०० | १०० | १०० | १०० | | | |
| स्थानीय युवाहरुलाई कृषि तथा पशुस्वास्थ्य क्षेत्रमा २ बर्षे पाविधिक तालिमका लागि छात्रबृत्ति प्रदान | | २ | २ | २ | २ | ८ | |
| व्यबसाय गर्न चाहने युवाहरुलाई ब्यवसायिक योजना निमाण सम्वन्धी ५ दिने तालिम (८ वटा तालिमबाट कम्तिमा १५० युवाहरुले व्यबसाय संचालन गर्नेछन) । | | २ | २ | २ | २ | ८ | |
| महिलाहरुका लागि ३ महिने सिलाई कटाई तालिम (७० जना महिलाहरुले सिलाई कटाई व्यबसाय संचालन गर्नेछन) । | | १ | १ | १ | १ | ७० | |
| चिया नास्ता तथा मिठाइ पसल संचालन | | २ | ३ | ३ | २ | १० | |
| होटल सहयोगी/कुक तलिम | | | १ | | | २० | |
| फर्निचर तथा मौरीको घार निर्माण तलिम | | | | १ | | २० | |
| मोटरसाईकल मर्मत (तालिम(३ महिने)– १० जना | | २ | ४ | ४ | | १० | |
| इलेक्ट्रिसीयन तथा प्लम्बिङ्ग (३ महिने)–१० जना | | २ | ४ | ४ | | १० | |
| पर्यटक गाइड तालिम (३ महिने)– ५ जना | | १ | २ | २ | | ५ | |
| मोटर/टेम्पो चलाउने तालिम (३ महिने)– ५ जना | | | २ | २ | १ | ५ | |

**उद्देश्यहरु ४:** सिमान्तकृत समुदाय तथा अन्य महिला, बालबालिका, किशोर/किशोरी, जेष्ठ नागरिक, अपाङ्गता तथा फरक क्षमता भएका व्यक्ति तथा वर्गहरुको पोषण तथा सरसफाई अवस्थामा सुधार गरी भोकमरी, कुपोषण, बाल विवाह तथा मातृ तथा बाल मृत्युदर शुन्यमा झार्ने ।

राक्सिराँङ गाउँपालिकामा हालका बर्षहरुमा स्वास्थ्य तथा पोषण सुचकाँङ्कहरुमा निकै सुधार आएको भएता पनि तुलनात्मक रुपमा मकवानपुर जिल्लाका अन्य गाउँपालिका भन्दा निकै पछाडि रहेको छ । कुपोषण प्रायः सबै उमेर समुहमा भएपनि ५ बर्ष मुनिका बालबालिका तथा गर्भवती महिलाहरुमा यसको प्रभाव बढि देखिएको छ । सुनौला हजार दिनको व्यवस्था बच्चाहरुको मानसिक तथा शारीरिक विकासका लागि अत्यन्त संवेदनशील अबस्था हो । यस अबस्थामा आमा तथा बच्चा दुवैलाई पूर्ण सन्तुलित खाना तथा उचित स्याहार आबस्यक हुन्छ । भौगोलिक बिकटता, न्यून खाद्यान्न उत्पादन तथा न्यून आय भएको कारण यस भेगमा प्रायः खाद्य संकट भइरहन्छ जसका कारण बालबालिका तथा आमाहरु कुपोषणको शिकार भईरहेका छन् ।

राक्सिराँङ्ग गाउँपालिकामा ३ वटा सामुदायिक स्वास्थ्य इकाई तथा ४ वटा स्वास्थ्य चौकिहरुबाट आधारभूत पोषण तथा स्वास्थ्य सेवा प्रदान भैरहेको छ । आमा सुरक्षा कार्यक्रम, खोप सेवा, परिवार नियोजन तथा गाउँघर क्लिनीकहरुबाट खोप तथा भिटामिन 'ए' साथै २ वर्ष मुनीका बालबालिकाको वृद्धि अनुगमन निरन्तर भैरहेका छन । सुरक्षित आधुनिक सौचालय प्रयोग गर्ने घरधुरी न्युन छन भने सफा पिउनेपानीको सुविधा सबै वडाका सबै घरधुरीमा पुग्न सकेको छैन । बड्दो संचार सुविधाको बावजुद पनि नागरिकको पोषण सम्बन्धि चेतनास्तर न्यून छ । परिबर्तित जिवनशैलीसँगै खाने बानीब्यबहारमा परिवर्तन

आएका कारण पत्रु खानाको प्रयोग बढ्दो छ । विशेषतः पत्रु खानाको प्रयोग विद्यालय उमेरका बालबालिकाहरुमा बढी पाइएको छ । किशोरी, गर्भवती महिला तथा आमाहरुको पोषण सम्बन्धी ज्ञान तथा चेतनाको स्तर न्यून रहको छ ।

कुपोषणका यी समस्याहरु समाधान गर्न बालबालिका तथा किशोरकिशोरीहरुको लागि पोषण कार्यक्रमलाई व्यापक रुपमा विद्यालय स्तरमा पनि विस्तार गर्नुपर्ने हुन्छ । यसको लागि विद्यालयसँग समन्वय गरी अविभावक, विद्यार्थी र शिक्षकहरु मार्फत पोषणको बारेमा पर्याप्त सूचना तथा सन्देश प्रवाह गर्न जरुरी छ । विद्यालय खाजा कार्यक्रम अर्को महत्वपुर्ण पोषण तथा सामाजिक सुरक्षाको कार्यक्रम हो यसले विद्यालयमा विद्यार्थीको उपस्थिति बढ्नुको साथै उनीहरुको स्वास्थ्य र पोषण अबस्थामा पनि सुधार ल्याउँदछ त्यसैले यस कार्यलाई निरन्तरता दिने र आधारभूत स्वास्थ्य तथा पोषण सेवालाई प्रभावकारी बनाउन, कुपोषण, बाल तथा मातृ मृत्युदरलाई शुन्यमा झार्ने गाउँपालिकाको दिर्घकालिन उद्देश्य रहेको छ ।

**अपेक्षित उपलब्धि तथा क्रियाकलापहरुः**

**४.१** गर्भवती महिला, आमा, हजुरआमा, किशोर-किशोरीहरुको पोषण सम्बन्धी ज्ञान तथा चेतना ८० प्रतिशतले अभिवृद्धि भएको हुनेछ ।

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | | | | | | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| गाउँपालिकाका सबै वडाहरुमा गैर सहकारी संस्थाहरुको साझेदारीमा पोषण तथा सरसफाइ सम्बन्धी 'पोषण शिक्षा' कार्यक्रम सञ्चालन गरि कम्तिमा १५०० गर्भवती महिला, ५ वर्ष मुनीका बच्चाका आमा तथा हजुरआमाहरुको पोषण सम्बन्धि ज्ञान तथा चेतना अभिवृद्धि गर्ने | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५० आमा समुहमा १५ हप्ताको पोषण शिक्षा सञ्चालन गर्ने |
| सबै वडाहरुमा स्वस्थ्य बच्चा प्रर्दशनी तथा पुरस्कार | ९ | ९ | ९ | ९ | ९ | ४५ | |
| सबै गाउँघर क्लिनीक र स्वास्थ्य चौकिहरुमा पोषण कर्नरको व्यवस्था गरी खाद्य तथा पोषण प्रदर्शनी स्थलको निर्माण तथा १५०० आमा तथा गर्भवती महिलाहरुलाइ पोषण शिक्षा दिने | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |

**४.२** करेसाबारीको प्रवर्धन, सरसफाइमा सुधार, खाद्य वस्तुको उचित भण्डारण/पाक शिक्षा तथा पोषणयुक्त सन्तुलित खाना तथा व्यवहारमा सुधार भई ९५% घरपरिवारको पोषण स्थिती, घर तथा वाताबरणीय सरसफाईमा सुधार हुनेछ

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | | | | | | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| करेसाबारीको विस्तार तथा प्रवर्धन (तरकारीको बीउ बितरण तथा जनचेतनामुलक क्रियाकलाप हरेक वडामा आमा समुह मार्फत सन्चालन गर्ने) | ९ | ९ | ९ | ९ | ९ | ४५ | ६० प्रतिशत परिवारले करेसाबारीको विस्तार गर्नेछन |
| खाद्य वस्तुहरुको सुरक्षित भण्डारण सरसफाई तथा पाक शिक्षा 'पोषण शिक्षा' सम्वन्धी महिला स्वयंसेबिकाहरुलाई ३ दिने तालिम | ९ | ९ | ९ | ९ | ९ | ८१ | हरेक वडामा १/१ वटा तालिम बार्षिक रुपमा सन्चालन हुने |
| सफा खानेपानीका लागि 'एक घर एक धारा' सबै वडाका सबै घरपरिवारसम्म पुऱ्याउने | √ | √ | √ | √ | √ | ९५ % | ५ बर्षभित्र ९५% घरपरिबारले सो सुबिधा पाउने छन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सबै वडाका सबै घरधुरीमा सुरक्षित सौचालयको निर्माण/प्रवर्धन गर्ने | √ | √ | √ | √ | √ | ९० % | ५ बर्षभित्र ९०% घरपरिबारले चर्पिको प्रथोग गर्ने छन |
| सरसफाई सम्बन्धी जनचेतनामुलक क्रियाकलाप सञ्चालन | √ | √ | √ | √ | √ | | 'पोषण शिक्षा' मा समवेस गर्ने |

**४.३** नेपाल सरकार, स्वास्थ्य मन्त्रालय मातहत सञ्चालित विभिन्न पोषण प्रवर्धन तथा सरसफाई सम्बन्धि जनचेतनामुलक क्रियाकलापहरुको नियमित सञ्चालन तथा आधारभूत स्वास्थ्य तथा पोषण सेवा स्थानीय स्तरमा उपलब्ध भएको हुनेछ

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | | | | | | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| २ वर्षमुनीका बच्चाहरुको वृद्धि अनुगमन (Growth Monitoring) | √ | √ | √ | √ | √ | १०० % | २ वर्षमुनीका १००% बच्चाहरुको वृद्धि अनुगमन |
| २ वर्षमुनीका बच्चाका आमाहरुलाई बृद्दि अनुगमनको समयमा महिला स्वयंसेविका बाट पोषण सम्बन्धी शिक्षा दिने | √ | √ | √ | √ | √ | | ९८ % आमाहरु लाभान्वित हुनेछन । |
| ANC – PNC Check Up | √ | √ | √ | √ | √ | | १०० % आमाहरु तथा बच्चाहरु लाभान्वित हुने |
| विभिन्न किसिमका खोप (Vitamin A, जुकाको औषधि खुवाउने, Polio and other Vaccination) | √ | √ | √ | √ | √ | | १०० % बच्चाहरु लाभान्वित हुनेछन् |
| पोषण पुर्नस्थापना केन्द्रको सञ्चालन तथा सेवा | √ | √ | √ | √ | √ | | निरन्तर सेवा हुनेछ |
| सुनौला हजार दिनसँग सम्बन्धित क्रियाकलापहरु | √ | √ | √ | √ | √ | | निरन्तर हुनेछ |

**४.४** किशोर/किशोरीहरुको पोषण प्रवर्धन तथा विद्यालय दिवा खाजा कार्यक्रम नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा निर्दिष्ट कार्यविधि अनुसार सबै विद्यालयहरुमा सञ्चालन गरि विद्यालय स्तरका बालबालिका/किशोर/किशोरीहरुको पोषण सम्बन्धी आधारभूत ज्ञान तथा चेतना अभिवृद्धि भएको हुनेछ

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | | | | | | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| किशोर/किशोरीहरुका लागि विद्यालयमा पोषण शिक्षा | √ | √ | √ | √ | √ | | १० देखि १८ बर्षका बिद्यालय जाने किशोर/ किशोरीहरु |
| विद्यालयका शिक्षकहरुका लागि किशोर किशोरीहरुको पोषण सम्बन्धी तालिम | १ | २ | २ | २ | | ५ | ३ दिने ५ वटा तालिमबाट १०० जना शिक्षकहरुले विद्यालयका किशोर/ किशोरीहरुलाई विद्यालयमा पोषण शिक्षा दिनेछन् |
| विद्यालयमा करेसाबारी निर्माण | | ५ | ५ | | | १० | १० वटा विद्यालयमा नमुना बनाउने |
| पाँच कक्षासम्मका लागि विद्यालय दिवा खाजा सञ्चालन तथा व्यवस्थापन | √ | √ | √ | √ | √ | √ | नेपाल सरकारको कार्यबिधी अनुसार |

**उद्देश्य ५** खाद्य तथा उत्पादन सामग्रीहरुको पहुँच वृद्धि गर्न आधारभूत पूर्वाधारको (सडक, बिजुली, खानेपानी, सिँचाइ, संचार र स्थायी बजार) वृद्धि गरि गाउँवासिको आर्थिक अवस्थामा सुधार गर्ने

खाद्य सुरक्षा बहुक्षेत्रिय बिषय भएकोले यो उद्देश्य परिपूर्ती गर्न कृषि, बन, पर्यावरण, शिक्षा, स्वास्थ्य, पोषण, रोजगारी तथ आधारभूत पूर्वाधार (सडक, बिजुली, खानेपानी, सिँचाइ ,संचार र स्थायी बजार) को विकास गरि आधारभुत सेवा तथा सुबिधाहरुको पहुँच सहज हुनुपर्दछ । तसर्थ राक्सीराँङ गाउँपालिकाले यो आवधिक योजना अवधिमा आधारभूत पुर्बाधार बिषेषतः सडक, बिजुली, खानेपानी, सिँचाइ, तथा स्थायी बजारको निर्माणमा जोडदिएको छ । सुगम गाउँपालिकाको पहिचानका लागि सडकहरुको स्तरोन्नती एवं पक्कि सडक निर्माणमा जोड दिँदैआएको छ भने "एक वडा एक मुल सडक" को अवधारणा अनुरुप सबै वडाहरुमा सडक संजाल निर्माणको काम भैरहेको छ । यस गाउँपालिकालाई विद्युतिय सेवा बढाउन केन्द्रिय लाईन जडान कार्य सुरु भैसकेको छ साथै कृषि उत्पादन बढाउन लधु तथा साना सिंचाईहरुको निर्माणमा जोड दिईने छ ।

**५.१** निजी क्षेत्र तथा सहकारीहरुको सहकार्यमा गाउँपालिका भित्र सुविधा सम्पन्न 'कृषि थोक बजारको' निर्माण व्यवस्थापन तथा सञ्चालन कार्यविधी तयार भई सञ्चालन भएको हुनेछ ।

यस गाउँलिकामा अधिकांश कृषकहरुले वर्षौ देखि भोल्दै आएको मुल समस्या स्थायी कृषि बजारको अभाव रहेका छ । कृषि व्यवसायमा विचौलियाहरुको ठूलो हस्तक्षेप रहेको कारण कृषकहरुले कृषि उपजको उचित मुल्य पाएका छैनन् । यस गाउँपालिकाको मुख्य बजार मनहरी तथा भण्डारा रहेका छन् भने हेटौडा तथा चितवन बैकल्पिक बजार हुन । सामान्यत बर्षा यामका ४ महिना यातायात अवरोध हुने भएकाले बजारको पहुँच हुँदैन जसका कारण जीवन बढि कष्टकर रहन्छ । कृषि पेशा मर्यादित छैन भने युवाहरु कृषि क्षेत्रबाट पलायन भएका छन् । कृषि पेशा व्यवसायिक र मर्यादित बन्न नसक्नुको मुल कारण स्थाई कृषि बजार नहुनु र उत्पादनको उचित मुल्य प्राप्त नहुनु हो । यस समस्यालाई केही हदसम्म सम्बोधन गर्नका लागि पालिकाले पब्लिक/प्राईभेट तथा सहकारी मोडेलमा सञ्चालन हुने गरी **'थोक कृषि बजार'** को अवधारणा कार्यान्वयनमा ल्याउने योजना बनाएको छ । यस 'थोक कृषि बजार' लाई सबै वडाहरुका कृषि संकलन केन्द्रहरुसँगको सञ्जाल निर्माण गरी उत्पादित कृषि वस्तुहरु **'थोक कृषि बजार'** मा संकलित हुनेछन् । यसरी संकलित कृषि उपजहरुलाई सीत भण्डारमा राख्ने, प्याङ्गिग तथा बजार वितरणका सबै काम 'कृषि थोक बजार' नाफा मुलक संस्थाको रुपमा सहकारी कृषक तथा प्राईभेट क्षेत्रको शेयर लगानीमा सञ्चालन गरिने छ भने स्थापना कालमा आवश्यक पूर्वाधारका लागि गाउँपालिका, प्रदेश तथा केन्द्रिय सरकारको लगानी रहनेछ ।

| क्रियाकलाप | बार्षिक लक्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| कृषि बजार सञ्चालनका लागि नीति तथा कार्यविधि निर्माण | √ | √ | √ | √ | √ | | हरेक वडामा १/१ वटा |
| कृषि थोक बजारको DPR तयार गरी त्यस अनुसारको परियोजना निर्माण तथा कार्यान्वयन | | √ | | | | | |
| कृषि थोक बजारका लागि घर/टहरा तथा अन्य पूर्वाधारको निर्माण | | | √ | √ | √ | | |
| अत्याधुनिक कोल्ड स्टोरको निर्माण तथा परिचालन कार्यविधि | | | | √ | √ | | |
| थोक कृषि बजार सञ्चालक समिति जिम्मेवारी तथा सञ्चालन विधि | | √ | √ | √ | | | |
| निजी क्षेत्र तथा स्थानीय सहकारीहरुसँग सहकार्यका लागि साभ्फेदारी सम्भ्फौता गर्ने | | | √ | | | | |
| कृषि उपज संकलन केन्द्रको स्थापना | | २ | ३ | ३ | १ | ९ | |
| संकलन केन्द्र सञ्चालन कार्यविधि निर्माण | √ | | | | | | |

**५.२** स्थानीय सहकारीहरुको नेतृत्वमा गाउँपालिकाका सबै वडाहरुमा कृषि उत्पादन सामग्री विशेषत रासायनिक मल तथा गुणस्तरीय बिउ स्थानीय स्तरमा उपलब्ध भएको हुनेछ ।

| क्रियाकलाप | | बार्षिक लक्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| स्थानीय कृसान सहकारीसँग सम्झौता गरी कृषि सामग्री भण्डारण गर्न अत्यावश्यक पूर्वाधारका लागि अनुदान सहयोग गर्ने | | √ | √ | | | २ | गाउँपालिका कार्यालय नजिक र ६, ७ का लागि पाएक पर्ने ठाउँ |
| कृषि सामग्री केन्द्र सञ्चालनका लागि साना किसान सहकारीलाई कार्यविधि बनाउन प्राविधिक सहयोग गर्ने | √ | √ | √ | | | | |
| कृषि सामग्री संस्थान तथा साल्ट ट्रेडिङ कर्पोरेसनसँग मल, बीउ तथा कृषि सामग्रीहरुको डिपो निर्माणका लागि प्रक्रिया अघि बढाउन सहकारीलाई सहयोग गर्ने | | √ | √ | | | | |

**५.३** कृषक उपभोक्ता समुह तथा कृषि सहरकारीहरुको नेतृत्वमा सम्भाव्यता अध्ययनका आधारमा शुक्ष्म तथा साना सिँचाइको विस्तार गरि हालको अबस्थाबाटबाट ३०% सिंचाइको पहुच वृद्धि गरिनेछ

| क्रियाकलाप | | बार्षिक लक्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| लघु तथा साना सिँचाईको सम्भाव्यता अध्ययन गर्ने | √ | | | | | | |
| साना सिंचाइ – कुलो निर्माण | १ | २ | २ | २ | २ | ९ | सम्भाव्यता अध्ययनका आधारमा |
| High Tech – Poly House सँगै थोपा सिँचाईको विस्तार । | | ५ | ९ | ९ | ९ | ३५ | ब्यबसायिक तरकारी खेती संगै प्रर्दसनी गर्ने |
| Plastic पोखरी को निर्माणका लागि अनुदान सहयोग | | ५ | ९ | ९ | ९ | ३२ | हरेक वडामा १/१ वटा |
| सम्भाव्यतका आधारमा सामुदायिक पोखरीको निर्माण सञ्चालन तथा सुरक्षा कार्यविधि तयार गर्ने | | २ | २ | ३ | २ | ९ | हरेक वडामा १/१ वटा |
| सोलार/Electrical Lifting बाट सिँचाई | | १ | १ | १ | १ | ४ | ब्यबसायिक तरकारीको पकेट क्षेत्र |
| वर्षाको पानी संकलनका लागि घ्याम्पो/पानी संकलन टंकि निर्माण | | १० | ५ | ५ | ५ | २५ | पानीको श्रोत नभएका क्षेत्रहरु |

# परिच्छेदः ४
# खाद्य तथा पोषण सुरक्षा योजना कार्यान्वयन

नेपाल अधिराज्यको संविधान २०७२ तथा खाद्य अधिकार तथा संप्रभुता ऐन २०७५ को अधिनमा रही यस गाउँपालिकाले पाँच वर्षे खाद्य तथा पोषण सुरक्षा रणनितीक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो ।

### ४.१ रणनीतिहरु

यस योजना कार्यान्यवन गर्न निम्नानुसारका रणनीति अवलम्बन गरिने छ ।

### ४.१.१ समुदाय परिचालन

सामुदायिक विकासका आधारभूत सिद्धान्त अनुसार यस योजनाले लक्षीत समूहको सहभागितामा जोड दिनेछ । गाउँपालिका अन्तर्गत विभिन्न जातजाति, सम्पन्न/विपन्न वा अन्य कुनै पनि वर्गका आधारमा भेदभाव नगरी सबै समुदायले समान रूपमा विकासको प्रतिफल उपयोग गर्न पाउने छन् । नेपाल सरकारले निर्दिष्ट गरेको योजना तर्जुमा तथा कार्यान्वयन नीति अनुरूप टोल, बस्ती, वडा हुँदै गाउँपालिका स्तरमा योजनाहरू निर्माण गरी तदअनुसार तल्लो तहसम्म विकासको प्रतिफल पुचाइने छ । खाद्य तथा पोषण सुरक्षाको विद्यमान अवस्था, भोकमरी तथा गरिबीको रेखामुनि रहेका घरपरिवारको आर्थिक तथा सामाजिक विषयलाई नीतिगत रूपमा प्राथमिकता दिइनेछ । समुदाय परिचालन तथा जनसगभागिता प्रभाबकारी बनाउन हरेक वडामा गाउँपालिकाले एक एक जना तालिम प्राप्त सामुदायिक परिचालक नियुक्त गरि वडा स्तरमा भएका सवै समुह तथा उपभोक्त समितिहरुको सकृय सहभागितामा विकाशका कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

### ४.१.२ स्रोत साझेदारी

गाउँपालीकासँग उपलब्ध सीमित साधन तथा स्रोतले मात्र खाद्य तथा पोषण सुरक्षाको समग्र समस्याहरु सम्बोधन गर्न सम्भव नभएको अवस्थामा गाउँपालीकाले स्थानीय संघ/संस्था निजिक्षेत्रसँग साझेदारी गरि यस कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने रणनीति अबलम्वन गर्नेछ । स्थानीय संघ, संस्था, निजी क्षेत्र, अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरू तथा विभिन्न निकायहरूसँग समन्वय गरी खाद्य सुरक्षित तथा समृद्ध गाउँपालिका निर्माणको उद्देश्य हासिल गर्ने छ ।

राक्सिराङ्ग गाउँपालिकाको सिमीत साधन तथा श्रोत भएकोले यस रणनैतिक योजनाको लक्ष्य हासिल गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी कृषि तथा पशुपंछी विकास परियोजनाहरु अगाडि बढाइने छन् । कृषि थोक बजार निर्माण गरी कृषि उपज तथा कृषि सामग्रीहरु सहज वितरण गर्न गाउँपालिकाले एक्लै सम्भव छैन । यसका लागि कृषि मन्त्राल, कृषि तथा पशुपन्छी व्यवसाय प्रर्बधन महाशाखासँग समन्वय गरी आबस्यक पूर्वाधार निर्माण गरिनेछ । उक्त थोक कृषि बजार केन्द्रको स्थापना, व्यवस्थापन गर्न गाउँपालिकाले कार्यविधि तयार गरी त्यसै अनुरुप स्थानीय सहकारी, निजी क्षेत्र तथा कृषक समुहको संयुक्त लगानीमा सञ्चालनमा ल्याउने रणनीति अबलम्बन गर्ने छ । यसैगरी पर्यटन प्रर्वधन का लागि पैदल मार्ग निमाण, होम स्टे तथा पर्यटनका लागि आबस्यक पूर्वाधारका लागि प्रदेश तथा संघीय सरकारबाट श्रोत विनियोजन प्रक्रिया अघि बढाइ निर्माण सम्पन्न गरिने छ । खाद्य तथा पोषण सुरक्षासँग सम्बन्धित परियोजना अवधारणा (Project Concept) तयार गरी दातृ निकायसँग समन्वय तथा साझेदारीमा कार्यान्वयन अघि बढाई खाद्य अधिकारको सुनिश्चित गरिने छ ।

### ४.१.३ सामुदायिक सशक्तीकरण

आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका, महिला तथा युवाहरुलाई उद्यमशीलता तथा व्यवसायिक दक्षता अभिवृद्धि गर्दै स्थानीय श्रोतमा आधारित उद्यमहरुको वृद्धि गरिने छ । विकासका प्रतिफल सबै समुदाय, महिला, युवा, सामाजिक आर्थिक रूपमा पछाडि परे/पारिएका समुदायसम्म पुचाउनका लागि सामुदायिक सशक्तीकरण महत्वपूर्ण हुनेछ । गाउँपालीकाले खाद्य तथा पोषणको स्थिति सुधार गर्न जोखिममा रहेका समुदाय जस्तै चेपाङ, तामाङ्ग, दलित, जनजाति, महिला तथा बालवलिकाहरूलाई सङ्गठित गरी उनीहरूको पहुँच अभिवृद्धि गर्ने छ । छरिएर रहेका घरपरिवारलाई विभिन्न समूहमा आबद्ध गराउने, योजना निर्माण तथा कार्यान्वयन प्रक्रियामा सक्रिय सहभागी गराउने, हरेक वडाहरूमा छरिएर रहेका कृषक समूह, महिला समूह, बाल समूह, सामुदायिक वन उपभोक्ता समूह आदिका संस्थागत क्षमता अभिबृद्धि गर्ने तथा गाउँपालीकासँग आवद्ध गराई विकास निर्माणमा सकृय सहभागी गराइने छ ।

### ४.१.४. स्थानीय संरचना तथा पूर्वाधार विकासमा जोड

खाद्य तथा पोषण सुरक्षाले विभिन्न क्षेत्रहरू समेटेको छ । यो विषय खाद्य उपलब्धता (कृषि, पशुपालन र वन), बजार, आर्थिक तथा खाद्य उत्पादनका साधन स्रोत माथि समुदायको पहुँच, दिगो वितरण प्रणाली, स्थानीय संरचना तथा पूर्वाधारको समग्र पहुँच हुन आवश्यक छ । गाउँपालीकाले सुरुदेखि नै आधारभूत पूर्वाधार निर्माणमा जोड दिँदै आएको छ । आगामी पाँच वर्षभित्रमा गाउँपालिका भित्रका हरेक बाटोहरूमा नियमित रूपले गाडी चल्न सक्ने सडक निर्माण र सञ्चालनमा जोड दिएको छ । सबै वडाहरूमा उपलब्ध पानीको स्रोतको अधिकतम उपयोग गरी एक घर एक धारा निर्माणमा जोड दिइने छ भने सम्भावना देखिएका साना तथा मझौल सिँचाइ कुलोको निर्माण गरिनेछ । सडक, बिजुली, तथा संचार सेवालाई सुधार गरि सुगम राक्सिराँङ्गको पहिचान गराइने छ । स्थायी सडक संजालले सबै वडाहरूमा उत्पादित खाद्य उपज तथा उत्पादन सामग्रीहरुको पहुच बृद्धि भई गरिबी तथा भोकमरीलाई शून्य स्थितिमा ल्याउन ठूलो योगदान पुग्ने छ ।

### ४.१.५. सामुदायिक सुसाशन

विकासको प्रतिफल समुदायस्तरमा पुचाउनका लागि सुशासन, पारदर्शिता सहभागिता तथा जवाफदेहिता अपरिहार्य रहेको छ । गाउँपालीकाले संविधान, प्रचलित कानुन तथा सङ्घीय गणतान्त्रिक नेपालका नीति तथा कार्यक्रममा आधारित भएर नीति तथा कार्यक्रमहरूलाई पारदर्शी रूपमा कार्यान्वयन गर्ने छ । सुशासनका मूल आधारहरूलाई (जनसहभागिता, पारदर्शिता, जवाफदेहिता, कानुनी राज्य, समानता र समावेशिता) कार्यान्वयन गरी सामुदायिक सुशासन सुनिश्चित गरिने छ ।

### ४.१.६. आर्थिक सामाजिक रूपमा पछाडि रहेका समुदाय, परिवार, महिला तथा युवाहरुलाई प्रथमिकता

युवा जनशक्ति गाउँबाट विस्तारै पलायन भैरहेको अवस्थामा उनीहरूलाई कृषि क्षेत्रमा आर्कषण गर्न र रोजगारमूलक व्यवसायिक सीप प्रदान गरि रोजगारी बढाउन गाउँपालिकाले रोजगारी/स्वरोजगारीका क्षेत्रहरूको अध्ययन गर्ने तथा ती क्षेत्रहरूमा युवाहरूको क्षमता अभिबृद्धि गरि उनीहरूलाई स्वरोजगारीका अवसर सृजना गर्ने नीति अबलम्वन गर्ने छ । तालिमप्राप्त युवाहरूको व्यवसायिक योजनाका आधारमा व्यवसाय सञ्चालनका लागि वित्तीय संस्थाहरूसँग ऋणका लागि सिफारीस गर्ने तथा उक्त ऋणको सही उपयोग भए/नभएको अनुगमन गर्ने छ । साथै उनिहरुको व्यवसायिक योजनाका आधारमा न्यून आर्थिक स्थिति भएका र सामाजिक रूपमा पछाडि रहेका युवाहरूलाई व्यवसाय सञ्चालन गर्न आर्थिक सहयोग गर्ने रणनीति लिइनेछ ।

### ४.१.७ कृषि योग्य भूमी व्यवस्थापन नीति

कृषिक्षेत्रबाट युवाहरु पलायन भइ कृषियोग्य जमिनहरु बाँझो रहने अवस्था बढ्दै गैरहेको परिप्रेक्षमा गाउँपालिकाले कृषि योग्य जमिनको भू-व्यवस्थापन नीति तयार गरि दिर्घकालिन कबुलियत खेतीको रणनिती अवलम्बन गर्ने छ । बाँझो जमिन विशेषत धेरै भिरालो कृषि जमिनमा संरक्षित कृषि प्रणाली/कृषिवन प्रणालीलाई प्रोत्साहन गर्न उत्पादनका आधारका अनुदान दिने रणनिती लिइने छ । साथै उक्त क्षेत्रका कृषकहरुलाई उच्च मुल्यका बाली तथा जडिबुटी खेतीमा अभिप्रेरित गरि अनुदानको व्यवस्था गरिने छ । कृषि तथा बनको बढ्दो अतिक्रमण रोक्न केन्द्रिय सरकारको समन्वयमा भू-व्यवस्थापन नीति प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

### ४.१.८ उत्पादन परिमाण तथा समुहगत अनुदान

उत्पादन परिमाण तथा समुहगत अनुदानकालागि व्यवसायिक कृषकहरुलाई अनुदान दिने रणनीति अवलम्बन गरिने छ । यसका लागि कृषकहरुको अद्यावधिक अभिलेख तयार गरि कृषकहरुलाई वर्गीकरण गरिने छ । कृषकहरुको उत्पादनको परिमाण लागत स्थानीय कृषक समुह तथा सहकारीहरुले अद्यावधिक राख्नु पर्ने छ भने गाउँपालिकाले वार्षिक रुपमा उत्पादन परिमाणको आधारमा अनुदान दिने रणनीति लिनेछ । गाउँपालिकाबाट उपलब्ध उत्पादन अनुदानलाई नतिजामुखी बनाउन सर्सत अनुदान नीति निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।

### ४.१.९ सार्वजनिक खर्च प्रणालीको पारदर्शिता तथा जवाफदेहिता

सार्वजनिक खर्च प्रणालीको पारदर्शिता तथा जवाफदेहिता कायम गर्न आधुनिक सुचना प्रणलीको माध्यमबाट एकीकृत सार्वजनिक बित्त व्यवस्थापन गर्दै सार्वजनिक भुक्तानी व्यवस्थालाई पूर्ण रुपमा विद्युतीय प्रणालीमा आधारित बनाइने छ । आवधिक योजना, वार्षिक योजना तथा बजेट बिच तादाम्य कायम गरि कार्यक्रमको प्राथमिकीकरण, श्रोतको सुनिस्चितता तथा सार्वजनिक खर्चलाई नतिजासँग आवद्ध गरिने छ । यसका लागि आवधिक तथा मध्य कालिन रणनैतिक योजना निर्माण गरी आवधिक, मध्यकालिन नतिजा खाका सहित मद्यकालिन/आवधिक खर्च प्रणालीको व्यवस्था मिलाइने छ । स्थानीय तहका

आवधिक तथा मध्यकालिन योजना निर्माण, बजेट तयार गर्ने तथा गुणस्तरीय रुपमा कार्यक्रमहरुको कार्यान्वयनसँग सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा थप कर्मचारीको व्यवस्था गरिने छ ।

### ४.१.१० रोजगारी तथा आय आर्जनका अवसरहरुको वृद्धि

गाउँपालिका क्षेत्रमा सामुदायिक सहयोगीहरु परिचालन गरी कृषि समुह र सहकारी तथा सामुदायिक संस्थालाई बचत गर्ने तथा लगानीलाई प्रतिफल/नतिजा मुखी बनाउन आवश्यक नीति तथा निर्देशिका बनाइ अनौपचारिक वित्तिय क्षेत्रको नियमन, व्यक्तिगत, संस्थागत र वैदेशिक रोजगारीको बचतलाई उत्पादन तथा उद्यमशीलताको क्षेत्रमा परिचालन गर्ने रणनिती अपनाइने छ । गैह्र सरकारी संस्थाहरुसंगको साझेदारीलाई प्राथमिकताका साथ अधि बढाइने छ भने उद्योगजन्य क्षेत्रहरुको पहिचानगरि निजी क्षत्रको लगानी आकर्षित गर्ने नीति अबलम्बन गरिने छ । कृषिमा आधारित उद्योगहरुको स्थापनाका लागि निजी क्षेत्रको लगानी आर्कषक गर्ने वातावरण सिर्जना गर्न नीति तथा कार्यविधिको निर्माण गरिने छ ।

### ४.१.११ एकिकृत कृषि प्रसार सेवा

एकिकृत कृषि प्रसार सेवा तथा गुणस्तरिय उत्पादन सामग्रीको सुनिश्चितता, कृषकहरुलाई उत्पादन सामग्रीहरु र प्राविधीक सेवा गुणस्तरिय रुपमा स्थानिय स्तरमा उपलब्ध गराउन मौजुद कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सँग समन्वय गरि गाउँपालिकामा कार्यरत कृषि/पशु सेवा प्राविधीक तथा अधिकृतिहरुको क्षमता अभिवृद्धि गरिने छ । साथै कृषि सामग्रीको आपूर्ति, कृषि प्रसार, कृषि शिक्षा, कृषि ऋण, कृषि बिमा जस्ता आधारभूत कृषि सेवालाई एकीकृत रुपमा एउटै थलोबाट उपलब्ध गराउने कार्य निती अवलम्बन गरिनेछ । कृषिको व्यवसायिककरण अभिवृद्धि गर्न करार, समुह वा सहकारी खेतीको लागि भुमीको व्यवस्था तथा लगानी प्रोत्साहन गरिनेछ ।

### ४.१.१२ खाद्य उपलब्धता, पँहुच तथा पोषण सुरक्षाको सुनिश्चितता

विद्यमान खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को अधिनमा रहि संकटासन्न अवस्थामा रहेका घरधुरी, ज्येष्ठ नागरिक, अपाङ्ग तथा आशक्तहरुका लागि विशेष एकिकृत कार्यक्रम संचालन तथा सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत खाद्यमा पहुँच बढाइने छ । सिमान्तकृत तथा खाद्य सुरक्षाको जोखिम रहेका घरधुरीको पहिचान तथा तथ्यांङ्क अद्यावधिक, त्यस्ता घरधुरीहरुलाई समुहमा तथा सहकारीमा आवद्ध गराई करार तथा सामुहिक खेतीमा प्रोत्साहन, उद्यमशीलता तालिमद्वारा लघु उद्यममा प्रोत्साहन गरी खाद्य उपलब्धता तथा पहुँच वृद्धि गर्दै लगिने छ । स्थानीय/रैथाने खाद्यवाली तथा पशुपंक्षीको संरक्षण, संवर्धन तथा प्रचार प्रसार तथा समुदायको खानपान तथा व्यवहारमा सुधार गरि पोषणको अवस्था सुधार गरिने छ । खाद्य जोखिममा रहेका परिवारका लागि स्थानीय स्तरमा जगेडा खाद्य भण्डार (Buffen Storage), निजी, सामुदायिक वा सहकारीसँगको साझेदारीमा स्थापना गरी खाद्यान्नको सुलभ वितरणको व्यवस्था मिलाइने छ । खाद्य तथा पोषण सुरक्षा सुनिश्चि गर्नका लागि खाद्य अधिकार समन्वय समितिको गठन तथा कार्य जिम्मेवारी सहित परिचालन गरी संस्थागत गरिने छ ।

### ४.१.१३ कृषक लगानि कोषको कार्यान्वयन

कृषक लगानि कोष कार्यक्रमको कार्यान्वयनका लागि गाउँपालिकाले आबस्यक नीति, निर्देशिका तथा कार्यविधी तयार गर्ने छ । यसकालागि नगरपालिकाले स्थानीय कृषि सहकारीहरुसंग साझेदारी गरि नीतिगत तथा कानूनी प्रक्रिया अगाडि बढाइने छ भने केन्द्रिय र प्रदेश सरकारसँग साझेदारी तथा समन्वय गरि कृषक लगानि कोष सन्चालन गर्न कार्ययोजना तयारगरि प्रक्रिया अघि बढाइनेछ । कृषकहरुको पहिचान, वर्गिकरण, तथा तथ्याङ्ककहरुको अद्यावधिक गरि कृषक परिचय पत्र बितरण गर्ने, कृषकहरुको वार्षिक आम्दानी स्वघोशित गर्न लगाई त्यसका आधारमा चौमासिक रुपमा कृषक लगानी कोषमा कृषकहरुलाइ आवद्द गराइँदै लगिने छ । कृषक लगानि कोषबाट संपूर्ण कृषकहरुको दिर्धकालिन सामाजिक सुरक्षा, व्यसायिक मर्यादा तथा आर्थिक लगानिमा पहुँच वृद्दिभइ कृषकहरुको संस्थागत पहिचान अभिवृद्धि हुने अपेक्षा लिईएको छ ।

## ४.२ नीतिगत व्यवस्था

**४.२.१.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रही हरेकवर्षको नीति तथा कार्यक्रमहरू यस खाद्य तथा पोषण योजनाको खाकाका अधारमा तयार गरी सोहीअनुसारको बजेट विनियोजन गरिने छ ।

**४.२.२.** यस योजनाले निर्दिष्ट लक्ष्य तथा नतिजाहरू हासिल गर्न सामुदायिक परिचालन महत्वपूर्ण देखिन्छ । सामुदाय परिचालनका लागि नगरपालिकाले स्थानीयस्तरमा कार्यरत गैहृसरकारी संस्थाहरूसँग साझेदारी गरी सामाजिक परिचालकहरू

हरेक वडाहरूमा व्यवस्था मिलाउने छ । यी सामाजिक परिचालकहरूको मुख्य भूमिका समूहको पहिचान गर्ने, सबै घरपरिवारलाई उपयुक्त समूह (वन, कृषि, सिँचाइ, खानेपानी, वातावरण सरसफाइ आदि) सँग आबद्ध गराउने, कृषि र आमा समूहको कार्ययोजना तयार गर्न सहयोग गर्ने, वचत तथा ऋण सञ्चालन गर्ने विभिन्न तालिम, तथा अभिमुखीकरण कार्यक्रमको लागि सहभागी छनोटमा समूह छलफल गरी निर्णय गराउन लगाउने तथा तालिमपछि उक्त व्यक्ति वा समूहले काम गरे नगरेको अनुगमन गरी सम्बन्धित विषयगत प्राविधिकलाई सूचना दिनु हुनेछ ।

**४.२.३** गाउँपालिकासँग हाल कृषि प्राबिधीक तथा विशेषज्ञहरू कम भएको अवस्था छ । विषयगत विशेषज्ञको अभावमा यी कार्यक्रमहरूको सही नेतृत्व, पर्याप्त अनुगमन तथा उचित कार्यान्वयन हुन सक्तैन । गाउँपालिकाले प्रदेश तथा सङ्घीय सरकारसँग विषयगत विशेषज्ञका लागि समन्वय गर्ने तथा स्थानिय तहबाट  क्रमश परिपूर्ति गर्ने नीति अबलम्वन गर्ने छ र यसको अलावा गाउँपालिकाको आफ्नो लगानीमा स्थानीय यूवाहरुलाई प्राविधिकको रुपमा विकास गरी परिचालन गर्ने छ ।

**४.२.४.** विपन्न तथा सीमान्ताकृत समुदाय/वर्ग (विशेष गरी तामाङ् चेपाङ र दलित आदि) तथा जोखिममा रहेका नागरिकको लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गरी खाद्य, भूमि, आवास र रोजागरी सुविधाको लागि पाहल गरिने छ ।

